लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

वर्ष १५, अंक ४२, २०७९ जेठ १३ गते शुक्रबार (May 27, 2022) मूल्य रु. १०/- मु.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

## भक्तपुरमा जि.स.स.को चर्चा

भक्तपुर/ भक्तपुर जिल्लामा अब कसको नेतृत्वमा जिल्ला समन्वय समिति (जि.स.स.) बन्ला भनी चर्चा शुरु भएको छ। यस जिल्लामा चारवटा नगरपालिकाहरु रहेकामा नेपाली कांग्रेसले दुइटा नगरपालिकाको प्रमुख जितेर ठूलो दल बने पनि उसले समेत स्पष्ट बहुमत पाएको अवस्था छैन । चार पालिकाका प्रमुख र उपप्रमुखहरुको हिसाब जिल्ला समन्वय समितिका लागि हुने गर्दछ। यस हिसाबले चार पालिकाका आठ जनाको हिसाब हुने गर्दछ। कांग्रेसले चाँगुनारायण र मध्यपुर थिमीको नगरपालिकामा प्रमुख जितेको छ। यसैगरी नेकपा (एमाले) ले सूर्यविनायक नगरपालिकाको प्रमुख र उपप्रमुख तथा चाँगुनारायण न.पा.को उपप्रमुख जितेको छ। उता, भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले एकलौटी रुपमा जितेको छ। भक्तपुर नगरपालिकामा सबै वडाध्यक्षमा नेमकिपाका उम्मेदवार विजयी भएका छन्। यसरी नेमकिपाको भागमा पनि भक्तपुर न.पा.का प्रमुख र उपप्रमुख गरी दुईजना छन्। यसैगरी मध्यपुर थिमीमा नेकपा (माओवादी केन्द्र) ले कांग्रेसको साथ पाएर उपप्रमुखमा जितेको छ।

यस्तो अवस्थामा भक्तपुरको निर्वाचन परिणामलाई हेर्ने हो भने चाँगुनारायणमा कांग्रेसका जीवन खत्री नौ हजार पाँच सय

(बाँकी अन्तिम पृष्ठमा)

# निर्वाचनमा गठबन्धन सफल

## □ कांग्रेसमाथि जिम्मेदारी □ माहौल फेरियो

भक्तपुर/ बैशाख ३० गते भएको स्थानीय निर्वाचनको केही पालिकाको बाहेक सबैजसो पालिकाको निर्वाचन परिणाम सार्वजनिक भएका छन्। पछिल्लो अवस्था अनुसार काठमाडौं महानगरपालिकाको आज शुक्रबारसम्ममा मतगणना सम्पन्न हुने अनुमान गरिएको छ। यसैगरी केही पालिकामा मतगणनको थालनी नै पछि गरिएकाले तिनीहरुको मत परिणाम आउन बाँकी नै छन्। यसैगरी बाजुराको एउटा पालिकाको मतदानको विषयलाई लिएर निर्वाचन आयोगले कुनै निर्णय नदिएका कारण त्यहाँको मतगणना प्रारम्भ हुन पाएको छैन। हालसम्मको मत परिणामलाई आधार मान्दा सत्तारुढ दल नेपाली कांग्रेस सबैभन्दा ठूलो दलको रुपमा उदाउन पुगेको छ। यस पटकको निर्वाचन परिणामले कांग्रेसको लोकप्रिय मत बढ्नुको साथै कांग्रेसलाई २०४९ सालको स्थानीय निर्वाचनको अवस्थामा पुऱ्याइदिएको छ।

यस पटकको निर्वाचन अलि फरक ढंगबाट भएको थियो। पहिलेका निर्वाचनहरुमा दलहरु आफ्नै ढंगबाट छुट्टाछुट्टै प्रतिस्पर्धामा उत्रिने गरेका थिए। गत स्थानीय निर्वाचनताका केही स्थानमा चुनावी तालमेल भएका थिए भने गत संघीय र प्रदेशको निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले देशव्यापी रुपमा तालमेल गरेका थिए। एउटा दलको तर्फबाट उम्मेदवारी परेको पदमा अर्को दलले उम्मेदवार नै उठाएका थिएनन्। पछि उनीहरुले दुवै दललाई



एकीकरण गरेका थिए। उनीहरुको एकीकरण तीन वर्ष पनि टिक्न सकेन। अहिले उनीहरु पहिलेकै अवस्था अर्थात् छुट्टाछुट्टै दलको रुपमा रहन पुगेका छन्। त्यो बेला एमालेले हृदयेश त्रिपाठीको समूहसँग समेत तालमेल गरी उम्मेदवार बनाएको थियो। त्यो समूहले एमालेको निर्वाचन चिन्ह लिएर निर्वाचनमा उठको मात्र होइन कि निर्वाचित नै भएका थिए। एमालेको निर्वाचन चिन्हबाट जितेर आएका उनीहरुले आफ्नो समूहलाई छुट्टै पहिचानमा राख्ने अनौठो कार्यको थालनी पनि एमाले नै गराएको थियो।

यो निर्वाचनमा भने सबैजसो दलहरुले तालमेल वा गठबन्धन बनाएर चुनावमा गए। हालको सत्तारुढ दलहरुले घोषित रुपमा गठबन्धन बनाए। एमालेले पहिले गठबन्धनको विरोध गर्दै आफ्नो दल एक्लै लड्ने भनी फूइँ हाक्यो। एमाले आफ्नो फूइँमा टिक्न सकेन। एमालेले राप्रपा नेपाल र नेपाल परिवार दलसँग घोषित रुपमा तथा अन्य दलहरुसँग स्थानीय तहमा भन्दै तालमेल गर्न पुग्यो। एमाले कतिसम्म निर्लज्ज रुपमा देखा पऱ्यो भने उसले कांग्रेसबाट कारबाहीमा परेका नेता गोविन्दराज जोशीका छोरासँग व्यक्तिगत गठबन्धन गर्न समेत पुग्यो। यसैगरी कांग्रेसका सभापति शेरबहादुर देउवाबाट रुष्ट भएका डडेलधुराका कांग्रेसका नेता कर्ण मल्लसँग समेत सम्झौता गरी एमालेले तालमेल गरी उम्मेदवार बनायो। एमालेले राजपा, जनमत पार्टी, राप्रपा, कांग्रेस, एकीकृत समाजवादी, माओवादी केन्द्र, राष्ट्रिय जनमोर्चा समेतसँग तालमेल तथा गठबन्धन बनाई निर्वाचनमा उत्रियो।

एमालेले यस्तो गठबन्धन वा तालमेल बनाए पनि उसले आफू जित्नु बाहेक अन्यलाई भने पछार्ने कार्य मात्र गरेको आरोप लागेको छ। यसैगरी यस पटक घोषित रुपमा गठबन्धन गरेका सत्तारुढ दलहरुले समेत समग्रमा २० प्रतिशत स्थानमा मात्र गठबन्धन गर्न पुगेका थिए। यसरी गरिएको गठबन्धनलाई धेरैजसो स्थानहरुमा मतदाताले साथ दिन रुचाएनन्।

(बाँकी अन्तिम पृष्ठमा)

## जनतालाई महंगी उपहार

भक्तपुर/ सरकारमा रहेको गठबन्धन सरकारलाई जनताले स्थानीय निर्वाचनमा हैसियतअनुसार मत दिएका छन्। जनताको प्राप्त अभिमतले नेपाली काँग्रेसले बहुमत पाई ठूलो दल र नेकपा (माओवादी केन्द्र) तेस्रो, जसपा चौथो र नेकपा (एकीकृत समाजवादी) पाँचौं दल बन्न पुगेका छन्। तैपनि जसपा र नेकपा एसले प्राप्त परिणामलाई सन्तोष ठानी नाक बजाइरहेका छन्।

'मुट्ठी रोपेर मुरीको आशा गर्ने' नेकपा एसका वरिष्ठ नेता झलनाथ खनालको गृह जिल्ला इलाममा परिणाम राम्रो नआएपछि नेकपा (एमाले) मै फर्कन साइत हेरेर बसेका छन्। नेता खनाललगायतका नेताहरुलाई जनताको भन्दा दलको प्राण रक्षा कसरी गर्ने भन्ने चिन्ता बढेको छ।

गत बैशाख ३१ गते इन्धनको मूल्यवृद्धि गरेको नेपाल आयल निगमले एक हप्ता पुग्दा जेठ ८ गतेबाट फेरि मूल्यवृद्धि गरी पेट्रोलमा प्रतिलिटर रु.१० बढाएर रु. एक सय ८० पुऱ्याएको छ भने खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिन्डर रु.दुई सय वृद्धि गरेको छ। निगमले गत बैशाख ३१ गते पनि पेट्रोल, डिजेल र मट्टीतेलमा प्रतिलिटर रु.१० बढाएको थियो। आयल निगम पनि नेपाल वायुसेवा निगमजस्तै माफिया र तस्करहरुको चङ्गुलमा फस्दा गत बैशाख मसान्तसम्म रु.४७ अर्ब घाटामा रहेको बताएर निगमले आफ्नो कमजोरी ढाकछोप गरिरहेको छ। अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धि, डलरको आकाशिँदो भाउ र रुस-युक्रेनको जारी युद्धलाई निहुँ

(बाँकी अन्तिम पृष्ठमा)

## पुत्रमोह र द्रव्यमोहले उपेन्द्र समस्यामा

विराटनगर/ स्थानीय निर्वाचन २०७९ जनता समाजवादी पार्टी (जसपा) का लागि हर्ष न विस्मात बन्न पुगेको छ। प्रमुख ३० र उपप्रमुख ३१ सिट जितेको जसपाले गठबन्धनको बुई चढेर वीरगञ्ज महानगरपालिकाको प्रमुख पनि जितेको छ। मधेश प्रदेश जसपाका लागि फलामको च्यूरा बन्न पुगेको छ। जसपाका अध्यक्ष उपेन्द्र यादवको सत्तामोह र जातिवादी सोचले पार्टीको पत्तासाफ भएको राजनीतिक वृत्तमा चर्चा चलेको छ।

राजनीतिमा विरासत कायम गर्ने उद्देश्यले सत्तागठबन्धनबाट विराटनगर महानगरपालिकामा छोरा अमरेन्द्र यादवलाई उपप्रमुखको उम्मेदवार बनाए पनि शर्मनाक पराजय व्यहोरेका छन्। यादव नेकपा (एमाले) की शिल्पा कार्कीसँग ११ हजार बढी मतान्तरले उपप्रमुखमा पराजय भएका थिए। परिवारवाद र द्रव्य मोहमा लाग्दा जसपामा अध्यक्ष यादव विरुद्ध मोर्चाबन्दी शुरु भएको जानकारहरुले बताएका छन्।

उता, संघीय परिषदका अध्यक्ष बाबुराम भट्टराईले पनि गोरखामा शर्मनाक हार व्यहोरेपछि जनताले भ्रष्टहरुलाई नै रोजेको भन्दै बर्बराउन थालेका छन्। गोरखामा माओवादीले अग्रता कायम गरेको छ। जनकपुर उपमहानगरपालिका जसपाको भागमा परेपछि अध्यक्ष यादवले

(बाँकी अन्तिम पृष्ठमा)

## निधिले नाक जोगाए, सिंहको राजनीति संकटमा

काठमाडौं। २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा काँग्रेसका नेताहरुले आफ्नो गृहनगरको वडा सुरक्षित





राख्न सकेनन्। नेपाली काँग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको दल डडेलधुराको गृहवडा गन्यापधुरा-१ मा पराजित हुन पुग्यो। काँग्रेस महामन्त्रीद्वय गगनकुमा थापा र विश्वप्रकाश शर्माको गृह नगरमा पनि उनको दलले पराजय भोग्नुपऱ्यो। उपसभापति पूर्णबहादुर खड्काको वीरेन्द्रनगरमा पनि कांग्रेसले प्रमुखमा जित हासिल गर्न सकेन। यसैगरी केन्द्रीय सदस्य भई धनगढी उपमहानगरपालिकामा उम्मेदवार बनेका नृपबहादुर वड समेत स्वतन्त्र उम्मेदवार गोपाल हमालसँग पराजित बन्न पुगे।

काँग्रेस नेता अर्जुननरसिंह के.सी.ले पनि नुवाकोटबाट आफ्नो नगर क्षेत्रमा काँग्रेसलाई जिताउन सकेनन्। वरिष्ठ नेता रामचन्द्र पौडेलले तनहुँको व्यास नगरपालिकामा काँग्रेसका उम्मेदवार बैकुण्ठ न्यौपानेलाई जिताएर आफ्नो लाज ढाके।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूको जन्मस्थान दार्चुलामा काँग्रेस

(बाँकी अन्तिम पृष्ठमा)

## सरकारी सम्पत्ति सिद्धिनुको कारक सरकार नै

**अनुशा थापा**

पछिल्लो समय सरकारी जग्गा भाडामा लगाउने क्रम बढ्दो छ। सरकारले विभिन्न प्रयोजनका लागि निर्माण गरेको भवनका सटर, खाली जग्गालगायत ठाउँहरु भाडामा लगाउने क्रम बढिरहेको छ। यता, गुठीको जग्गामा बनेको घरहरु पनि भाडामा लगाइएको छ।

कुनै विद्यालयकै कुरा गरौः विद्यालय बनेपछि बाँकी भएको खाली जग्गा त्यहाँका प्रधानाध्यापकले भाडामा दिन्छन्। त्यो पैसा राज्यलाई नबुझाइकन आफ्नै खल्तीमा हाल्छन्। त्यसैगरी, नगरपालिका, वडा, विभिन्न विभागका कर्मचारीले खाली जग्गा भाडामा दिएर आएको पैसा आफ्नै खल्तीमा हालिरहेका छन्। मुलुकभर जति पनि सरकारी कार्यालय छन्, त्यसमा सरकार र जनताको बराबरी सहभागिता छ। जनताले तिरेको करबाट सरकारी कार्यालयहरु निर्माण भएको छन्। सर्वसाधारणको कामकाजमा सहज होस् भनेर बनाइएको सरकारी कार्यालयहरु व्यापार गर्ने थलो बनेको छ।

कार्यालय वरपर छोडेको खाली जग्गामा टहरा बनाएर, भवन नै बनाएर व्यापार व्यवसाय सञ्चालन भइरहेको छ। राज्यले यसबाट सुको पनि आम्दानी गरेको छैन। राज्यले यस्ता टहराहरु हटाउन सकेको छ न भवन भत्काउन। यता, खुला ठाउँ मासिँदै गएको छ भने सरकारी जग्गा व्यक्ति र व्यापारीहरुले कब्जा गर्दै लगेका छन्।

आफ्नो वडामा कति सरकारी कार्यालय छन् यसको ठीक तथ्याङ्क वडाध्यक्षले राखेका छैनन्। भएका गुठीको जग्गा कहाँ छन् ? कतै सरकारको सम्पत्ति मासिएको त छैन भन्नेबारे वडाध्यक्षलाई केही चासो छैन। सरकारी जग्गा दुरुपयोग गरेर कतिले व्यापार व्यवसाय सञ्चालन गरेको छन् वडाध्यक्षलाई थाहा छैन।

एउटा विद्यालयभित्र स्टेशनरी पसल राख्यो भनेपनि मासिक लाखौंको व्यापार हुन्छ। तर, यसबाट राज्यलेके पाउँछ ? सरकारको सम्पत्ति दोहन गरेर विद्यार्थी ठग्नेलाई सरकारले कानूनको दायरामा ल्याउन सकेको छैन। मैले भाडा नतिरी पसल सञ्चालन गरेको छु विद्यार्थीलाई मिलाएर सामान दिऔं भन्नेबारे पसले सोच्दैनन्। उल्टै त्यो सरकारी जग्गालाई आफ्नो अड्डा बनाउन खोज्छन्। वडाध्यक्ष र प्रमुख पनि त्यस्तै ठगको पसलमा गएर सित्तैमा खाजा खाँदा सरकारी जग्गाको दुरुपयोग भएको छ। खानमा बिकेका मुलुकका जनप्रतिनिधिका कारण सरकारी सम्पत्ति हिनामिना भइसकेको छ। यता, चुनाव हार्ने डरले जनप्रतिनिधिहरुले सरकारी सम्पत्ति खोजतलास गरेको छैनन्। अर्कोचोटि यसले मत दिँदैनन् भन्ने सोच राखेका प्रमुख र वडाध्यक्षकै मिलोमतोमा सरकारी सम्पत्तिको दोहन भएको हो।

सरकारी सम्पत्तिमा व्यापार गर्नेलाई राजश्वको दायरामा ल्याउने हो भने राज्यले यहीँबाट अर्बौ रुपियाँ आम्दानी गर्न सक्छ। त्यसैगरी, सरकारी जग्गा आफ्नो नाममा

(बाँकी अन्तिम पृष्ठमा)

## भौतिक सचिवमा सिग्देल, श्रेष्ठको असारे विकासमा असिना

काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव रवीन्द्रनाथ श्रेष्ठको सरुवा भएको छ। करिब डेढ वर्ष मन्त्रालयमा सचिव बनेर एकछत्र राज गरेका श्रेष्ठलाई गत जेठ ६ गतेको मन्त्रिपरिषद् बैठकले नेपाल ट्रष्टको कार्यालयमा सरुवा गरेको हो।

ट्रष्टका गोपाल सिग्देललाई भौतिक



सचिवमा सरुवा गरिएको छ। आर्थिक वर्षको अन्त्य हुन ५० दिन बाँकी रहँदा श्रेष्ठलाई मन्त्रालयमा गन्हाएपछि सरुवा गर्न बाध्य भएको जानकारहरुले बताएका छन्। सचिव श्रेष्ठले गत वर्षको सरुवामा सडकका सिडिइहरुलाई मोलमोलाइका आधारमा सरुवा गरेर हैरान पारेका थिए।

सचिव श्रेष्ठ र मन्त्री रेणुकुमारी यादवका सल्लाहकार राजकिशोर गुप्ताको गठबन्धनले सरुवामा मन्त्री यादवलाई बद्नाम बनाएको व्यापक चर्चा चलेको थियो। सचिव श्रेष्ठको सरुवा ट्रष्टमा भएपछि सरुवा बदर गरी ऊर्जा मन्त्रालयमा जान शक्तिकेन्द्रहरुमा दौडधूप गरेका छन्। प्रधानमन्त्री शेरबहादुर देउवाको प्रशासनिक सल्लाहकार जनार्दन नेपाल र खुमलटार धाए पनि श्रेष्ठको सरुवा राष्ट्रिय सतर्कता केन्द्रमा भएको छ। राष्ट्रिय



सतर्कता केन्द्रका सुशीलबाबु तिवारी ऊर्जा तथा जलस्रोत मन्त्रालयको सचिवमा सरुवा भएका छन्। त्यसैगरी, प्रधानमन्त्री कार्यालयका मणिराम गेलाल खानेपानी मन्त्रालयमा सरुवा भएका छन् भने खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्य प्रधानमन्त्री कार्यालयमा सरुवा भएका छन्। सचिव आचार्यलाई वैवाहिक जीवनको २५ औं वर्षगाँठ मनाउने

(बाँकी अन्तिम पृष्ठमा)

## पर्यटन मन्त्रीद्वारा अधिकारीद्वय माथि भेदभाव

काठमाडौं/ पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत दुईजना अधिकारी अध्यक्ष



तथा महानिर्देशक पदमा आसीन छन्। जसमा नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारी र नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी।

कर्मचारीहरुलाई तर्साएर र धम्काएर चर्चित बनेका पर्यटन तथा नागरिक उड्डयन मन्त्री प्रेमबहादुर आलेले नेपाल वायुसेवा निगमको व्यवस्थापन र नीतिगत सुधार गर्न नसक्दा करिब ५० अर्ब रुपियाँ बराबरको ऋणको भासमा नेपाल वायुसेवा निगम डुबेको छ। निगमभित्र अध्यक्ष अधिकारी र महाप्रबन्धक डिमप्रकाश पौडेलको शीतयुद्धका कारण अधिकारीले निगमको सुधार पक्षमा राम्रो काम गर्न खोज्दा मन्त्री नै बाधक बनेर उल्टै अधिकारीलाई अवकाश दिने तयारी गरेको मन्त्रालय स्रोतले बताएको छ। अध्यक्ष अधिकारी नेकपा (ए.स.) का नेता झलनाथ खनालको सिफारिसमा नेवानिको अध्यक्षमा नियुक्त भएका हुन्।

अध्यक्षमा नियुक्त हुँदा मन्त्री आले र अधिकारीको सम्बन्ध नङ र मासुजस्तो भए पनि अहिले मन्त्री आलेलाई दक्षिणा बुझाउन नसक्दा सम्बन्ध नदीको दुई किनार जस्तै बनेको जानकारहरुले बताएका छन्। यसै पनि मन्त्री आलेको दल नेकपा (एस.) पाँचौं नम्बरमा शेयर घटेझैं तल झरेपछि मन्त्री उठ्तीपुठ्ती र असुलीमा लागेको बताइएको छ। अधिकारीले मन्त्री आलेको स्वार्थ पूरा नगरेपछि हटाउनेधन्दामा जुटेको समाचार स्रोतले बताएको छ।

उता, वरिष्ठहरुलाई पाखा पार्दै थैलीकै भरमा नागरिक उड्डयनको महानिर्देशक

(बाँकी अन्तिम पृष्ठमा)

## काठमाडौंको प्रमुखमा कम मत ल्याउनेहरु

काठमाडौं/ स्थानीय तहको निर्वाचन गत बैशाख ३० गते सम्पन्न भएको छ। काठमाडौं र अरु एकाध ठाउँबाहेक सबैको परिणाम सार्वजनिक भइसकेको छ। निर्वाचनको परिणामअनुसार काँग्रेस पहिलो, नेकपा (एमाले) दोस्रो, नेकपा (माओवादी केन्द्र) तेस्रो, जनता समाजवादी चौथो, नेकपा (एकीकृत समाजवादी) पाँचौं र लोकतान्त्रिक समाजवादी छैठौं ठूला दल बनेका छन्।

सबैभन्दा चासोको रुपमा हेरिएको काठमाडौं महानगरपालिकाको मत परिणाममा स्वतन्त्र उम्मेदवार बालेन्द्र साह अगाडि छन्। त्यसपछि काँग्रेसकी सिर्जना सिंह र एमालेका केशव स्थापित दोस्रो र तेस्रोमा छन्। काठमाडौं महानगरको निर्वाचनमा राजनीतिक दल र स्वतन्त्र गरी प्रमुखमा उम्मेदवारी दिएका छन्। प्रमुखमा रु. एक हजार पाँच सय धरौटी राखेपछि निर्वाचन उम्मेदवार बन्न पाइने भएकाले धेरै व्यक्तिहरु स्वतन्त्रमा चुनाव लडेका छन्। जसका कारण निर्वाचन परिणाम ढिलाई बन्न पुगेको छ।

स्थापित दलहरुबाहेक झिनामसिना चर्चामै नआए र नामै नसुनेका दलले पनि

(बाँकी अन्तिम पृष्ठमा)

## स्वतन्त्र उम्मेदवारहरुको जित चुनौतीपूर्ण बन्दै

दोहा (कतार)/ २०४६ सालभन्दा अगाडि पञ्चायती अथवा निर्दलीय व्यवस्था अन्तर्गत हुने चुनावहरुमा अघोषित रुपमा खासगरी कम्युनिष्टहरुले पनि भाग लिने गरेका थिए। उनीहरुले मुलुकका विभिन्न स्थानहरुमा जनपक्षीय उम्मेदवारहरुको नाममा चुनावमा भाग लिने गरेको प्रायः हामी सबैले देखे सुनेको नै कुरा हो। पञ्चायतकालमा त्यसरी चुनावमा भाग लिने जनपक्षीय उम्मेदवारहरु जनतामाझ अत्यन्तै लोकप्रिय हुने गर्थे। त्यतिखेर त्यस्ता उम्मेदवारहरुप्रतिको आमजनताको आशक्ति नै अलग्गै हुने गर्थ्यो। त्यतिखेर अधिकांश जनपक्षीय उम्मेदवारहरु अत्याधिक मतका साथ जित हासिल पनि गर्ने गर्थे। अहिले यसो सोचौं त ! उ बेलोवरु जनपक्षीय उम्मेदवारहरु किन त्यति धेरै लोकप्रिय हुने गर्थे त ? कुरा सामान्य छ। त्यतिखेरको निरङ्कुश पञ्चायती व्यवस्थाले आमजनताका मौलिक अधिकार खास गरेर



प्रसङ्गवश

**रमेश ढकाल**

विचार र अभिव्यक्तिको स्वतन्त्रतामा प्रतिबन्ध लगाएको अवस्था थियो। आमजनतालाई शान्तिपूर्वक भेलाभएर आफ्ना कुराहरु राख्न पञ्चायती कानूनले रोक लगाएको अवस्था थियो। शोषित, पीडित तथा अन्यायमा परेका जनताको पक्षमा आवाज उठाउन सहज थिएन। आमजनता एक प्रकारले निसास्सिएर बस्नु परेको अवस्था थियो।

उल्लेखित अवस्थामा आमजनताले त्यतिखेरका जनपक्षीय उम्मेदवारहरुमार्फत आफ्ना आधारभूत मौलिक अधिकारहरुको रक्षा हुने र आफूहरु अन्यायमा पर्दा उनीहरुमार्फत सहज रुपमा न्यायप्राप्त गर्न सकिने एउटा ठूलो आशा अपेक्षा गरेका हुन्थे। जनपक्षीय उम्मेदवारलाई आफ्नो प्रतिनिधि बनएर पठाउन सके, उनीहरु आमजनताको इच्छा आकांक्षा

(बाँकी अन्तिम पृष्ठमा)

# स्थानीय चुनावी परिणामका चुनौती

ज्ञानेन्द्रको घमण्डले राजतन्त्र ढल्यो र गणतन्त्र आयो। केपी ओलीको घमण्डले सात दशकदेखिको चाहनास्वरूप प्राप्त भएको राजनैतिक स्थिरता गुम्यो। नेपाली राजनीति पुनः अस्थिरताको भूमरीमा फस्यो भन्ने चर्चालाई स्थानीय निर्वाचनले पुष्टि गरेको छ। राजनैतिक अस्थिरताको अर्को नाम अराजकता हो। निर्वाचन पश्चात्को यसै अराजकता र त्यसले खडा गरेको चुनौतीका बारेमा चर्चा गर्नु मनासिव हुनेछ।

**राजनैतिक अस्थिरता सम्हाल्ने चुनौती**

सात दशक लामो राजनैतिक संघर्षको परिणाम मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो। समावेशी, समानुपातिक र धर्मनिरपेक्षता सहितको मुलुकका रूपमा नेपाली राजनीतिले लय समात्यो। संविधान जारी भएपछिको पहिलो निर्वाचनमा चुनावी तालमेलका कारण वाम वर्चश्व रहेको नेपाली समाजको प्रतिबिम्व निर्वाचनको परिणाममा समेत देखापरेको थियो। सबैको जिब्रोमा झुण्डिएको थियो- नेपालले विकास गर्न नसक्नाको कारण भनेकै राजनैतिक अस्थिरता हो। वाम गठबन्धनले राजनीतिक स्थिरताको नारा दियो र संविधान जारी भए पश्चात्को पहिलो निर्वाचनमा राजनैतिक स्थिरता प्राप्त भयो पनि। तर दुर्भाग्य नै भन्नुपर्छ, त्यो स्थिरता धेरै दिन टिक्न सकेन।

दुई तिहाइ वामपन्थी मतदाता रहेको नेपाली समाज सात दशकसम्म नै गैरवाम शक्तिबाटै शासित हुँदैआएको थियो। तर नयाँ संविधानपछि एक तिहाइको हाराहारीमा रहेको गैरवामले शासन गर्ने दुई तिहाइको जनमत भएको वाम जनमत शासित हुने विडम्बनाको सदाका लागि अन्त्य भयो भनियो। यद्यपि, त्यो दुई तिहाइ नजिकको वाम नेतृत्व चरम व्यक्तिवादी, चरम महत्वाकांक्षा, सत्ता लोलुपता र अधिनायकवादी हुँदै जान थाल्यो। चरम अहंकार र मनोगतवादको शिकार जनप्रतिनिधि संस्था संसद हुन पुग्यो। मुलुकको पहिलो संघीय संसदमध्येको एक प्रतिनिधिसभा ६ महिनाको अन्तरालमा दुई दुईपटक विघटन हुन पुग्यो। दुई तिहाइ जनमतको नेतृत्व गर्ने वामपन्थी दल फुट्यो। मनोविज्ञानले विभाजित दललाई वैधता दिने काम सर्वोच्च अदालतको गैरवाम पृष्ठभूमिका न्यायाधीशबाट भयो। योसँगै एकप्रकारको राजनैतिक स्थिरताको श्रृंखला यहीं अन्त्य भयोयस। यसले हाम्रो राजनीतिमा भने राजनैतिक स्थिरतापुनर्स्थापना गर्ने लगायत धेरै चुनौती छाडेर गएको छ। एकपटक प्राप्त गरिसकेको तर आफ्नै कारणले गुमेको राजनैतिक स्थिरता प्राप्त गर्न सक्ने कि नसक्ने ? यो प्रश्न समय, समाज र नेपाली राजनीतिले वामपन्थीहरूलाई सोधिरहेको छ।

**मुद्दा केन्द्रको, चुनाव स्थानीय तहको**

चुनाव स्थानीय तहको हुन पुग्यो, तर एजेण्डा राष्ट्रिय राजनीतिको हावी भयो। स्थानीय तहको चुनावमा संसद विघटन गर्ने र पुनर्स्थापना गर्नेहरूका बीचमा जनमत संग्रहको रूपमा पनि लिइयो। तर संसद विघटनको मुद्दाले स्थानीय तहलाई खासै छोएको देखिएन। किनभने स्थानीय तह विघटन भएको थिएन। मुद्दा केन्द्रको चुनाव स्थानीय तहको भएकोले मुद्दा र चुनावबीच यथोचित तालमेल मिलाउन दलहरूलाई हम्मे हम्मे परेको देखियो। केन्द्रीय नेतृत्वले निर्धारण गरेको राजनैतिक मुद्दामा स्थानीय राजनीति डोरिन सकेन। आफ्नो मुद्दामा स्थानीय पार्टी कमिटीलाई हिंडाउन नसक्नु केन्द्रीय नेतृत्वको ठूलो कमजोरी रह्यो। स्थानीय अन्तरविरोध, स्थानीय सम्बन्ध र स्थानीय स्वार्थ नै स्थानीय चुनावमा हावी रहे। जोसँग केन्द्रीय नेतृत्व बेखबर जस्तै रह्यो। परिमाणतः दलभित्र अराजकता हाबी भयो। स्थानीय निर्वाचनमा गठबन्धनका शीर्ष नेता संसद विघटन रपुनर्स्थापनालाई क्रमशः प्रतिगमन र अग्रगमनको एजेण्डा बनाउन चाहन्थ्यो। यसैका आधारमा देशैभरि ७५३ स्थानीय तहमा नै त्यसखाले गठबन्धन बनोस् भन्ने थियो।

त्यसैगरी प्रतिपक्षीको मूड पनि प्रतिगमन नै सही संसद विघटनलाई जायज ठान्ने राजावादीहरूसँगको गठबन्धन भइदेओस् भन्ने नै देखिन्थ्यो। तर दुवै गठबन्धन पूर्णतः सफल देखिएन। बरु यो प्रयत्नले राजनैतिक दलका नेता तथा कार्यकर्ताहरूलाई अराजक बन्ने बलियो आधार दियो। एजेण्डामा केन्द्रित राजनैतिक दलहरू एजेण्डाबाट चिप्लंदा धेरै कुरा भत्कँदोरहेछ।

**अराजकता सम्हाल्ने चुनौती**

यो निर्वाचनमा राजनैतिक दलभित्रको अराजकताले सीमा नाघ्यो भन्न सकिन्छ। अग्रगमन र प्रतिगमनको जनमत संग्रहका रूपमा यो निर्वाचनलाई लैजान सत्तारुढ दल असफल हुँदा चुनावकेन्द्रित गठबन्धनहरू मुद्दामा हैन, स्वार्थमा केन्द्रित भएको कुरा पुष्टि गऱ्यो। दलहरू निर्वाचन जसरी पनि जित्नै पर्ने बाध्यता र दबावमा देखिए। आफ्नो विचार, सिद्धान्त, आदर्श र मान्यताका आधारमा पार्टी हाँक्न नेतृत्व असफल सावित भएंखस। जसरी पनि चुनाव जित्ने र


खिमलाल देवकोटा

चुनाव जित्नका लागि जस्ता पनि गठबन्धन बनाउने छुट स्थानीय पार्टी कमिटीहरूले पाए। त्यसो त, सत्तारुढ गठबन्धनले पाँचदलीय गठबन्धन बाहेक अरूसँग गठबन्धन गर्न नपाइने, बागी उम्मेदवारी दिने तिनका समर्थक र प्रस्तावकहरूलाई समेत पार्टीबाट निष्कासन गर्ने निर्णय गरेका समाचारहरू सार्वजनिक नभएका हैनन्। तर तिनलाई केही अपवाद बाहेक प्रायःजसोले ठाडै इन्कार गरे। 'रूखमा भोट नहाल भन्ने काँग्रेसको सभापति हुनै नसक्ने' भन्दै ठाडै चुनौती दिएको पनि देखियो। 'टाउकाको मोल तोक्ने र आतंककारी घोषणा गर्ने पार्टीलाई मत दिन नसक्ने' भनेर विद्रोह गरेको पनि देखियो। यी प्रतिनिधिमूलक घटना भनेका राजनैतिक नेतृत्वलाई चुनौती दिने र अराजकता सिर्जना गर्ने हिसाबले सामान्य भन्न मिल्दैन। यसलाई नेतृत्वको कमाण्ड खुस्किएको प्रमाणका रूपमा लिन सकिन्छ। यो पृष्ठभूमिमा खुस्किएको कमाण्ड र अराजक नेता-कार्यकर्तालाई सम्हाल्ने चुनौती यो चुनावले खडा गरिदिएको छ।

**कालोधनको सामना गर्ने चुनौती**

विगतको जस्तै यस पटकको निर्वाचनमा पनि पैसाको खोलो बगाउने प्रतिस्पर्धा घटेको हैन, बढेको देखियो। निर्वाचन आयोगले झण्डा, ब्यानरको सीमितता, मोटर तथा मोटरसाइकल ऱ्याली र भोजभतेरमा प्रतिबन्ध लगाएको र सोका लागि सूक्ष्म अनुगमन गरिएको भन्ने व्यापक प्रचारका बावजुद पनि सो कार्यमा कमि आएको देखिएन। राजनैतिक दलका कार्यकर्ताहरू कालो होस् वा सेतो, धनको पछि दौडेको दृश्य रोचक देखिन्थ्यो। प्रचार अवधि जम्मा दश दिनको राखिएको भए पनि प्रायः सबै दिन भोजभतेर, खानपिनमा व्यस्त देखिन्थे भने मौन अवधि पैसा बाँड्ने अवधिका रूपमा चर्चित रहेको देखियो। भोजभतेर अवधिमा खसी काट्ने र पोका पोका घरघरमा पुऱ्याउनेदेखि मौन अवधिमा एउटाले पैसा बाँड्ने, अर्कोले पक्रने र पुलिस बोलाउनेदेखि पैसा बाँड्दा बाँड्दैका अडियो तथा भिडियोका दृश्यहरू सामाजिक सञ्जालमा सार्वजनिक भए। वडाको सदस्य जित्दा भोजभतेर, पैसा बाँड्ने र भाडामा लिएका बाजागाजासहितका ऱ्यालीहरू निकाल्ने कामको यसपटक पनि कमि भएन। १६० रुपैयाँ लिटरको पेट्रोलको धुवाँ उडाएर मोटरसाइकल ऱ्याली गर्न प्रतिस्पर्धा नै देखियो। आखिर यी सबै पैसाका करामत थिए। वैध हैन, अवैध पैसाका करामत थिए। कालोधनका परिणाम थिए भन्न कत्ति पनि हिच्किचाउनु पर्दैन।

**पार्टी सम्हाल्ने चुनौती**

वर्षौं पार्टीमा खटिएका कार्यकर्ता खटेको खटेकै तर अर्को पार्टीबाट टुप्लुक्क टिकट लिन आइपुग्ने नवप्रवेशीको भव्य स्वागत भइरह्यो। 'पोलिटिक्स ईज डर्टी गेम' भनेर नथाक्नेहरूले यसलाई अस्वीकार गर्न सकेनन्। 'राजनैतिक दलका धन्दाहरूको पर्दाफास गर्ने' गफ दिनेहरू रातारात पार्टीको टिकट र झण्डासहित मञ्चमा आन्तरिक प्रशिक्षणमा 'प्रमुख अतिथिको ठ्याक्कै देब्रे'तिर भेटिए। आज चुनावी राजनीतिले यस्तै यस्तै वातावरणको सिर्जना गरेको छ। राजनैतिक दलहरू आस्थाका धरोहर रहेनन्। बरु कमाइखाने भाँडो बने भने आस्थाको राजनीति गर्नेहरूको के अर्थ रह्यो र ? यसैगरी राजनैतिक दल र तिनका नेतृत्वलाई राजनीति गर्ने भनेकै चुनाव जित्ने हो भन्ने भएपछि चुनाव जित्ने अवस्था र अवसरको खोजी गर्ने कुराले प्राथमिकता पाउने नै भयो। यसको परिणाम पार्टी सम्हाल्ने चुनौती खडा हुने देखियो। जब पार्टीको नेतृत्व र नीति नै चुनाव जित्नमा केन्द्रित हुन थाल्यो भने नेता वा कार्यकर्ताले पनि सोही मार्ग पछ्याउनुको अर्को विकल्प रहेन। पार्टीको मूल्यमान्यता एकातिर, चुनाव जित्ने उपाय अर्कोतिर भयो भने स्वाभाविक रूपमा चुनाव जित्ने विकल्प रोजाइमा पर्ने निश्चित छ। यसो भयो भने पार्टी पार्टी नै रहँदैन। जब पार्टी पार्टीका रूपमा रहँदैन भने यो अराजक समूह बन्छ। पार्टी नै रहेन भने नेता रहने कुरा पनि भएन। यो स्थानीय निर्वाचनले पुष्टि गऱ्यो कि यस्तै चक्रव्यूहमा यतिबेलाको राजनीति फसेको छ।

**स्वतन्त्रहरूको चुनौती**

दशकौं राजनीति गरेका, राणा फालेका, राजा फालेका दल र नेताहरूका विरुद्धमा अराजनीतिक, गैरराजनीतिक र स्वतन्त्रहरूको माहोल यसरी बढ्न थाल्यो कि राजनैतिक दलका उम्मेदवारहरू ओझेल पर्न थाले। त्याग, बलिदान, संघर्ष, जेलनेल अब पुरानो भएछ भन्ने कुरा नयाँ पुस्ताको स्वतन्त्र उम्मेदवार मोहले प्रष्ट पारिरहेको छ। दुईथरी गठबन्धनलाई भारी मतले पछि पार्दै स्वतन्त्र उम्मेदवार अगाडि आउनु चानचुने कुरा हैन। स्वतन्त्रको क्रेज बढ्ने, स्वतन्त्रलाई नै जनादेश प्राप्त हुने र उनैले विजय हासिल गर्ने हो भने दलको औचित्यमाथि गम्भीर प्रश्न खडा हुनेछ। स्वतन्त्र उम्मेदवारले खडा गरेको यो चुनौतीलाई सामना गर्ने भनेको स्वतन्त्र उम्मेदवारका ठाउँमा दलीय उम्मेदवारको औचित्य पुष्टि गर्ने बाहेक अर्को उपाय छैन। दलहरूले आफ्नो औचित्य आफैं पुष्टि गर्न सकेनन् भने जबर्जस्ती अरूले गरिदिंदैनन्। साथसाथै स्वतन्त्रहरूको क्रेजका सामु राजनैतिक दलहरू फिका सावित हुन थाले। यो अवस्थामा राजनैतिक दलहरूले समस्या आफैंमा देख्न सक्नुपर्छ। दलहरूको पुरानो बानी विदेशी शक्ति, प्रतिक्रियावादीहरूको षड्यन्त्र भनेर मात्रै अब पार पाइने अवस्था छैन।

**संविधान कार्यान्वयनको चुनौती**

राजनैतिक दलहरू चुनावमा केन्द्रित हुने, चुनाव स्वतन्त्र उम्मेदवारमा केन्द्रित हुने र स्वतन्त्र उम्मेदवारहरू लहडी एजेण्डामा रमाउने हो भने दशकौं संघर्ष गरेर प्राप्त गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बेवारिसे बन्ने खतरा आइपर्नेछ। सत्तारुढ दलले संविधान जोगाउन गठबन्धन गरेको भन्दै गर्दा उक्त मान्यता आन्दोलनको माध्यमबाट स्थापित भयो। सोही मान्यता जनमतबाट पनि स्थापित हुन जरूरी छ। तर जनमतबाट अस्वीकृत भयो भने त्यसको असर के पर्ने हो भन्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्दैन ? दलका एजेण्डा अस्वीकृत हुने, स्वतन्त्रका एजेण्डा स्वीकृत हुने अन्तर्यमा दलहरूको प्रयत्नबाट प्राप्त गरेको संविधान कार्यान्वयनमा बाधा व्यवधान आइपर्ने हो भने फेरि स्वतन्त्रहरूले दलका उम्मेदवारलाई चुनौती दिने मैदान समेत धरापमा पर्नेछ। तसर्थ, यतिबेला स्वतन्त्रहरूले दललाई चुनौती दिए पनि यो अवसर प्रदान गर्ने फेरि पनि दलहरू नै हुन्। संविधान कार्यान्वयन गर्ने दायित्व र चुनौती पनि तिनै दलहरूलाई छ। यति हुँदाहुदै पनि संविधान जारी भएपछिको दोस्रो चुनावमा नै संविधानका एजेण्डा सेलाउने संविधान इतरका एजेण्डा हावी हुने अवस्था भनेको संविधानमाथिको पनि चुनौती हो। यो संविधान कार्यान्वयनमा देखा परेको समस्या र चुनौतीको प्रतिफल हो।

अन्त्यमा, मार्टिन लुथर किंगले कुनै बेला भनेका थिए- 'असल काम तिम्रो भगवानलाई आवश्यक छैन जति तिम्रो छिमेकीलाई छ।' यही भनाइलाई सापट लिने हो भने हरेक मानिसको असल काम जनताको आवश्यकताको विषय हो। यो पार्टीको आवश्यकताको विषय पनि बन्नुपर्छ। पार्टीको आवश्यकता चुनाव जित्ने उम्मेदवारको हो भने जनताको आवश्यकता असल काम गर्ने नेताको हो। असल काम गर्ने नेताहरूको जमघटले मात्रै जनता र पार्टी दुवैको हित गर्नेछ। त्यसैले पहिलो प्राथमिकता असल काम गर्ने नेताको खोजी गरौं। त्यही नेता पार्टी र जनताको प्यारो बन्नेछ। यस्तो नेता जन्माउने चुनौती पनि यतिबेलाका राजनीतिक दलहरूको हो। स्वतन्त्र उम्मेदवारहरूले खडा गरिदिएको चुनौती र सो चुनौतीलाई मतदाताले दिएको साथको सन्देश अर्थपूर्ण छ। यसलाई दिलैदेखि आत्मसात् गर्नुको विकल्प छैन।

# युवामा जाग्दै गरेको परिवर्तनको भोक

देशमा हाम्रो विकल्प कोही छैन भन्ने ठान्दै मनपरी गरिरहेका प्रमुख दलका उम्मेदवारलाई पराजित गर्ने तागत देखाएर काठमाडौंमा युवा बालेन शाहले उधुम मच्चाएका छन्। यो लेख लेख्दै गर्दा बालेन झण्डै १७ हजार मतान्तरले अगाडि पुगिसकेका छन्। पुँजीबजारका लगानीकर्ताको ठूलो पङ्क्ति, युवाहरूको टिम र 'रुटिन अफ नेपाल बन्द' जस्ता फेसबुक पेजले लगातार उनको पक्षमा माहौल बनाउँदै गर्दा पनि उनले मानिसको यति ठूलो मत र मन जित्न सक्छन् भन्ने हेक्का हामीमध्ये धेरैलाई थिएन। अर्का युवा स्वतन्त्र उम्मेदवार २९ वर्षीय हर्क साम्पाङले धरानमा त्यस्तै रौनक ल्याइरहेका छन्। गोप्य निर्वाचन भनेकै सर्वसाधारण नागरिकको असाधारण शक्ति प्रदर्शन हो। निर्वाचनको खास विशेषता भनेकै असफलहरूलाई पुनः निर्वाचित हुनबाट रोक्ने र भेटिएसम्म त्यसको विकल्प खोज्ने अस्त्र हो।

कोरोना भाइरसले देशलाई अस्तव्यस्त बनाइरहेको बेला सरकारको बागडोर सम्हाल्ने जिम्मा पाएको तत्कालीन नेकपाको पार्टी र त्यसका नेता अपसी आरोप प्रत्यारोप, गाली-गलौज र कहिले फकाउने त कहिले फुटाउने प्रहसन देखाउनमा व्यस्त थिए। उनीहरूका मिटिङहरूमा पार्टीभित्रको समस्याभन्दा माथि नागरिकको समस्यामाथि छलफल चलेको सुनिन्थ्यो। लाग्थ्यो, यस्ता गैरजिम्मेवार नेता संसारको कुनै देशका नागरिकले भोग्न नपरोस्। आज देशको अर्थतन्त्र भयावह अवस्थामा छ। महँगीले आकाश छोएको छ। तर, सरकार चलाइरहेका गठबन्धनका नेता गठबन्धन जोगाउने भागवण्डा गर्न दैनिक १८ घण्टा मिटिङ गर्न सक्छन्। तर, जनसरोकारका मुद्दामा छलफल गर्न उनीहरूलाई १८ मिनेट समय छैन। गठबन्धनका बैठकमा देशको अर्थतन्त्र ठीकठाक कसरी बनाउने भन्नेबारे छलफल भएको सुनिएन। खोक्रिएको शिक्षाक्षेत्र कसरी सुधार्ने भन्ने छलफल भएको थाहा पाइएन। शहरमा बढ्दो अव्यवस्था र प्रदूषणको नियन्त्रण कसरी गर्ने भन्ने विषयमा बहस भएको सुनिएन। २० हजार रुपैयाँका लागि खाडी जान ठिक्क परेका तन्नेरीलाई देशमै रोजगारीको सुनिश्चितता कसरी गर्ने भन्ने मुद्दामा बहस भएको पनि थाहा पाइएन। मानौं, यी कुरा पार्टीहरूको सरकोरका विषय नै होइनन्, जे छ ठीकठाक चल्दैछ, जे हुँदैछ ठीकठाक हुँदैछ। पार्टीहरूले नागरिकका मुद्दामा काम गर्न नखोजेपछि युवाहरूले आफ्नो भविष्यबारे सोच्नु अन्यथा भएन। आफ्नो भविष्यको परिकल्पनाको उपज हो बालेनहरूले पाएको मत। ओली सरकारका पालामा अनेक काण्डहरू सार्वजनिक भए। वाइडबडी काण्ड, यती काण्ड, ओम्नी काण्ड, स्वास्थ्य सामग्री खरिद प्रकरण, सेक्युरिटी प्रेस खरिद प्रकरण आदि। प्रतिपक्षमा रहँदा काण्डका विरुद्ध खुब कुर्लने सत्तागठबन्धनका हालका नेता यति बेला चुपचाप छन्। गठबन्धनको सरकार बनेको दशौं महिना पुग्दा पनि यस्ता भ्रष्टाचार काण्डका फाइल खुल्दैनन्।

अख्तियार दुरपयोग अनुसन्धान आयोग, सर्वोच्च अदालत, मानवअधिकार आयोग, विश्वविद्यालयजस्ता सबै संस्थाहरूको श्रेष्ठता दलीयकरणले गुमाएको छ। कहिले संसद् विघटनको मुद्दाले, कहिले पार्टी फुटको मुद्दाले त कहिले गभर्नरको गैरकानुनी


गोविन्द पौडेल

बर्खास्तीजस्ता क्रियाकलापले अदालतको अमूल्य समय ध्वस्त भएको छ। भाषणपिच्छे संघीयताको अपनत्व लिन खोज्नेहरूले बालुवाटार, बालकोट र खुमलटारबाट उम्मेदवारको टिकट काटेर केन्द्रीयताको अभ्यासमा रमाए। स्थानीय समितिहरूका सिफारिस रद्दीको टोकरीमा मिल्काइए। आफ्नो छोरीले नजिते देश नै दुर्घटनामा पर्ने भ्रमसम्म छर्दै उग्र भाषण गर्न पछि परेनन्। स्वतन्त्र उम्मेदवारहरूले प्राप्त गरेको मत राजनीतिक पार्टीप्रतिको आक्रोश मात्रै नभएर उम्मेदवारले उठाएका सटिक एजेण्डाको आकर्षण पनि हो भन्ने बुझ्न बालेन शाहका अन्तर्वार्ताहरूमा प्रत्येक प्रश्नमा उनका सटिक उत्तर सुने थाहा भैहाल्छ।

निर्वाचन आयोगका अनुसार पछिल्लो पाँच वर्षमा झण्डै ३७ लाख युवा मतदाता थपिएका छन्। यो सूचना प्रविधिको प्रयोग गरेर हुर्कंदै गरेको र तीव्र परिवर्तनको अपेक्षा गरेको पुस्ता हो। स्वतन्त्र मात्रै नभएर युवाको ठूलो पङ्क्ति जबर्जस्त रूपमा विभिन्न पार्टी पङ्क्तिमा प्रवेश गरिसकेको छ, गर्ने क्रममा छ। त्यसै कारण पनि यो निर्वाचनमा राजनीतिक पार्टीहरूले पहिलेभन्दा केही बढी प्रतिशत युवा उम्मेदवार उठाउन बाध्य भए। एक अनुसन्धान संस्था 'ग्लोबल इन्स्टिच्युट फर इन्टरडिस्प्लिनरी स्टडिज'का अनुसार गत निर्वाचनमा भन्दा यसपालि २१ देखि ४० वर्ष उमेरका युवाको उम्मेदवारी प्रमुखमा ३५.३ प्रतिशत र वडा अध्यक्षमा ३६.२ प्रतिशत थियो। २१०७ जनाले स्वतन्त्र उम्मेदवारी दिएको तथ्यांक विचारणीय छ। दलभित्रबाट उदाएर विजयी बनेका तन्नेरीहरूले कार्यकारी भूमिकामा कत्तिको खरो रूपमा उत्रेलान्, यो भने प्रतीक्षाकै विषय भयो।

मतगणना जारी हुँदैगर्दा डडेल्धुराको परशुराम नगरपालिकामा मेयरमा निर्वाचित २८ वर्षीय भरत बडायर जोशी हुन् वा बाग्लुङ जैमिनी नगरपालिकाको वडाअध्यक्षमा निर्वाचित ३० वर्षीय केन्द्र रसाइली वा पर्साको कालिकामाई गाउँपालिकाका अध्यक्षमा निर्वाचित २१ वर्षीय वशिष्टकुमार गुप्ता नै किन नहुन्, दर्जनौं स्थानमा लामो समयसम्म पाका उमेरकाहरूको हातबाट नेतृत्व खोसिएको छ। लाग्छ, जमेको पोखरीको बरफ पग्लिँदैछ। यी तन्नेरीले दलको दल-दलको सञ्जाल तोडेर जनपक्षीय काम कत्तिको गर्लान्, त्यो हेर्नु नै छ। २०६२/६३ को जनआन्दोलनबाट अलिअलि राजनीतिमा चासो राख्न थालेको तन्नेरीले यो बीचको झण्डै १८ वर्षमा उनै पाँच/छ जना नेता आपसमा कुस्ती खेलेको देख्छ। उतिबेला ती नेताले जे भाषण गर्थे, आज पनि त्यही भाषण गर्छन्। एउटा देश बनाउनका लागि १८ वर्ष काफी समय हो। तर, यो समय पनि बर्बाद भयो। कहिलेसम्म बर्बाद बनाइने हो, टुंगो छैन।

ढिलै भए पनि यो प्रवृत्तिलाई भत्काउन बालेन शाहहरूलाई मतदाताले जन्माएका छन्। यो राजनीतिक कुसंस्कारविरुद्धको आवाज हो। राजनीतिक नेताप्रतिको असन्तुष्टि हो। पार्टीहरूका लागि पनि सावधानी हो, कि तिमीहरू सच्चिनुपर्छ या मक्किनुपर्छ। अबको संघीय निर्वाचनमै काठमाडौंको झिल्को अरु ठाउँमा फैलिने सम्भावना छ। अबको पाँच वर्ष दलहरूका लागि सुध्रने एक मौका हो। अन्यथा देशका अरु ठाउँमा पनि सयौं बालेनहरू जन्मिन सक्छन्। आगामी दिनहरूमा बालेनको प्रस्तुति कस्तो रहन्छ, यसले धेरै कुराको निधो गरिदिनसक्छ। उनको चुनौती युवाहरूले गर्न सक्छन् भन्ने देखाउनुमा जो छ। एक जना चिन्तक भन्थे, 'एउटा यस्तो किताब लेख, जसलाई लाखौं पाठकले पढ्नेछन् या त यस्तो कर्म गर जसबारे लाखौं किताब लेखिनेछन्।' यदि बालेनले राजनीतिको चरम निराशाका बीच चुनाव जिते र गतिलो प्रदर्शनी देखाउन सके भने उनीबारे केही लेखहरू होइन, अनेकौं किताबहरू लेखिने कुरामा सन्देह छैन।

काठमाडौंका मतदाताको दलहरूलाई एक सन्देश हो- हामी सधैंभरि तिम्रा आज्ञाकारी मेसिन बन्न सक्दैनौं, हामीले खोजेको परिवर्तन हो। बालेनजस्ता स्वतन्त्र व्यक्तिहरूको विजयले लोकतन्त्र कमजोर हैन, बलियो बनाउँछ। हरेक निर्वाचनमा उही पार्टी, उही नेतालाई आँखा चिम्लेर स्वस्तिक छाप लगाइदिने संस्कृतिले लोकतन्त्रको फल चाख्न पाइँदैन। मतदाताले प्रश्न गर्नुपर्छ। मत बदल्नुपर्छ। मतदाताले सधैंभरि एउटै पार्टीलाई मत दिंदा पार्टीहरू भड्किए। मतदातालाई चुनावबाहेक अरु समयमा वास्ता नगर्ने भए। मतदाताले विवेकको मत दिने बानी बसाल्दै गर्दा निर्वाचित प्रतिनिधि र दल मतदाताप्रति डराएर काम गर्ने अवस्था बन्छ। यहाँबाट दायाँबायाँ हुँदा अर्कोपटक जनता जनार्दन त्यसविरुद्धमा जान सक्छन् भन्ने हेक्का राखेर काम गर्छन्। बलेन साह युवा चेतनाको गर्भबाट उदाएका हुन्। पक्कै पनि यसभन्दा अघि बालेन टिमले राम्रो मिहिनेत र तयारी नगरी यो मिसन सम्भव भएन। यसको

(बाँकी ५ पृष्ठमा)

प्रधान-सम्पादक/प्रकाशक : **कौशलकुमार भट्टराई** (९८५११३८२३७)
सम्पादक : **कृष्ण लम्साल** (९८५१३२२६३२, ९८४१३५१३५६),
कार्यकारी सम्पादक : **पिएमणि भट्टराई** (९८४३१०९६२०)
कानूनी सल्लाहकार : **अधिवक्ता हरि शरण जमकटेल**
सल्लाहकार : **टीका योगी**
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौँ-कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com,
मुद्रण : **धिम्ले अफसेट प्रेस,** काठमाडौं

## सम्पादकीय

# हदम्याद हटाउन नहतारिनु राम्रो

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले बालिकामाथि हुने यौनजन्य हिंसा उजुरीको लागि हदम्यादबारे नयाँ व्यवस्था गरिने जानकारी गराएकी छिन्। उनले हदम्याद हटाउने सम्बन्धमा प्रक्रिया अघि बढिसकेको जानकारी दिएकी छिन्। समृद्धि फाउन्डेसन नेपालले 'महिला र बालिकामाथि हुने यौनजन्य हिंसा न्यूनीकरण र उजुरीको लागि हदम्यद तोक्न नहुने' भन्ने विषयमा बुझाएको ध्यानाकर्षणपत्र ग्रहण गर्ने क्रममा उनले त्यस्तो जानकारी बुधबार दिएकी हुन्। उनले हदम्याद खारेजीको लागि कानून मन्त्रालयमा पत्राचार गरिसकेको र थप प्रक्रिया अघि बढिसकेको बताएकी छिन्। उक्त ध्यानाकर्षणपत्रमा महिलामाथि हुने यौनजन्य हिंसाको उजुरीको लागि तत्काल हदम्याद हटाउनुपर्ने, उजुरीपश्चात् पीडितले तत्काल न्याय पाउनुपर्ने, कानूनलाई थप मजबुत बनाउनका लागि तत्काल संशोधन गरी कार्यान्वयनको चरणमा जानुपर्नेजस्ता विषयलाई उठाइएको छ।

ध्यानाकर्षणपत्र ग्रहण गर्ने क्रममा मन्त्री रेग्मीले संशोधित कानूनले यौनजन्य अपराधीलाई कानूनी दायरामा ल्याउन सहयोग पुग्ने धारणा राखेकी छिन्। उनले त्यस्तो हुँदा पीडितले तत्काल न्याय पाउने विश्वास पनि व्यक्त गरेकी छिन्। महिलाले भयरहित वातावरणमा स्वतन्त्र एवं सुरक्षित भएर बाँच्न पाउने अधिकारको सुनिश्चित गर्न नयाँ कानूनी व्यवस्था उपयोगी हुने विश्वास पनि मन्त्री रेग्मीले गरेकी छिन्। नारीवादी भनिने कुनै संस्थाले गराएको ध्यानाकर्षणपत्र र मन्त्रीको अभिव्यक्तिलाई लिएर गहन बहस हुनुपर्ने अवस्था आएको छ। कुनै घटना विशेषलाई लिएर हदम्यादका सम्बन्धमा गरिन लागेको नयाँ व्यवस्थाबारे नयाँ ढंगबाट बहस हुनु जरुरी छ। अहिलेको घटनालाई ध्यानमा राखेर गरिन लागिएको नयाँ व्यवस्थाको राम्रो नराम्रो पक्षका बारेमा खासै छलफल भएको पाइँदैन।

माथिका अवस्था र मन्त्री रेग्मीको धारणालाई ध्यान दिने हो भने जबरजस्ती करणीको विषयमा कुनै पनि हदम्यादको व्यवस्था नगरिने पो हो कि भन्ने आभाष पाइन्छ। यदि त्यस्तो हो भने यो विषयमा खासै छलफल र बहस नभएको स्पष्ट हुन्छ। यदि मन्त्रीले भनेजस्तो व्यवस्था कानूनी रुपमा आउन लागेको हो भने त्यस्तो कानून समाजमा समाधान भन्दा पनि भय लिएर आउने निश्चित देखिन्छ। कुनै पनि महिलाले आफू नाबालिक हुँदाको अवस्थामा कुनै पनि व्यक्तिले आफूमाथि यौनजन्य हिंसा गरेको थियो भनी जति वर्ष पछि पनि आरोप लगाउन पाइने कानूनी व्यवस्था बनेको खण्डमा त्यसले यो समाजलाई झनै भययुक्त बनाउने निश्चित देखिन्छ। यसमा सोचनीय कुरा के हो भने त्यस्ता महिलाले जीवनको कुनै कालखण्डको कुरा (चाहे भएको होस् वा नभएको होस्) कालान्तरमा उठाउन पाउने हो भने जुनसुकै पुरुष यस्तो कानूनको खतरामा पर्ने देखिन्छ। वर्षौं अघिको भएको वा नभएको कुनै घटनाक्रमलाई ल्याएर कुनै पनि महिलाले आफू बालिका रहेको अवस्थामा चिनजान भएका वा आफ्ना साथी संगी वा नातेदारहरुलाई कालान्तरमा फसाउन चाहेमा यो हदम्यादको व्यवस्था नहुने अवस्थाको दुरुपयोग गर्ने संभावना रहन्छ। त्यस्तो अवस्थामा कुनै महिलाले जो सुकैलाई पनि फसाउने संभावना प्रबल रहन्छ। त्यो बेलामा न कुनै प्रमाण हुन्छ न त सबुत वा साक्षी नै। महिलाले चाहने वित्तिकै कुनै पनि पुरुष फस्ने अवस्था आउँछ। यदि त्यस्तो भएका खण्डमा कुनै पनि सामाजिक हैसियत भएको व्यक्तिलाई उनको सामान्य चिनजान वा सम्पर्क कुनै कालखण्डमा भएको महिलाले जहिले सुकै पनि फसाउन सक्ने अवस्था आउँछ। यसको सबैभन्दा बढी शिकार राजनीतिज्ञहरु तथा प्रशासनमा रहेका व्यक्तिहरु नै हुनसक्छन्। उनीहरुको राजनीतिक तथा सामाजिक जीवन बर्बाद गरिदिन कुनै पनि महिला तयार भएको खण्डमा उनले सक्ने अवस्था देखिन्छ। त्यसैले यस्तो कानून निर्माण गरिनुपूर्व एकदमै छलफल गरिनु आवश्यक हुन्छ। कानून बनाएर पछुताउने भन्दा पनि त्यो व्यावहारिक समेत हुने गरी निर्माण गरिनुपर्दछ। त्यसैले यो दूरगामी प्रभाव पार्ने कानूनलाई हँचुवाको भरमा निर्णयमा पुग्नु अलि हतार नै भएको जस्तो देखिन्छ। त्यसैले यसले पार्ने प्रभाव, असरका बारेमा राम्रो अध्ययन र छलफल गरेर मात्र कुनै पनि कानून निर्माण गरिनु उचित हुन्छ।

# स्थानीय निर्वाचनको आंशिक समीक्षा

स्थानीय तहको मत परिणाम घोषित हुने क्रम जारी छ र पचास प्रतिशतभन्दा बढी तहको मत परिणाम सार्वजनिक पनि भइसकेको छ। सार्वजनिक परिणामसँगै विभिन्न कोणबाट समीक्षासमेत सुरु भएको छ। गणनाको यही शैली कायम रहे बाक्लो जनघनत्व र लाखभन्दा माथि मतदाता रहेका ठूला नगरको परिणाम सुन्न अरु दुई चार दिन पर्खनुपर्ने देखिएको छ। यसैले समीक्षाको पूर्ण पाटो पनि बाँकी नै रहन्छ। तैपनि, दलहरुले त्यस्ता तहमा लिएको अग्रताको आधारमा केही अनुमानित विश्लेषण थालिएको छ। यद्यपि, अहिलेको अग्रताको तस्बिरमा केही फेरबदल हुने सम्भावनालाई पनि पन्छाउन सकिँदैन। स्थानीय तहको चुनाव सम्पन्न भयो। समीक्षाको सबैभन्दा गहन आधार यही हो। वर्तमान संविधानको क्रियाशीलतापछि स्थानीय तहमा भएको दोस्रो निर्वाचन पनि नेपाली काँग्रेस नेतृत्वको सरकारले सम्पन्न गरेको छ। पहिलो निर्वाचन पनि काँग्रेस नेतृत्वकै सरकारले गराएको थियो। त्यतिबेला सबै तहको निर्वाचनमा काँग्रेसले अनपेक्षित पराजय भोगेको हो।

अहिले स्थानीय तहको मात्रै निर्वाचन भएको छ। अरु दुई तह प्रदेश र संघको चुनाव पनि सन्निकट छ। ती चुनावसमेत यही सरकारले गराउने प्रबल सम्भावना छ। अनेक व्यवधान र वैधानिक अप्ठ्यारा पार गरेर वर्तमान सरकारले आवधिक चुनावको प्रतिबद्धतालाई सकुशल पूरा गरेको छ। चुनावमा जनताको अभिमत अभिव्यक्त हुने हो, भयो। सरकारले संवैधानिक प्रतिबद्धता पनि यो चरणमा सम्पादित गर्यो। सतहत्तर जिल्लाका ७ सय ५३ स्थानीय पालिकाका ३५ हजारभन्दा बढी जनप्रतिनिधि एकै चरणमा चुनिने कार्यमा राज्यले आफ्नो क्षमतालाई पुनर्पुष्टि पनि गरेको छ। राज्य संयन्त्रअन्तर्गतकै निर्वाचन आयोगको सफलता पनि हो चुनाव।

संघीय लोकतान्त्रिक संविधान २०७२ मा घोषित र स्वीकृत भएपछि स्थानीय तहको एकै चरणमा चुनाव सम्पन्न गरिएको यो पहिलोपटक हो। विगत २०७४ मा भएको स्थानीय तह पहिलो निर्वाचन तीन चरणमा पूरा गरिएको थियो। यो संविधानभन्दा अगाडिका केही चुनावहरु एकै चरणमा पनि भएका हुन्। आवधिक निर्वाचनप्रतिको प्रतिबद्धता पूरा गर्ने वर्तमान मिलिजुली सरकार, सरकारी संयन्त्र र समग्रमा राज्य संयन्त्र सबै धन्यवाद र बधाईका पात्र हुन्। मतदाता नागरिकले निर्वाचनप्रति देखाएको जागरुकता र सहभागिता जति प्रशंसनीय छ त्यति नै नागरिक तहले चुनाव गराउने सरकारलाई धन्यवाद दिनैपर्छ। किनभने सरकार र प्रतिपक्षले प्रजातान्त्रिक अभ्यासको आधार आवधिक चुनावी प्रक्रियालाई पथभ्रष्ट (डिरेल) गरेनन्। राजनीतिक दल तिनका नेता, कार्यकर्तामा कमजोरी छन् र ती कतिपय सार्वजनिक नै छन्। तिनै कमजोरीको जगमा केही स्वतन्त्र र बागी, विद्रोही उम्मेदवारको उपस्थिति सशक्त भएको टिप्पणी गरिँदैछ। यसको अर्थ दल र तिनको नेतामा सबै कमजोरी मात्र छन्, तिनमा सबल र राम्रा पक्ष चाहिँ छँदैछैनन् भन्ने भने होइन। स्वतन्त्र वा बागी, विद्रोही उम्मेदवारमध्ये केहीले चुनाव जित्छन्, जितेका पनि छन्। यसपटक र यसअघि पनि।


कुलचन्द्र वाग्ले

तैपनि, यस्ता उम्मेदवार वा विजेता समाधान होइनन् गम्भीर सन्देश हुन्। दलीय प्रणालीमा स्वघोषित स्वतन्त्रहरुले पूरै मुलुक जित्ने र विजेता यस्ता उम्मेदवारले मुलुकी व्यवस्थापन चल्ने होइन। चल्ने कल्पनासमेत गर्न सकिँदैन। यसैले यस्ता उम्मेदवार चेतावनी हुन्, राजनीतिक दलहरुलाई सुध्रिन सन्देश दिने प्रत्यक्ष माध्यम हुन्। अर्कोतर्फ स्वतन्त्र उम्मेदवार वा चुनावमा बागी, विद्रोही हुने कारण दल र नेताहरुमात्रै पनि होइनन्। र, नेपालमा मात्रै यस्तो भएको पनि होइन। यसो हुनुका विभिन्न कारक हुन्छन् र ती बुझिने नै हुन्छन्। उदाहरण लिऊँ काठमाडौँ महानगरपालिकाका स्वतन्त्र उम्मेदवार बालेन्द्र(बालेन) शाहको।

शाहले जित्लान् वा हार्लान् तर उनले यहाँका उम्मेदवारबीच अहिलेसम्म पाएको सर्वाधिक लोकप्रिय मत दलहरुप्रतिको वितृष्णामात्रैको प्रतीक हो त ? लाग्छ, त्यसको केही अंश सत्य हो तर पूरा कारण योमात्रै होइन। कतै ती मतभित्र काठमाडौँमा (अन्यत्र पनि हुन्छ) बाहिरिया र भित्रिया मनोविज्ञानको प्रभाव पनि छ कि ? अन्य कारण पनि होलान् ती धेरै खोतल्ने काम छैन, बुझ्ने काम हो। स्वतन्त्रहरुले पहिलेभन्दा अहिले कति बाजी मार्छन् ? परिणामपछि तुलना हुने नै छ। यिनै दललाई ठोकठाक पारेर सुधारेर लानेबाहेक अर्को विकल्प यतिबेला हामीसँग छैन। समीक्षाको अर्को पाटो मत परिणाम र दलहरुबीचको मेलमिलाप, लेनदेन वा गठबन्धन छ। गठबन्धनले दलीय ध्रुवीकरण पनि बोध गराएको छ। दलीय प्रणालीमा दलगत ध्रुव र ध्रुवीकरण दुवै स्थिति बन्छन्। यस्ता ध्रुवहरु सैद्धान्तिक, व्यावहारिक वा परिस्थितिजन्य पनि बनाइन्छन्। यहाँ या स्थानीय तहको निर्वाचनमा दलहरुका आआफ्नै ध्रुव र दलहरु सम्मिलित ध्रुवीकरण पनि भएको छ। अर्थात् मिश्रित, ध्रुव र ध्रुवीकरण। अहिलेको चुनावमा कतै दलहरुबीच एक्लाएक्लै प्रतिस्पर्धा छ कतै गठबन्धन स्पर्धा भएको छ - ध्रुव पनि ध्रुवीकरण पनि।

पाँच दल सम्मिलित सरकार छ जसलाई गठबन्धन भन्ने परिचयले प्रसिद्धि दिएको छ। यही गठबन्धन केही चुनावी मोर्चामा सँगसँगै छ। प्रतिपक्षी नेपाल कम्युनिस्ट पार्टी (एमाले) पनि गठबन्धनमै ध्रुवीकृत देखियो। आंशिक वा पूर्ण दुई गठबन्धन देखिए। पहिलोलाई लोकतान्त्रिक वाम गठबन्धन भनिएको छ। त्यो ध्रुवीकरणमा नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र)जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चा। यो गठबन्धन नै सरकारमा पनि छ। अर्कोतर्फ प्रतिपक्षी ध्रुवीकरण वा गठबन्धनमा एमाले, राप्रपा, लोसपा, राप्रपा (नेपाल), जनमत पार्टी र परिवार दलगायत सम्मिलित छन्। गठबन्धनको हिसाबले दलहरुबीच दुईवटा ध्रुवीकरण देखिए। दलहरुको आआफ्नै ध्रुव पनि छँदैछन्।

दुई ध्रुवीय आकारको राजनीतिक भविष्य कस्तो होला ? तर यस्ता ध्रुवीकरण फेरिन सक्छन्, विगतमा फेरिएका पनि छन्। त्यसैले अनिश्चित आकारको ध्रुवीकरणको भविष्य निश्चित भन्न सकिँदैन। हाल बने बनाइएको ध्रुवीकरणमा सैद्धान्तिक आधार कम र व्यावहारिक सत्ताको आकर्षण बढी छ। तर, सरकारमा आसीन गठबन्धनले संवैधानिक प्रावधानलाई अघि बढाउने प्रतिबद्धता सार्वजनिक गरेको हो। यस्तो प्रतिबद्धताले अलिकति सैद्धान्तिक 'फ्लेअर' दिन्छ। संविधान लोकतन्त्र निर्देशित छ र त्यसलाई प्रक्रियागत ढाँचा दिन खोज्नुको बाटो लोकतन्त्रकै हुनजान्छ। यस्तो सैद्धान्तिक अंशमा गठबन्धको इमान कति हो भन्ने प्रश्न भने छँदैछ। अर्को, मत परिणाममा गठबन्धनको प्रभाव भन्ने हो। पहिलो सर्त कति स्थानीय निकायमा के कस्तो गठबन्धन उम्मेदवारी रह्यो भन्ने तथ्यांक प्रस्ट हुन आवश्यक छ। तिनमा कति हारे, कति जिते ? यो पनि निर्क्योल जरुरी छ। त्यसपछि गठबन्धनको प्रभाव परिणामको आकलन धेरै सही निस्केला।

गठबन्धनको खास उपलब्धि भने माओवादी केन्द्र र एकीकृत समाजवादीले पाएको देखिन्छ। माओवादीको त भन्नै परेन, यही दलका नेताहरुले उपलब्धिको सगौरव घोषणा गरेकै छन्। रह्यो एकीकृत समाजवादीको गुनासो। यस दलका नेताले आफ्नो धरातलीय यथार्थ लुकाउन खोजेका छन्। एकीकृत समाजवादीसँग तीनओटा विकल्प थिए। पहिलो आफू एक्लै चुनावमा होमिने, दोस्रो माओवादीसँग मात्रै मिल्ने, तेस्रो विकल्प यही गठबन्धन रोज्ने। गठबन्धनबाहेक अरु दुई विकल्पमध्ये कुनै एक रोजेको भए यो दलको हैसियत एक, दुईमै खुम्चिने निश्चित नै हो। यो दल एमालेमा अहिल्यै विलय हुन जान्थेन होला ? पोखरा महानगरपालिका र हेटौँडा उपमहानगरपालिकामा नेतृत्वको अवसर यही गठबन्धनको उपहार हो नेकपा एसलाई। यो पंक्ति लेख्दासम्म एसले नौ स्थानीय तह जितेको छ र एघारमा अगाडि छ। एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले गठबन्धनले फाइदा दिएन भन्ने घुर्की त लगाए तर एक्लै चुनावमा गएको भए हैसियत के हुन्थ्यो ? एमालेबाट विभाजित जहाँ डेढ दर्जन जति सांसद् होलान्, केन्द्रीय नेतृत्व एक दुईबाहेक छैनन्। संगठन निर्माण गर्नै नभ्याएको र जनाधार अत्यन्त फितलो रहेको यस दलले यथार्थमा गठबन्धनबाट सबैभन्दा धेरै प्राप्ति गरेको छ।

यसबाट स्पष्ट हुन्छ प्रदेश र संघको आगामी चुनावमा बढी हिस्सा खोज्न र आफूलाई 'बाघ' देखाउने हुँकारको 'हिस्स' हैसियतबाट अरुको ध्यान अन्यत्र मोड्न तिकडम तर्क नेपालले दिएका हुन्। गठबन्धनको क्षति त सबैभन्दा बढी नेपाली काँग्रेसले बेहोर्नु परेको छ। गठबन्धनलाई सिद्धान्तविपरीत मान्ने चर्को आवाज र चिरा काँग्रेसले नै बेहोर्नु पर्यो। स्थानीय तहमा केही सिट संख्या थपिएका होलान्। परिणाम सबै आएपछि प्रस्ट हुने नै छ। पुग नपुग एक तिहाइ स्थानीय तहमा गठबन्धन भएको हो। गठबन्धनले दिएको सिट संख्याभन्दा दोब्बर त नेपाली काँग्रेस एक्लैले जितेको छ। गठबन्धनले भरतपुर, पोखरा र हेटौँडामा देखाएको रौनक किन काठमाडौँमा देखिएन ? काँग्रेसभित्रै बागी, विद्रोही धेरै देखिए। कार्यकर्ता भाँडिए। काँग्रेसको इतिहास निर्माणका हिस्सा कैयन् नेता, कार्यकर्ता पार्टीबाटै निष्कासित गरिए। भरतपुरका जगन्नाथ पौडेल र कृष्णलाल सापकोटालगायत पुराना नेता, कार्यकर्ता आफ्नै पार्टीको चुनाव चिन्ह रुखमा मत दिन पाऊँ भन्दा निष्कासनमा परे, पारिए। जगन्नाथ पौडेलले खिचेको मत प्रतिक्रियात्मकरुपमा सूर्यतिर घोप्टिने अधिक सम्भावना थियो। यसपटक कुनै हालतमा 'हँसिया हथौडा'मा मत दिन नचाहने काँग्रेस मत पौडेलले तानिदिए। परिणाम रेणु दाहालको सम्भावित जितलाई सहज बाटो बनेको हुनुपर्छ।

रह्यो एमालेको कुरा। अहिले पनि ऊ दोस्रो स्थानमा छ। यसअघिका उसका सबै नकारात्मक कृत्यको परिणाम हो यो। नकारात्मक कामको सकारात्मक फल खोज्नु अर्को मुर्ख्याइँ हो। थप धाँधली र सत्ता बल मिच्याइको अनर्गल हल्ला मचाउने धुर्त्याइँ गर्दैछ एमाले। उसले जितेको ठाउँमा स्वच्छ निर्वाचन, अरुले जितेकोमा धाँधली देख्ने एमाले विचित्र चरित्र संसद्प्रति गरेको अन्यायमै खुलेको हो। त्यत्रो भारिभरकम बहसमतको सरकार टिकाउन नसकेको एमालेका अहिलेका अध्यक्ष केपी शर्मा ओलीले सबैको अस्तित्वलाई तिरस्कृत गरेकै हुन्। विधि, विधान, नागरिक र प्रेस स्वतन्त्रता थिचेकै हुन्। संवैधानिक निकायलाई जकेट्दै एकीकृत मनपरी गर्न खोजेकै हुन्। बित्थामा दुई दुईपटक संसद् विघटन गरिदिएकै हुन् र पुनर्स्थापित संसद्लाई बेअर्थ नौ महिना बन्दी बनाए। लामो समय निस्फल पारेर संसद् खुलाएको नकच्चरो प्रदर्शन अहिले एमाले गर्दैछ। देशको क्षमता, नागरिकको अधिकार संसद्को हुर्मत लिएकै त हो। यस्ता कुकृत्य गर्दा पनि एमालेले स्थानीय तहमा जुन प्रकारको जित पायो त्यो अनौठो हो र हामी मतदाताको समीक्षा क्षमताको लाछी प्रदर्शन पनि हो। सबै परिणाम घोषणापछि स्थानीय तह प्रतिनिधिको कस्तो चित्र र कार्यदिनमा देखिने चरित्र चित्रण आगामी दिनका समीक्षात्मक विषय हुन्।

# बलात्कारसम्बन्धी हदम्यादबारे

आफूलाई अन्याय परेको अबस्थामा न्यायिक उपचारका लागि सम्बन्धित निकायमा यथा समयमै याचिका दायर गरिसक्नु पर्ने कानूनले ब्यबस्था गरेको 'हदम्याद' मुद्दा दायर गर्न तोकिएको निश्चित समयावधी त हुँदै हो, त्यसका अतिरिक्त अपराधसँग सम्बन्धित प्रमाणहरुको उपलब्धता, तीनको परीक्षण, विश्लेषण र सुरक्षाको सवाल पनि हो। आरोप लगाउनु मात्रै प्रयाप्त हुँदैन त्यसलाई स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि गर्दै आरोपितलाई दण्डित गर्नु र पीडितलाई क्षतिपूर्ती सहितको न्यायले आस्वस्त गर्नु नै फौजदारी न्यायको मुलभूत उद्देश्य र मान्यता हो।

'पीडितको न्याय पाउने हक' र आरोपितको 'स्वच्छ सुनुवाईको हक' लाई न्यायशास्त्रमा समान महत्वका साथ हेर्ने गरिन्छ र न्याय प्रणालीले त्यसको प्रत्याभूती गरेकै हुनुपर्दछ। मुद्दाको विषयवस्तु र गम्भिरताको आधारमा मुद्दापिच्छे कानूनमा फरक फरक समयाबधीको ब्यबस्थासहितको हदम्याद तोकिएको हुन्छ। अन्यायमा परेको व्यक्तिले बिना बिलम्ब न्यायको खोजी गर्दछ।


हेमन्त रावल

चोट लागेको छ भने चोट लाग्ने बित्तिकै स्वत: ऐया भनिन्छ भन्ने मान्यताले नै हदम्यादको औचित्य पुष्टि गर्दछ। मुद्दाको त्रासको तरवार नागरिकको टाउकोमा राज्यले अनिश्चित कालसम्म झुन्ड्याई रहन पाउँदैन भन्ने मान्यतामा पनि हदम्यादको प्रसङ्ग जोडिएको हुन्छ भने हदम्याद लगायतका प्राबिधिक कारणले दोषीले उन्मुक्ति पाउनु हुँदैन भन्ने यथार्थतालाई पनि नजरान्दाज गर्न मिल्दैन। त्यसैले कानूनमा निर्धारित हदम्यादमा पनि हदम्याद बिस्तारको प्रावधान पनि कानूनमै राखिएको हुन्छ। नाबालक अबस्थाको ब्यक्तिमा भएको कसुरका लागि उसका अभिभावक वा संरक्षककातर्फबाट उजुरी गर्न सक्ने वा उ आफैं बालिग भएपछि बालिग भएको मितिदेखि मात्र हदम्याद गणना गर्ने गरिन्छ। यो प्राबधान अशक्त र असमर्थ अवस्थाका व्यक्तिको हकमासमेत लागू हुन्छ।

मानसिक सन्तुलन गुमाएका व्यक्तिको हकमा उपचार पछि निको भएको अबस्थाबाट हदम्याद सुरु हुन्छ भने बिदेशमा रहेको व्यक्तिको हकमा स्वदेश फर्के पछिको मितिबाट मात्र हदम्यादको गणना गर्ने गरिन्छ। अरुको अपहरण, कब्जा वा नियन्त्रणमा रहेको व्यक्तिको हकमा त्यस्तो नियन्त्रणको अबस्थाबाट मुक्त भए पछि मात्र उसको हकमा हदम्याद सुरु हुन्छ। कानूनमा यस प्रकारको ब्यबस्था गर्नुको पछाडि अन्यायमा परेको व्यक्ति न्यायिक उपचार खोज्ने अबसरबाट बञ्चित हुनु नपरोस भन्ने हो भने अपराधको

**(बाँकी ४ पृष्ठमा)**

# किन हुँदैन पुँजीगत खर्च ?

चालु आर्थिक वर्ष २०७८/७९ का आठ महिना व्यतित भइसक्दा फागुन मसान्तसम्म पनि संघीय बजेटले विनियोजन गरेको पुँजीगत खर्चको २०.४ प्रतिशत मात्र खर्च भएको थियो । अर्थात् रू.३७८ अर्बको विनियोजनमध्ये करिब रू.७७ अर्ब मात्र खर्च भएको छ । विकास खर्च हुन नसक्ने समस्या नेपालमा दीर्घरोग जस्तै बनिसकेको छ । अब त्यो अल्पकालीक समस्या मात्र नभएर एउटा कुसंस्कार र खराब परम्परा बनिसकेको देखिन्छ । प्रदेश र स्थानीय सरकारको सार्वजनिक खर्चको कार्य प्रदर्शनी थप निराशाजनक छ । 'गत आर्थिक वर्ष (२०७६/७७) मा संघीय पुँजीगत खर्च विनियोजित पुँजीगत बजेटको ४६.२ प्रतिशत रहेको थियो । वित्तीय संघीयताको कार्यान्वयनसँगै संघबाट प्रदेश र स्थानीय तहमा गरिएको वित्तीय हस्तान्तरणबाट भएको पुँजीगत खर्चलाई संघीय पुँजीगत खर्चमा लेखाङ्कन नगरिएकोले पनि संघीय सरकारको पुँजीगत खर्च तुलनात्मक रुपमा न्यून देखिने गरेको छ । आर्थिक वर्ष २०७६/७७ मा संघ, प्रदेश र स्थानीय तहको एकीकृत पुँजीगत खर्च एकीकृत खर्चको ३४.१ प्रतिशत रहेको छ ।'

यी औपचारिक तथ्याङ्कभित्रको कम छलफलमा ल्याइने तर गम्भीर अन्तर्निहित पक्ष के हो भने, प्रत्येक आर्थिक वर्षको आठ-नौ महिना बितिसक्दासम्म कुल विनियोजनको, अहिलेको आर्थिक वर्षको जस्तै; २० देखि ३० प्रतिशत मात्र खर्च हुने प्रवृत्ति दशक पुरानो भइसकेको छ । बाँकी अन्तिम त्रयमासमा हतारहतार खर्च गरेर पुँजीगत खर्चको लक्ष्य भेट्ने प्रयास गरिन्छ । आर्थिक वर्षको अन्तिम एक-दुई महिनामा गरिने खर्चको प्रभावकारिता, त्यसरी गरिने विकास कार्यको दिगोपन र त्यहाँ हुने व्यापक अनियमितता र भ्रष्टाचार अलग्गै विश्लेषणका पक्ष छन् । वर्तमानमा नेपालको कानुनी व्यवस्था, राजनीतिक स्थिरता र शासकीय प्रणालीमा कुनै गम्भीर प्रकृतिका समस्याहरु नदेखिएको समयमा समेत पुँजीगत खर्च औसतभन्दा पनि थोरै हुने प्रवृत्ति थप चिन्ताजनक पक्ष हो ।

यसका अतिरिक्त, नेपालको राष्ट्रिय ऋण पछिल्लो समयमा केही अस्वभाविक वृद्धि भए पनि अझै ऋण-कुल गार्हस्थ्य उत्पादनको अनुपात ५० प्रतिशतभन्दा कम छ, जुन असामान्य अवस्था होइन । राजस्व असुलीको वृद्धिदर सामान्यतः सन्तोषजनक छ । अथवा वित्तीय nrstf (fi scal space) उपलब्ध नभएका कारण स्रोत परिचानमा कठिनाई परेको अवस्था छैन । मुलुकको विकास हुन नसक्नुको कारण आर्थिक स्रोतको अभाव हो भन्ने हाम्रो सनातन विकासको भाष्य अब परिवर्तन भएको छ । यथार्थमा स्रोत प्रशोचन क्षमता (absorptive capacity) को यस्तो निरन्तर अभावको यो दयनीय अवस्था मुलुकको खासगरी भौतिक विकासमा नयाँ चुनौतीका रुपमा देखिएको छ ।

कारण पुँजीगत खर्च न्यून हुने समस्या मुलकले झेलेको लामो समय बितिसकेको छ । यही कारण, अयोजनाहरु समयमा सम्पन्न नहुने, सम्पन्न भएका आयोजनाहरु अपेक्षाकृत दिगो र गुणस्तरीय नहुने, लागत धेरै गुणा बढ्ने जस्ता दुष्परिणामहरु अर्थतन्त्रमा सहजै देखिन्छन् । यसका अतिरिक्त, न्यून पुँजीगत खर्चकै कारण वित्तीय प्रणलीमा अक्सर लगानीयोग्य तरलता उपलब्ध नहुने र यसले गर्दा थप पुँजी निर्माण, व्यवसाय विस्तार, रोजगारी सिर्जना र अन्ततः समग्र आर्थिक उत्पादकत्वमा नै नकारात्मक प्रभाव परिरहेको छ । 'असारे विकास'मा हतारहतार खर्च गर्ने प्रवृत्तिले भ्रष्टाचार मौलाएको आम जानकारीको विषय भइसकेको छ । थप महत्वपूर्ण, विकास साझेदारमाझ नेपालको छवि र विश्वसनीयता नराम्ररी खस्केको छ । त्यसको नकारात्मक असर नेपाल भित्रिने वैदेशिक सहायता र वैदेशिक लगानीमा प्रतिबिम्बित हुन थालिसकेका छ । नेपाल केही दशकयता यही नियति भोग्न अभिसप्त छ । समयमै पर्याप्त पुँजीगत खर्च हुन नसक्नुका यस्ता अरु धेरै असरहरु छन् । बजेट विनियोजनमा अङ्कित भइसकेको आर्थिक स्रोतसमेत परिचालन गर्न अथवा हुन नसक्नुका कारणलाई प्रमुख पाँच कारणहरु देहायबमोजिम छन् ।

१. संरचनागत कारण मुलुक एकात्मकबाट संघीय संरचनामा रुपान्तरित गर्ने मूल औचित्य नै पूर्ववत् राज्य प्रणाली मुलुकको विकास प्रशासन र अभ्यास जनअपेक्षाअनुरुप प्रभावकारी नभएका कारण स्थापित भएको हो । यही कारण संविधानले कार्यकारी, विधायिकी र आंशिक न्यायिक अधिकारसमेत प्रदेश र स्थानीय तहसम्म हस्तान्तरण गर्ने प्रावधान राखेको हो । खासगरी आर्थिक ऐन (बजेट) तर्जुमा र विकास निर्माणको शासकीय अधिकार निक्षेपित भएको छ । संविधानको अनुसूची-५ देखि अनुसूची-९ सम्मले संघ, प्रदेश र स्थानीय तहको विशिष्ट र साझा अधिकार वा जिम्मेवारी तोकिएका छन् । यसको प्रष्ट अर्थ के हो भने प्रत्येक तहका सरकारले आफ्नो कार्यक्षेत्रअनुरुपका बजेट निर्माण, योजना छनोट, आर्थिक स्रोत परिचालन र योजना कार्यान्वयन आफैँले गर्नुपर्छ, गर्न सक्षम हुनुपर्छ । तर, संविधानले परिकल्पना गरेका यस्ता संरचनागत व्यवस्थाहरु अनेकौं कारणले परिणममुखी ढङ्गले परिचालित हुन सकेका छैनन् । संघीय संरचनाअन्तर्गत स्रोत परिचालनलाई न्यायोचित र व्यवस्थित बनाउन संविधानको धारा २५० ले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरेको छ ।

तर व्यवहारमा यो संवैधानिक आयोगभन्दा राष्ट्रिय योजना आयोग थप शक्तिशाली जस्तो देखिनेगरी क्रियाशील छ । जबकि योजना आयोगको अवधारणा नै सोभियत संघकालीन केन्द्रीकृत विकासका निरन्तरता हो । यसको कुनै संवैधानिक र कानुनी हैसियत छैन । अहिलेको राष्ट्रिय योजना आयोग यसको 'गठन तथा कार्य सञ्चालन आदेश, २०७४' अनुरुप स्थापित हो । ३ तर यसलाई नेपालका योजना निर्माणदेखि, नियमन र अनुगमनको समेत जिम्मेवारी दिइएको छ । यो संघीयताको भावना र अभ्यास विपरीतको संरचना हो । केन्द्रमा रहेको यस्तो संरचनाले परिकल्पना गरेर कार्यान्वयनका लागि वितरण गर्ने आयोजनामा विनियोजित रकम कम खर्च हुनु स्वभाविक हो । राजनीतिक दबाबका आधारमा राम्ररी अध्ययन नगरिएका परियोजनाको छनोट र बजेट विनियोजन गर्ने विकृतिले जरो गाडेको छ । संघीय र प्रदेश सरकारले समेत सांसद विकास कोषका नाममा कुनै निर्धारित योजनाविनै बजेट छुट्ट्याउने अभ्यासलाई निन्तरता दिएका छन् । बजेट निर्माण प्रक्रिया संघीय सरकारमा अझै परम्परागत शैलीको छ । प्रादेशिक र स्थानीय तहमा सामान्य स्वीकार्य खाकाको बजेट बनाउने क्षमता नै विकास गर्न सकिएको छैन । स्थानीय योजनाको मागका आधारमा आफ्ना स्रोतका सम्भावनालाई समेत ध्यान दिएर बजेट निर्माण गर्नेभन्दा अनुदानको आकाशे आशालाई मात्र हेरेर तल्लो तहका सरकारले बजेट बनाउने गरेका छन् । यसो गर्दा सहज कार्यान्वयन हुने जनचाहनाका आयोजनाभन्दा कार्यकारीको छनोटका योजनाले प्राथमिकता पाउने गरेको देखिन्छ । र, यस्ता योजनामा विनियोजित रकम पनि खर्च नहुने सम्भावना सधैं विद्यमान देखिन्छ । जेठ १५ गते अर्थात् नयाँ आर्थिक वर्ष सुरू हुनु डेढ महिना अगावै संघीय बजेट प्रस्तुत गर्ने संविधानमै तोकिएको प्रावधानको लाभ अर्थतन्त्रले पाउन सकेको छैन । संविधानको धारा २३६ अन्तर्गतको प्रधानमन्त्री नेतृत्वको अन्तरप्रदेश परिषद् र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ अन्तर्गतको संघीय अर्थमन्त्रीको नेतृत्व, प्रादेशिक अर्थमन्त्रीहरु पदेन सदस्य एवम् पालिका तहको समेत प्रतिनिधित्व भएको अन्तरसरकारी वित्त परिषद्जस्ता संरचनाले पुँजीगत खर्चको यस्तो दयनीय अवस्था हुँदासमेत यथोचित चासो नदिएको अवस्था छ । यी संरचनाको बैठकसमेत बसेको



डा. अच्युत वाग्ले

जानकारी छैन । पालिकाका उप-प्रमुख स्थानीय राजस्व परामर्श समितिको संयोजक रहने व्यवस्था छ । व्यवहारतः यो पद पालिका तहको 'अर्थमन्त्री' हो ।

तर, यो संरचना त्यही भावना र सक्रियताकासाथ अझै क्रियाशील हुन सकेको छैन । संघमा अधिक बजेट परिचालन गर्ने 'विकासे' मन्त्रालयको आवधिक कार्य प्रगति समीक्षा गर्ने अर्थ मन्त्रालयको भूमिका प्रभावकारी देखिएको छैन । त्यस्तै, संघीय मामिला मन्त्रालयको संयोजकत्व र नेतृत्वमा उपराष्ट्रिय तहको स्रोत परिचालन प्रभावकारिताको नियमित अनुगमन हुने एउटा अलग्गै संयन्त्रको आवश्यकता टड्कारो देखिएको छ । संघीय, प्रादेशिक र स्थानीय बजेट संरचनाका मापदण्डहरु तय हुनु आवश्यक छ । उदाहणका लागि, वर्तमान मूल्यस्तरमा, न्यूनतम दश करोड रूपैयाँभन्दा कम रकमका योजना संघीय बजेटमा र न्यूनतम पाँच करोड रूपैयाँभन्दा कमका आयोजनाहरु प्रादेशिक बजेटमा समावेश नगर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्नुपर्ने आवश्यकता छ ।

त्यस्तै, अहिले राष्ट्रिय गौरवका भनिएका आयोजनालाई संघीय सरकारका आयोजनाहरु मात्र भन्नु पर्याप्त हुन्छ । तिनको परिभाषा र व्यवस्थापनको मापदण्ड पनि थप प्रष्ट हुनु आवश्यकता छ ।

### २. संस्थागत कारण

पुँजीगत खर्च हुन नसक्नुको एउटा मुख्य कारण आयोजना पहिचानदेखि बजेट विनियोजनसम्मको प्रक्रिया संस्थागत हुन नसक्नु हो । आयोजनाको आवश्यकता पहिचान अक्सर राजनीतिक दबाब र स्वार्थमा गरिन्छ । यो त्यसको लाभ-लागतको विश्लेषण भएको हुँदैन । विस्तृत आयोजना प्रतिवेदन (म्एच) र डिजाइन बनेको हुँदैन । वातावरणीय प्रभाव मूल्याङ्कन (भ्क्ष्ब) गरिएको हुँदैन । आयोजनाका लागि आवश्यक जग्गा प्राप्तिको सुनिश्चितता, वन कटानको स्वीकृति र यसका लागि स्थानीय लाभग्राही वा सरोकारवालाको सहयोग र सहभागिताबारे सोचिएकै हुँदैन । तर, ती आयोजनाका नाममा बजेट विनियोजन हुन्छ तर खर्च हुन सक्दैन । यस्ता सयौं साना र ठूला दुवैखाले आयोजनाहरु छन् । त्यस्तै, नेपालमा ठूला र बहुवर्षीय भनिएका आयोजनाको पहिचान, परिभाषा र बजेट परिचालन अत्यन्तै तदर्थवादी छ । बहुवर्षीय आयोजना भनेको पूरा हुन एक वर्षभन्दा बढी लाग्ने योजना हुन् भनेर मात्र बुझिएको छ । वास्तवमा त्यस्ता आयोजनाका लागि पूरा आर्थिक स्रोतको व्यवस्था भएपछि मात्रै ठेक्का प्रक्रिया सुरू गर्नुपर्छ । हरेक वर्षको बजेटमा सानासाना रकम विनियोजन गर्ने र त्यो खर्च गर्न प्रत्येक वर्ष बजेट संसदबाट परित हुन कुर्नुपर्ने नियतिको शिकार ती आयोजनालाई बनाइनु हुँदैन ।

यस्ता आयोजनाको काम आर्थिक वर्ष परिवर्तन भएका कारण रोकिन पनि हुँदैन । नेपालमा बहुवर्षीय भनिएका आयोजनालाई यसरी सुचारु गर्ने अभ्यास नै आरम्भ गर्न सकिएको छैन । आयोजनाहरु प्रस्ताव गरिँदा त्यसको कार्यान्वयन खाका र आवश्यक पर्ने प्राविधिक जनशक्ति खटिनुपर्ने कर्मचारीको उपलब्धता आदिबारे बेवास्ता गरिन्छ । यही कारण आयोजनामा ठेक्का लाग्न ढिला हुन्छ र ती समयमा सुरू नै हुँदैनन् । ठूला अयोजनामा खटाइने प्रमुखहरुको नियुक्ति र फेरबदलमा चरम राजनीतिक हस्तक्षेप हुने गरेको छ । यी सबै कुराको प्रभाव आयोजना कार्यान्वयनमा पर्छ र तोकिएको रकम खर्च हुँदैन । स्थानीय तहका धेरै आयोजना प्राविधिक जनशक्ति र उपकरणको अभावमा उपलब्ध बजेट खर्च गर्न असमर्थ छन् । आयोजना पूरा नहुँदै बीचमै कर्मचारीको सरुवा हुने गरेकाले पनि बजेट समयमा कार्यान्वयन हुन समस्या परेको दखिन्छ ।

संघीय, प्रादेशिक र स्थानीय तीन वटै तहका सरकारसँग राम्ररी अध्ययन भएका र तत्काल कार्यान्वयनमा जान सक्ने विभिन्न आकारका आयोजनाको योजना बैंक छैन । यस्तो बैंकमा भएका योजनामध्येबाट प्राथमिकीकरण गरेर बजेट विनियोजन र कार्यान्वयन गर्ने परिपाटी त झन् परको विषय बनेको छ । यी पक्षहरुलाई सुधार नगरी पुँजीगत खर्च बढाउने दिशामा खास उपलब्धि हासिल हुने देखिँदैन ।

### ३. कानुनी कारण

न्यून पुँजीगत खर्चसँग प्रत्यक्ष रुपमा सम्बन्धित कानुन 'सार्वजनिक खरिद ऐन, २०६३' हो । यसको दश पटक संशोधन भइसकेको छ, तापनि कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । यसो हुनुमा पनि केन्द्रीकृत शासकीय मानसिकता जिम्मेवार छ । अरु सबै प्रमुख आर्थिक अधिकार तल्लो तहका सरकारले नै बनाएका आर्थिक ऐन-नियमबमोजिम चल्ने संघीय पद्धति बसालिएपछि सार्वजनिक खरिद चाहिँ एउटै संघीय कानुनअनुरुप गर्ने/गराउने कसरत क्रमशः निरर्थक सावित भइरहेको छ । मूल चासो र चिन्ता स्रोत परिचालनको प्रभावकारिता र खर्च पारदर्शिताको हो । यी दुवै काम आ-आफ्नो क्षेत्राधिकारअनुसार प्रादेशिक र स्थानीय तहलाई नै जिम्मेवार र जवाफदेही बनाएर मात्रै गर्न सकिनछ । किनभने, एउटा खरिद अनुगमन कार्यालय बढीमा प्रदेश तहसम्म क्रियाशील हुन सक्ला । सबै स्थानीय तहमा पुग्न सम्भव छैन । साथै, विभिन्न तह र खास अधिकारप्राप्त व्यक्तिले बोलपत्र स्वीकृत गर्ने सीमा ऐन र नियमले तोकिदिएका छन् । तथापि, अधिकारीहरु अनावश्यक झन्झटमा फसिनेलगायतका अनेकौं कारणले समयमै टेण्डर आह्वान गर्ने र स्वीकृत गर्ने जोखिम लिन चाहँदैनन् ।

सकेसम्म जिम्मेवारीबाट पन्छिने गर्छन् । त्यसले आयोजनाहरु समयमा कार्यान्वयनमा जाँदैनन् र विनियोजित बजेट खर्च हुँदैन । खर्च पारदर्शिताको प्रश्न पनि कानुनी विषयसँगै जोडिएर आउँछ । एकातर्फ जुन हदसम्म स्थानीय सरकारलाई समेत खर्चको अधिकार वित्तीय संघीयता अभ्यास गर्ने अधिकार दिइएको छ त्यसको तुलनामा अनियमितता र भ्रष्टाचार नियन्त्रणको संयन्त्रहरु, जस्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र आदिको सञ्जाल पूर्ण रुपले विकेन्द्रित हुन सक्ने सम्भावना छैन । त्यसैले, आर्थिक पारदर्शिता र जवाफदेहिता संयन्त्र पनि स्थानीय सरकार सापेक्ष नै निर्माण र कार्यान्वयन हुन आवश्यक छ । बजेट र आयोजनाबारे नियमित सार्वजनिक सुनुवाइ, खर्च विवरणको आवधिक सार्वजनिकीकरण आदि व्यवस्था र कार्यान्वयन उप-राष्ट्रिय सरकारकै तहमा गर्नु अपरिहार्य छ । ती कानुन उनीहरुले नै बनाउनुपर्छ । संघीय सरकारका इकाईले साझा खाका (तझउबितभ) सम्म दिन सक्छन् ।

### ४. क्षमतागत कारण

क्षमता आफैँमा एउटा बहुआयामिक अवधारणा हो । अर्थतन्त्रको सञ्चालन, त्यो जत्रोसुकै आकार वा विविधताको भए पनि, एउटा प्राविधिक कार्यसमेत हो । बजेट निर्माण, स्रोत व्यवस्थापन, आयोजना छनोट र कार्यान्वयन, लेखाङ्कन आदि जिम्मेवारहरु फगत सहज बुद्धिका आधारमा मात्र उत्तम परिणामका साथ सम्पन्न हुन सक्दैननृद्ध । यसर्थ, अर्थतन्त्र सञ्चालनको सार्वजनिक नेतृत्व गर्ने निर्वाचित र सार्वजनिक सेवाका निर्णायकमा अर्थशास्त्रको विषयगत र क्षेत्रगत विशिष्ट शिक्षा, तालिम र ज्ञान हुन आवश्यक मानिन्छ । नेपालका हकमा यो अत्यन्तै खट्केको विषय भएको छ । संघीय एवम् प्रादेशिक अर्थ मन्त्रालय र पालिका तहको राजनीतिक र कर्मचारी दुवै नेतृत्व यो आर्थिक मामिलामा औसत जानकारी नै नभएको भयो भने स्रोत प्रशोचनलागयतका पक्षहरु कमजोर हुन्छन् ।

खासगरी आयोजना प्रमुखहरु अप्राविधिक सेवाबाट खटाइने, इञ्जिनियरजस्ता प्राविधिकमा व्यवस्थापकीय कौशल कम हुने र व्यवस्थापकमा प्राविधिक ज्ञान बिलकुलै नहुने समस्याले नेपालको आयोजना कार्यान्वयन प्रभावित हुने गरेको छ । स्थानीय तहलाई आफूले चाहेअनुरुपका जनशक्ति भर्ना गर्ने छुट दिन संविधान र कानुनले कन्जुस्याइँ गरेका कराण पनि पुँजीगत खर्च न्यून हुने गरेको छ । उप-राष्ट्रिय सरकारका निर्वाचित नेतृत्व र कर्मचारी दुवै पक्षलाई आयोजना व्यवस्थापन क्षमता विकासको आवश्यकता राष्ट्रव्यापी रुपमै छ । निर्वाचित जनप्रतिनिधिलाई आयोजना छनोट, बजेट निर्माण, आयोजना कार्यान्वयन, सार्वजनिक खरिद, लेखा प्रणाली र आर्थिक पारदर्शिताका आयाम, महत्व र पद्दतिका बारेमा सघन तालिमको आवश्यकता देखिएको छ । यिनै सीपको अभावका कारण कतिपय पालिकाले वार्षिक बजेट बनाउन जानेनन् र धेरैले जेनतेन गरेर बनाएको बजटमा पनि प्राविधिक अङ्ग पुगेको भयो न त यसको कार्यान्वयन प्रभावकारी छ ।

### ५. खोज/अनुसन्धानसम्बद्ध कारण

नेपालमा लगातार न्यून पुँजीगत खर्च हुनुका कारणबारे व्यवस्थित खोज, अनुसन्धान र प्रकाशन भएको छैन । यो आलेखमा जस्तै केही सतहमा देखिएका मुख्य प्रवृत्तिमाथि प्रतिक्रियात्मक विश्लेषणहरु त्यो पनि सीमित मात्रामा मात्र भएको छ । राजनीतिक दलका औपचारिक दस्तावेजमा यस्ता विषयले प्रवेश नै पाउँदैन । कानुनको अभावले कुन हदसम्म, संस्थागत क्षमता अभाव र निर्णायकको योग्यताको कमीले कतिकति मात्रामा स्रोत प्रशोचन क्षमतालाई प्रभावित गरेको छ, आदि विषयमा विरलै अध्ययन भएको छ । तुलनात्मक रुपले उत्साहप्रद पुँजीगत खर्च गर्न सफल भएका सरकार खास कालखण्डका संघीय सरकारका अर्थमन्त्रीको कार्यालय, प्रदेश र पालिकाहरु सबैको अध्ययन गर्ने र ती अभ्यासलाई अन्यत्र विस्तार गर्ने परम्परा पनि स्थापित गर्न जरूरी छ । अहिल सरकारी स्वामित्वमा रहेको नीति अनुसन्धान प्रतिष्ठान, गैरसरकारी क्षेत्रमा खुलेको नेपाल पोलिसी इन्स्टिच्युट र विभिन्न विश्वविद्यालयका अनुसन्धान केन्द्रले यस्तो खोज गर्न सघाउन सक्छन् ।

समस्याहरु बजेट निर्माण, त्यसको कार्यान्वयन प्रक्रियाको स्रोत वितरणमा कहाँ र कुन गहिराईमा छन् ? तिनको पहिचान गरेर समाधानतर्फ लाग्नुपर्छ । र, यिनको दिगो समाधान पहिल्याउनका लागि यो खोज अनुसन्धानको समग्र प्रक्रिया अनुमान र प्रतिक्रियामा होइन, तथ्य-तथ्याङ्कमा आधारित हुनु अहिलेको पूर्वसर्त हो ।

*राष्ट्र बैंक समाचारबाट*

## बलत्कारसम्बन्धी....

अनुसन्धानमा प्रमाणको उपलब्धता सहज रहोस र अभियोजन प्रमाणमा आधारित बनोस अनि अदालतबाट प्रमाण र कानूनको आधारमा दोषीलाई दण्ड दिन सकियोस् ।

दोषीलाई दण्डित गरिँदा दोषीले गरेको अपराध कर्मको प्रायश्चित अनुभूत गरोस्, पीडितले क्षतिपूर्तीसहित न्याय प्राप्तिको महशुस गरोस अनि समाजका अरु व्यक्तिहरुले त्यसबाट शिक्षा लिउन र अपराधकर्माबाट आफुलाई अलग्गै राखुन भन्ने नै फौज्दारी न्यायमा दण्डको सिद्धान्त हो । जबरजस्ती करणी जस्तो गम्भिर प्रकृतिको मुद्दामा प्रचलित कानूनमा भएको एक वर्षको हदम्याद बढाउनु पर्छ भन्ने बहसले पछिल्लो समय चर्चा पाउने गरेको छ । हदम्याद बढाउनु पर्छ भन्दा दिइएको हदम्याद के कारणले अप्रयाप्त छ भन्ने तिर बढी जोड दिनु पर्दछ ।

एक वर्ष सम्मै कसैले कसैलाई बन्धक बनाएर यौन शोषण गऱ्यो भने बन्धकबाट मुक्त भएको मितिले थप हदम्याद गणना हुन्छ । अशक्त अबस्था भइ उपचार गर्नु पर्ने हो भने त्यस पछि मात्रै उसको हकमा हदम्याद सुरु हुन्छ । नाबालक हो भने बालिग भएपछि मात्र हदम्याद सुरु हुन्छ वा उसको अभिभाबकले सुरुमै उजुरी गर्न सक्छ । घटनाको लगत्तैको उजुरीले प्रमाणको ताजगीलाई मजबुत बनाउछ भने बिलम्बको उजुरीले परिणामको प्राप्तिलाई दुरुह बनाउँदछ । उजुरी गर्नु मात्रै सफलता होइन उजुरीलाई न्यायिक निस्कर्षमा पुऱ्याउनु उजुरीको उपादेयता हो ।

उजुरीका लागि सम्बद्ध कानूनमा भएको हदम्यादको बिस्तार गर्दा घटनास्थलबाट तत्काल प्राप्त हुन सक्ने प्रमाणको लोपको अबस्थालाई बिस्तारित हदम्यादले कसरी सम्बोधन गर्न सक्छ त्यसतर्फ पनि विधिकर्ताको ध्यान जानु जरुरी देखिन्छ । बिश्वमा जबरजस्ती करणी जस्तो गम्भिर प्रकृतिको कसुर अपराधमा उजुर गर्ने हदम्याद नै नभएका कानून भएका मुलुकहरु पनि छन् भने एक वर्ष भन्दा कम समय अबधीका हदम्यादको कानून भएका मुलुकहरु पनि छन् । तैपनि त्यहाँ पनि न्याय बिबादित छ ।

हदम्यादले मात्र न्याय सुनिश्चित गर्दैन । हदम्यादले न्याय परास्त गर्नु हुँदैन भने अपराधलाई अनिर्णित अबस्थामा लामो समयसम्म अल्झाई रहनु पनि हुँदैन । त्यसको समयोचित निदान हुनै पर्दछ । जाहेरी अपराधको नितान्त पहिलो सूचना हो । जाहेरी दर्ता गर्न नै ठूलो युद्ध जितेको महशुस गर्नु पर्ने जस्तो प्रकृतिको प्रबृत्तिलाई सुधार गरौं । जाहेरी प्रहरिमा मात्र होइन सरकारको प्रतिनिधित्व गर्ने हरेक स्थानीय तहका वडा कार्यालयहरुमा पनि सहज तरिकाले दर्ता गर्न सक्ने ब्यबस्था गरौं ।

गम्भिर प्रकृतिका कसुर अपराधमा जाहेरी सम्बन्धित व्यक्तिले मात्र होइन देख्ने सुन्ने जान्ने जेसुकैले पनि दर्ता गर्न सक्ने गरौं । जाहेरी दिन स्वयं शशरीर उपस्थित हुनु नपर्ने गरी अनलाइन, इमेल, भ्वाइसमेलबाट पनि दिइएको अपराधको सूचनालाई ग्रहण गर्ने पद्धतिको विकास गरौं । कानुनको बारेमा नागरिक तहमा बढी भन्दा बढी जानकारी गराऔं । अन्याय गर्नु हुँदैन र अन्याय सहनु पनि हुँदैन भन्ने भाबलाई सबैले मनन गर्ने गरौं । चोट लाग्दा दुख्नेले तुरुन्तै ऐया गर्छ । सोची सम्झी पछि ढिलो गरी ऐया गर्दा घाउको दुखाईमा सन्देह पैदा हुन्छ । कानून प्रतिको दृष्टिकोण समग्रतामा आधारित हुनुपर्दछ घटना पिच्छेको फरक दृष्टिकोण कानूनप्रतिको भ्रम अरु बढ्ने जोखिम रहन्छ यस तर्फ बिधिनिर्माता बिधायकहरु बढी गम्भिर हुनु पर्दछ । प्रचलित कानून जे छ मान्नु त सबैले पर्दछ । तर मान्नु भन्दा पहिले कानून जान्नु पनि पर्दछ । कानून जान्नु र मान्नु दुबै नागरिकको कर्तव्य भित्रै पर्दछ ।

# महिलाले आफ्नो शरीरमा हुने क्यान्सरलाई कसरी पहिचान गर्ने ?

लेखमा हामी ती क्यान्सरहरुको बारेमा कुरा गर्नेछौं, जुन केवल महिलाको शरीरमा हुन्छ । अन्डाशय, पाठेघर र पाठेघरको मुख (फ्यालोपियन ट्युब) मा हुने क्यान्सर महिलाको शरीरमा मात्रै हुन्छ । दुर्भाग्यवश, यी अंगमा क्यान्सर भएपछि सुरुवाती चरणमा प्रायः कुनै पनि किसिमको पीडा हुँदैन । एक किसिमको मौन चरण चलिरहेको हुन्छ । कैयौं महिनासम्म क्यान्सर शरीरमा चुपचाप बढिरहेका हुन्छन् । यो रोगको पहिचान प्रायः त्यो समयमा हुन्छ, जब क्यान्सरहरु फैलिएर अन्य अंगसम्म पुगिसकेका हुन्छन् । त्यति बेला धेरै ढिलो भइसकेको हुन्छ । यदि, हामीले यो रोगलाई सुरुवातमै थाहा पाउन सकेमा पूर्णरूपमा उपचार गर्न संभव छ । तर, सुरुवाती चरणमै पत्ता लगाउन चिकित्सकभन्दा पहिले व्यक्तिले नै केही जानकारीहरू राख्नु पर्छ । यी क्यान्सरहरूबारे हामीले थोरै मात्र थाहा पायौं भने पनि त्यो पर्याप्त हुन्छ । यो लेखको एक मात्र उद्देश्य पनि यही हो । तीन किसिमका क्यान्सरहरूबारे केही जानकारी र आवश्यक विषय यहाँ हामी प्रश्नोत्तरको शैलीमा बुझ्ने प्रयास गर्नेछौं ।

**अन्डाशयको क्यान्सर**

किन महिलालाई यो क्यान्सरको जोखिम धेरै हुन्छ ?

यो क्यान्सरको जोखिम प्रायः बढी उमेरका महिलालाई हुन्छ । ७५ देखि ८० वर्षका महिलालाई धेरै मात्रामा यो क्यान्सर हुन्छ । ४० वर्षभन्दा कम उमेरका महिलाहरुलाई यो क्यान्सर हुने जोखिम नगन्य हुन्छ । यो क्यान्सर ती महिलालाई धेरै हुन्छ, जसको अन्डाशयले ठीकसँग काम गर्न सकिरहेको हुँदैन । उदाहरणका लागि, जो महिला सन्तान जन्माउन सक्षम हुँदैनन्, वा यस्ता महिला जसलाई केही सन्तान लाभ भए पनि गर्भवति हुन नसक्ने अवस्था हुन्छ, वा यस्ता महिला जसको पटकपटक गर्भपतन भएको हुन्छ । यसको ठीक विपरीत, हरेक पटक गर्भवती हुँदा अन्डाशयमा हुने क्यान्सरको आशंका १० प्रतिशत कम हुने मानिन्छ । सँगै स्तनपान तथा 'ओरल कन्ट्रासेप्टिब'ले पनि यो क्यान्सरको आशंकालाई कम गर्छन् । १० प्रतिशतलाई यस्तो क्यान्सर आनुवंशिक पनि हुनसक्छ । रगतको नाता भएका दुई वा दुईभन्दा धेरै पुस्तालाई यो क्यान्सर भएको छ भने आगामी पुस्तालाई पनि यो क्यान्सर हुने जोखिम ५० प्रतिशतसम्म बढेर जान्छ ।

**यो क्यान्सरको लक्ष्यण के हो ?**

यसको सबैभन्दा जोखिम धेरै समयसम्म कुनै पनि किसिमको पीडा पैदा नगर्नु हो । पछि जब क्यान्सर फैलिएर आसपासका अन्य अंगसम्म पुग्छ ( पेल्बिसदेखि पिशाबको थैली वा वरपरका नशाहरुमा), तब मात्रै पेट दुख्ने, पिसाब गर्दा असहज हुने, कब्जियत हुने, कम्मरमा दुखाइ हुनेजस्ता समस्या देखिन थाल्छन् । त्यसैले यो क्यान्सर शरीरमा छ भने पनि लामो समयसम्म यसबारे कुनै कुरा थाहा हुँदैन । यो कारण पनि अन्डाशयको क्यान्सर धेरै खतरनाक छ । त्यसो त मेडिकल साइन्सले कुनै किसिमको परीक्षणमार्फत बिरामीलाई समयमै पहिचान गर्नसक्ने उपायको खोजी निरन्तर गरिरहेको छ । तर, हालसम्म कुनै उपाय भेटिएको छैन । त्यसो भए अहिलेको अवस्थामा के गर्न सकिन्छ ? हाललाई अन्डाशयको क्यान्सरबारे थाहा पाउन कुन किसिमको 'स्क्रिनिङ मेथड' अपनाउनुपर्छ ?

पहिलो चरण वा दोस्रो चरणको समयमा यो क्यान्सरबारे थाहा पाउन सकियो भने पूर्ण रुपमा हटाउन सकिन्छ । त्यसपछि क्यान्सर भएकी महिला पूर्ण रूपमा स्वस्थ हुनसक्छिन् । तर, यसलाई कसरी पहिचान गर्ने ? हाललाई यसको जवाफ छैन । यो अवस्थामा कमसेकम जुन महिलालाई क्यान्सर हुने आशंका बढी हुन्छ (उदाहरणका लागि ती महिलाहरू जसको नजिकका आफन्त महिलामा यो क्यान्सर भएको होस्), उनीहरूलाई नियमित रूपमा आफ्नो शरीरको तीन किसिमका परीक्षणको सल्लाह दिन सकिन्छ । ती परिक्षण यसप्रकार छन्:

१. कुनै सक्षम गाइनेकोलोजिस्टसँग शरीरको आन्तरिक जाँच गराउने
२. कुनै राम्रो सोनोलोजिस्टसँग आफ्नो ट्रान्स भेजाइनल (पाठेघरको मुखसम्मको) अल्ट्रासाउन्ड गर्ने
३. रगतको विशेष परीक्षण (सीए १२५ परिक्षण) गर्ने

यी परीक्षणहरु निकै आवश्यक छन् । यस्तो नगरेमा क्यान्सर पूर्णरूपमा फैलिएपछि मात्रै थाहा हुन्छ । पूर्णरूपमा फैलिएको क्यान्सर निकै खतरनाक हुन्छ ।

**पाठेघरको मुखको क्यान्सर**

एक समय यो क्यान्सर महिलाहरूको मृत्युको महत्वपूर्ण कारण थियो । पछि एउटा सामान्य किसिमको स्क्रिनिङ परीक्षण (पैप्स स्मियर)को खोज भएसँगै यो क्यान्सरलाई सुरुवाती समयमै पत्ता लगाउन सकिने भयो । मेडिकल विज्ञानको क्षेत्रमा यो सानो खोजका कारण पाठेघरको मुखको क्यान्सरबाट हुने मृत्यु करिब ५० प्रतिशतसम्म कम भएको थियो ।

**प्याप स्मेयर के हो ?**

यो एउटा सामान्य किसिमको परिक्षण हो, जुन तपाईंको गाइनेकोलोजिस्टले आउटडोरमै दुई वा तीन मिनेटमा गर्न सक्छन् । २४ घण्टाभित्रमा यसको रिपोर्ट पनि आउँछ । यो टेस्टबाट चिकित्सकले पाठेघरको मुखमा क्यान्सर विकसित भए नभएको थाहा पाउन सक्छन् ।

**कस्ता महिलामा यो क्यान्सरको बढी आशंका हुन्छ ?**

यो क्यान्सर हुनुमा मुख्यगरी यौन क्रियाकलापमा सक्रिय हुने एचपीबी नामक भाइरसको भूमिका धेरै हुने जानकारीमा आएको छ । यो क्यान्सरलाई पूर्णरूपमा रोक्न सक्ने स्थिति पनि निर्माण भएको छ । अहिले यो भाइरसको विरुद्धमा एउटा मल्टिभेलेन्छ खोपको खोज भएको छ । यदि,

**ज्ञान चतुर्वेदी**

हामीले आफ्ना किशोर छोरीहरुलाई यो खोप सही उमेरमा दिन सकेमा यो क्यान्सरको रोकथाम हुनसक्छ । त्यसो त यो भाइरस मात्रै पाठेघरको मुखको क्यान्सरको एक मात्र कारण होइन । यो क्यान्सर गरिब महिला (जसले पर्याप्त मात्रामा भोजन पाउँदैनन), कम उमेरमा यौनजन्य क्रियाकलापमा सक्रिय भएका महिला, धेरै व्यक्तिसँग यौन सम्पर्क गर्ने महिला, धुम्रपान गर्ने र परिवारमा विगतमा यो बिरामी भएका महिलामा पनि हुने डर हुन्छ ।

**यो क्यान्सर भएमा कस्ता असहजताहरु हुन्छन् ?**

पाठेघरको मुखको क्यान्सरले पनि सुरुवातमा असहजता पैदा गर्दैन । तर, योनीबाट असामान्य किसिमको रक्तश्राब भएमा, ज्यादा रगत बगेमा, सहवासपछि रगत बग्ने भएमा वा पहेँलो रङको 'भजाइनल डिस्चार्ज' भएमा, लगातार कम्मर दुख्ने र पिसाब फेर्नमा असहजता भएमा एकपटक जाँच गर्नैपर्छ । यस्तोमा गाइनेकोलोजिस्टले महिलाको पैप स्मियर, आन्तरिक परीक्षण र आवश्यक भएमा सर्विक्स बायोप्सी जस्ता परीक्षण गर्न सक्छन् ।

**के पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ सम्भव छ ?**

अवश्य पनि छ । महिलाहरूले यौनजन्य क्रियाकलाप सुरु गरेपछि वा २० वर्षको उमेर भएको सुरुवातका तीन वर्षसम्म हरेक वर्ष पैप्स स्मियर गर्नुपर्छ । यदि, सबै कुरा ठीक देखिएमा त्यसपछि तीन-तीन वर्षको फरकमा यो परीक्षण गर्नुपर्छ ।

माथि उल्लेखितमध्ये कुनै पनि किसिमका असहजता पैदा भएमा बीचमा पनि यी परीक्षण गर्नुपर्छ । यस्तो गरेमा यो क्यान्सरलाई एकदमै सुरुवाती चरणमा पत्ता लगाउन सकिन्छ ।

**पाठेघरको क्यान्सर**

यो लेखको अन्त्यमा पाठेघरको क्यान्सरको चर्चा भए पनि आजको समयमा महिलाको प्रजनन् अंगमा धेरै हुने क्यान्सर यही बनेको छ ।

**कस्ता महिलामा यो क्यान्सरको आशंका धेरै हुन्छ ?**

पाठेघरको क्यान्सर हुने महिलामध्ये दुईतिहाइ ती महिला हुन्छन्, जसको मनोपज (महिनावारी बन्द भएपछिको समय) भइसकेको हुन्छ । साधारणतः यो ६० देखि ७० वर्षका महिलामा धेरै हुने गरेको छ । त्यसो त यो क्यान्सरको एकतिहाइ रूपमा कम उमेरका महिलामा पनि हुन सक्छ ।

**पाठेघरको क्यान्सरका लक्षणहरू के–के हुन् ?**

पाठेघर एउटा ठूलो आकारको अंग हो । यसभित्र ठूलो खाली ठाउँ हुन्छ । यसमा क्यान्सर फैलिनका लागि पर्याप्त ठाउँ पनि हुन्छ । धेरै ठाउँमा फैलिनुअघि नै प्रायः यसबारे थाहा पाइन्छ । त्यसैले यसको पूर्णरूपमा उपचार गर्न संभव छ । तपाईंले जान्नुपर्ने कुरा, यदि कुनै महिलालाई (जसको मनोपज भइसकेको छ) योनाङ्गबाट खराब किसिमको पानी बग्ने वा महिनावारी बन्द भइसकेको समयमा पनि कहिलेकाहीं ब्लिडिङ हुने वा योनाङ्गबाट धेरै पानी बग्ने समस्या छ भने उनीहरुले गाइनेकोलोजिस्टसँग तुरुन्तै परीक्षण गराउन आवश्यक हुन्छ । यस्तो अवस्थामा गाइनेकोलोजिस्टले प्रायः एन्ठोमेट्रियल बायोप्सी वा डि एण्ड सीको सानो सर्जरी गरेर यो क्यान्सर पत्ता लगाउन सकिन्छ । त्यसपछि शल्यक्रिया गरेर पूरै पाठेघर, अन्डाशयजस्ता अंगहरू निकालेर यसको पूर्णरूपमा उपचार गर्न सकिन्छ ।

**हामीले यो पूरै लेखबाट के बुझ्न सक्छौं ?**

१. महिलाहरूलाई आफ्ना प्रजनन् अंगहरूमा हुने क्यान्सरले प्रायः कुनै पनि किसिमको असहजता हुँदैन । तर, यी क्यान्सर पत्ता लगाउन उपलब्ध भएका स्क्रिनिङका सुविधा ती महिलाले निरन्तर गराइरहनु पर्छ, जो यीमध्ये कुनै पनि किसिमका क्यान्सर हुने जोखिममा हुन्छन् ।
२. महिलाहरूलाई हुने पेटको दुखाइ, पिसाबमा समस्या, योनाङ्गबाट हुने कुनै किसिमको ब्लिडिङ वा बग्ने तरल पदार्थ, कम्मरमा दुखाइ, खुट्टामा दुखाइजस्ता समस्या देखिए उनीहरूले आफ्नो पूरै चेकजाँच गर्न अत्यन्तै आवश्यक हुन्छ । किनकि, यस्ता असहजताहरू माथि उल्लेखित कुनै पनि किसिमका क्यान्सरसँग जोडिएका हुन सक्छन् ।

## युवामा....

खुलासा एक लामो रिपोर्टमार्फत शिलापत्रका सम्पादक बसन्त बस्नेतले गरिसकेका छन् ।

'पोलिटिक्स इज डर्टी गेम' भन्ने बुझ्केको पुस्ताको आइडियाले बालेनको एजेण्डालाई भित्रभित्रै घरघरमा पुऱ्याइसकेको थियो । उक्त कोर टिमका एक सदस्यले यस पङ्क्तिकारसँगको कुराकानीमा खुलाए, 'प्रमुख भनिएका पार्टीहरूले काठमाडौंका परिपक्व उमेरका बा-आमाहरूसँग मत मागिरहेको बेला हामी उनीहरूका छोराछोरीको एजेण्डा समातेर तन्नेरी छोराछोरीसँग मत माग्दै थियौं ।' परिवर्तनको यो मत कुनै नाटकीय रूपमा आएको होइन, सुझबुझका साथ आएको मान्न गाह्रो मान्नुपर्दैन । हो, हाम्रो लोकतन्त्र भर्खर शैशवकाल अवस्थामै छ, यसलाई हुर्काउन बाँकी छ । गणतन्त्रको खास फल चाख्नै बाँकी छ । राजेन्द्र लिङ्देनहरूले पनि बुझून्, आजको युवा त्यति चेतनाविहीन छैन, जसले दाहसंस्कार गरिसकेको राजतन्त्रको अस्तु घाटमा पुगेर पुनः काँधमा बोकेर ल्याओस् ।

नेताहरूको गैरजिम्मेवारीपनाको आवेगमा २४० वर्षसम्म यही देशमा रजगज गरेर बसेको तर पृथ्वीनारायण शाहको भौगोलिक एकीकरणबाहेक नागरिकको जीवनस्तर उठाउन माखो नमारेको त्यो राजतन्त्रलाई यति छिटो बिर्सन सकिन्न । केही मानिसहरूले भन्ने गरेजस्तो हरेक दलमा जन्मेका नयाँ राजाहरूको विकल्प उहिलेका महाराजाधिराज हुन सक्दैनन् । सचेत पुस्ता लोकतन्त्रलाई परिपक्व बनाउन चाहन्छ । गणतन्त्रको जगमा समृद्धिको इँटा भर्न चाहन्छ । तर, फेरि राजतन्त्र र उसका वंशजहरूको रैती बन्न पाऊँ भन्ने बिन्तीभाउ चढाउँदैन ।

# The Preciousness of Life

Life is precious, it is the gift of God that is why he has forbidden us to take life unjustly. Julius Caesar the Roman emperor was immensely popular with the people of Rome. He was a successful military leader who expanded the republic to include parts of what are now Spain, France, Germany, Switzerland, and Belgium. Caesar was also seen as a cultured man and was a popular author who wrote about his travels, life theories, and political views. So when he was assassinated the people were not happy, even though the conspirators claimed to be acting based on the principles of law and justice in removing a dictator. However, the death of Julius Caesar ultimately had the opposite impact of what his assassins hoped. Much of the Roman public hated the senators for the assassination, and a series of civil wars ensued. In the end, Caesar's grandnephew and adoptive son Octavian emerged as Rome's leader. He renamed himself Augustus Caesar. The reign of Augustus marked the end of the Roman Republic and the start of the Roman Empire. One of the leading conspirators was Gaius Cassius Longinus, he believed he was striking a blow for the restoration of the Roman Republic. However, it plunged the Roman world into a new round of civil wars, with the Republican forces of Brutus and Cassius vying for supremacy against Octavian and Mark Antony. Cassius was a Roman senator elected as Tribune of the plebs in 49 BC and a governor by the Senate. During the first Battle of Philippi against the forces of the general Mark Antony he was defeated. It is said that one of Cassius' legates failed to convey news of Brutus' victory, leading Cassius to believe that Brutus was defeated. Believing that his co-conspirator was also defeated, he requested his soldiers to kill him and consequently committed suicide on 3rd October 42 BC. Brutus however, had won his battle with Octavian and on hearing the news that his brother - in - law was dead described him as "the last of the Romans," and had Cassius buried at Thasos. Marcus Junius Brutus the other leading co-conspirator, following the first battle, Brutus assumed command of Cassius' army with the promise of a substantial cash reward. He also possibly promised his soldiers that he would allow them to plunder Thessalonica and Sparta after victory, as the cities had supported the triumvirs in the conflict. Fearful of defections among his troops and the possibility of Antony cutting his supply lines, Brutus joined battle with the opposing troops. The resulting second Battle of Philippi was a head-on-head struggle in which the sources report little tactical manoeuvres while reporting heavy casualties, especially among eminent republican families. Just 20 days after his victory in the first battle of Philippi, on 23rd October, Brutus' army was crushed by the combined forces of Octavian and Antony. Brutus fled into the nearby hills with about four legions. Knowing his army had been defeated Brutus took his own life by falling on his sword as he didn't want to be taken prisoner.



Brutus and Casssius had done wrong, and for over two years they fought battles defending their actions before again taking a life, their own. The Bible speaks of a man who was about to take his own life and says "Do thyself no harm", in Acts 16:28. The situation is completely different but the scripture truth doesn't change. Life is precious firstly because before the eyes of God the life of man is worth something, it is precious. Man is created in the image of God, man has the ability of logic and reason he can think things out distinguishing him apart from the animal kingdom and nature. This places a special worth upon the life of man and therefore teaches it is wrong to commit an unjust killing or to take one's own life. Man is God's handiwork and he saw so much worth that his son the Lord Jesus Christ was willing to die on the cross as an atonement for the sins of man. Life is precious therefore, do thyself no harm.

**P. Pilgrim,** pilgrimway101@yahoo.com

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन कास्कीको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । सडक निर्माण गर्दा राज्यको ठूलो धनराशि खर्च हुन्छ । त्यसैले सडक डिभिजन कास्कीअन्तर्गत निर्माण भइसकेका र निर्माण तथा विस्तार हुँदै गरेका सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरिदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

१) सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं ।
२) सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौं ।
३) सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
४) सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउनेजस्ता कार्य नगरौं ।
५) सडकको पानी कुनै किसिमबाट निकास गरौं ।

डिभिजन प्रमुख

निर्माणका लागि हामीलाई सम्झनु होस्

कुनै पनि किसिमका निर्माण कार्य गर्नु परेमा, बाटो बनाउने, भवन निर्माण गर्ने तथा विशेष गरी विद्युतीय सबस्टेशनको निर्माण, मर्मत आदि कार्यको लागि हामीलाई सम्झनु होस् ।

विद्युतीय सबस्टेशनसँग सम्बन्धित कार्यहरुका लागि हाम्रो सेवा तपाईका लागि एकदमै उपयोगी र प्रभावकारी हुन सक्छ किनकि सो क्षेत्रमा हाम्रो दक्षताले गर्दा मुलुकको विद्युत विस्तारमा ठूलो योगदान मिलेको छ । त्यसैले विद्युतीय पोल बिस्तारदेखि तारहरु तान्ने कार्यहरुमा हामीले गुणस्तरीय सेवा प्रदान गर्दै आएका छौं ।

'तपाईहरुको सन्तुष्टि नै हाम्रो उपलब्धि हो'

सम्पर्क :
प्रविधि कन्स्ट्रक्सन प्रा.लि.
काठमाडौं - ११, काठमाडौं

# अग्निपुराणमा रसचिन्तन-२

अर्को महत्वपूर्ण पक्ष अग्निपुराणले शृङ्गारलाई स्त्रीपुरुषको वासनात्मक प्रेमको अभिव्यक्ति नभएर आत्मनिष्ठ (निरपेक्ष) रति (प्रेम) हो भन्दै यसै शृङ्गारबाट अन्य रसहरू अभिव्यक्त हुने बताएको छ। आचार्य भरतले शृङ्गार रसलाई स्त्रीपुरुषबिचको वासनात्मक शृङ्गारकै अर्थमा लिएको देखिन्छ भने अग्निपुराणले भने त्यसभन्दा माथि उठेर शृङ्गारलाई निरपेक्ष रतिका रूपमा मानेको देखिन्छ। अग्निपुराणका अभिमानबाट रति उत्पन्न भएर व्यभिचारी आदि भावसामान्यको सहकारिताबाट पुष्ट भएपछि शृङ्गार नामले गाइएको हो र शृङ्गारकै इच्छा अनुसार रसका अन्य भेदहरू प्रकट भएका हुन् (अग्निपुराण, ३३९ : ४-५) भन्ने भनाइले पुष्टि गर्दछ। अर्को कुरा "शृङ्गारी चेत्कविः काव्ये जातं रसमयं जगत्। स चेत्कविर्वीतरागो नीरसे व्यक्तमेव तत्" (अग्निपुराण, ३३९ : ११) (कवि शृङ्गारी छ भने मात्र उसले आफ्नो काव्यमा रसमय जगत्लाई प्रस्तुत गर्न सक्दछ अन्यथा उसको काव्य नीरस हुन्छ) भन्ने यो भनाइबाट पनि अग्निपुराणले शृङ्गारलाई रागसामान्यका रूपमा लिइएको स्पष्ट हुन्छ।

अग्निपुराणमा रति आदि आठ स्थायीभाव र स्तम्भ आदि आठ सात्विक भाव बताइएको छ। स्थायीभावमा रति, हास, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा र विस्मय छन् भने सात्विक भावमा स्तम्भ, स्वेद, रोमाञ्च, स्वरभेद, वेपथु, वैवर्ण्य, अश्रु र प्रलय यी आठ छन्। यिनलाई संक्षिप्त रूपमा अर्थ्याउँदै चाहना अनुसारको सुखको अनुभूतिलाई रति, हर्ष आदिबाट चित्तको विकास हुनुलाई हास, अभीष्ट वस्तुको नाशबाट उत्पन्न हुने मनको व्याकुलतालाई शोक, आफ्नो चाहनाको प्रतिकूल व्यवहार गर्दा कठोरताको उदय हुने अवस्थालाई क्रोध, पुरुषार्थ सुहाउँदो मनोभावलाई उत्साह, चित्र आदि देख्दा मनमा हुने व्याकुलतालाई भय, दुर्भाग्यकारी पदार्थहरूको निन्दालाई जुगुप्सा र कुनै वस्तु देखेर चित्त अत्यन्त आश्चर्यमा पर्नुलाई विस्मय भनिएको छ। स्तम्भ आदि सात्विक भावलाई पनि संक्षिप्त रूपमा चिनाउँदै डर वा रागादिका कारण चेष्टा रोकिनुलाई स्तम्भ, श्रम एवम् रागादियुक्त अन्तःकरणको क्षोभबाट शरीरमा आउने जल (पसिना) लाई स्वेद, हर्ष आदिबाट शरीरका रौं ठाडा हुनुलाई रोमाञ्च, हर्ष वा भय आदिका कारण बोलाइ स्पष्ट नहुनु वा बोलाइमा अवरोध उत्पन्न हुनुलाई स्वरभेद, मनमा रहेको बेचैनीका कारण काम्नुलाई वेपथु, विषाद आदिका कारण शरीरको कान्तिमा परिवर्तन आउनुलाई वैवर्ण्य, दुःख वा धेरै आनन्दका कारण निस्केको आँसुलाई अश्रु र उपवास आदिबाट इन्द्रियहरू संज्ञाहीन हुनुलाई प्रलय भनिएको छ।

प्रस्तुत सन्दर्भमा नाम नदिई उही प्रकृतिका ३३ भावको परिचय दिइएको छ र यी भावलाई ३४१ औं अध्यायको १० औं पद्यमा दृष्टिपरक अभिनयको चर्चाका क्रममा "दृष्टिस्त्रिधा रसस्थायिसञ्चारिप्रतिबन्धना" अर्थात् रस, स्थायीभाव र सञ्चारीभावको सम्बन्धबाट दृष्टि (कान्ता, भयानका आदि रसदृष्टि) को अभिनय तीन प्रकारको हुन्छ भन्ने सन्दर्भमा सञ्चारीभावको उल्लेख भएको छ। ती भावहरू निर्वेद, ग्लानि, शंका, असूया, मद, श्रम, आलस्य, दैन्य, चिन्ता, मोह, स्मृति, मति, व्रीडा/लज्जा, चपलता, हर्ष, आवेश, जडता, धृति, गर्व, विषाद, उत्कण्ठा/उत्सुकता, अपस्मार, त्रास, वीप्सा, अमर्ष, प्रबोध, अवहित्थ, उग्रता, वितर्क, व्याधि, उन्माद, शम गरी ३३ बताइएको छ। यिनको परिचय ३३९ औं अध्यायको १५ औंदेखि ३४ औं पद्यसम्मका २० वटा पद्यमा दिइएको छ।

अग्निपुराणमा कविजनले काव्यादिमा रस एवं भावहरूको निवेश गर्नुपर्छ भन्दै विभाव र अनुभावको परिचय दिइएको छ। जसबाट रति आदि स्थायीभावहरूको विभावना हुन्छ त्यसलाई विभाव भनिन्छ भन्दै यसका आलम्बन र उद्दीपन दुई प्रकार मानिएको छ (अग्निपुराण, ३३९ : ३५-३६)। तीमध्ये रति आदि भाव जुन नायक आदि (पात्रहरू) को आलम्बन/आश्रय लिएर निष्पन्न हुन्छन् ती पात्र आदिलाई आलम्बन र ती पात्रहरूमा अर्थात् आलम्बन विभावका मनमा संस्कारका रूपमा रहेका भावहरूलाई उद्दीप्त बनाइदिने विभावलाई उद्दीपन भनिएको छ। आलम्बन विभावमा जागरित संस्कारयुक्त भावहरूबाट स्मृति, इच्छा, द्वेष र प्रयत्नको संयोगबाट गरिएका मन, वाणी, बुद्धि र शरीरका कार्यलाई अनुभाव भनिएको छ।

रसहरूको परिचय भने रसनिरूपणको अध्यायमा नभई ३४२ औं अध्यायमा अभिनयको परिचय प्रकरणमा दिइएको छ। शृङ्गारका सम्भोग र विप्रलम्भ दुई भेद बताउँदै ती दुईका पनि प्रच्छन्न र प्रकाश गरी दुई भेद बताइएको छ। "सम्भोगो विप्रलम्भश्च शृङ्गारो द्विविधः स्मृतः। प्रच्छन्नश्च प्रकाशश्च तावपि द्विविधौ पुनः" (अग्निपुराण, ३४२ : ४)। विप्रलम्भ शृङ्गारका भने पूर्वानुराग, मान, प्रवास र करुणात्मक यी चार भेद हुन्छन् र यिनै पूर्वरागादिबाट सम्भोग शृङ्गारको उत्पत्ति हुन्छ भनिएको छ (अग्निपुराण, ३४२ : ५)। अग्निपुराणकै ३३७ : १८ मा भने यसलाई प्रवास, शाप, मान र करुण गरी चार प्रकार मानिएको देखिन्छ। शृङ्गार स्त्री र पुरुषको आश्रय लिएर रहन्छ। शृङ्गारको साधक वा अभिव्यञ्जक ( स्थायीभाव) रति हो र यसमा वैवर्ण्य र प्रलय बाहेक अन्य सबै सात्विक (स्तम्भ, स्वेद आदि) भावको उदय हुन्छ। यहाँ नाट्यशास्त्रले भने व्यभिचारीभावको विषय उठाएको छ र "व्यभिचारिणश्चालस्यौग्र्यजुगुप्सा वर्ज्याः" भन्दै आलस्य, उग्रता र जुगुप्सालाई छाडेर बाँकी सबै व्यभिचारी भावको उपस्थिति रहने उल्लेख छ। पुरुषार्थचतुष्टयबाट,

**साहित्य संसार**



**प्रा.डा.गंगाप्रसाद अधिकारी**

आलम्बनविशेषबाट र आलम्बनविशेषको वैशेषिकबाट शृङ्गार रसको निरन्तर अभिवृद्धि हुन्छ। अग्निपुराणका अनुसार अभिनेय शृङ्गारका वचनक्रियात्मक र नेपथ्यक्रियात्मक यी दुई भेद हुन्छन्। यहाँ अभिनेय शृङ्गार भन्नाले नाट्याभिनयबाट प्रस्तुत हुने र नेपथ्यक्रियात्मक भन्नाले काव्यादिबाट निष्पन्न शृङ्गार भन्ने आशय बुझिन्छ। यसबाट स्पष्टतः अग्निपुराणले काव्यस्थ र नाट्यस्थ गरी रसका दुई विभाग मानेको सङ्केत पाइन्छ।

शृङ्गार रसलाई अग्निपुराणले रससामान्य र रसविशेष गरी दुई दृष्टिबाट हेरेको देखिन्छ। अभिमानबाट उत्पन्न रतिका सन्दर्भमा अग्निपुराणले शृङ्गार रसलाई रससामान्य र सबै रसको मूलका रूपमा लिएको देखिन्छ भने रसविशेषका रूपमा भने स्त्रीपुरुषकै प्रणयका सन्दर्भमा लिएको देखिन्छ। अग्निपुराणले रससामान्यमा रागका अर्थमा र रसविशेषमा प्रणयरसका रूपमा लिएको बुझिन्छ। यो अग्निपुराणको रससम्बन्धी मौलिक मान्यता हो।

अग्निपुराणमा हासका स्मित, हसित, विहसित, उपहसित, अपहसित र अतिहसित यी परम्परागत छ भेदको चर्चा गर्दै तिनलाई अति संक्षेपमा चिनाइएको छ। दाँत नदेखिने मुस्कान मात्रलाई स्मित, अलिअलि दाँतको अग्रभाग देखिने हासलाई हसित, ध्वनियुक्त हासलाई विहसित, कुटिलतापूर्वक दृटिले हेरेर गरिने अट्टहासलाई उपहसित, अकारण नै जोडले हाँसिनेलाई अपहसित र धेरै जोडसित खित्का छोडेर हासिने हासलाई अतिहसित भनिएको छ (अग्निपुराण, ३४२ : ९-११)।

स्थायीभाव शोक हुने करुण नामले प्रसिद्ध रसका धर्मोपजनित, चित्तविलासजनित र शोकदायक घटनाजनित गरी तीन भेद मानिएको छ। शोकदायक घटनाजनित करुण रसको स्थायीभाव के होला ? भन्ने प्रश्न उठाएर त्यसको उत्तर दिँदै पूर्ववर्ती शोकबाट नै यसको पनि उद्भावना भएको जान्नुपर्दछ भनी स्पष्टीकरण पनि दिइएको छ। करुण रसका तीन भेद पनि अग्निपुराणको मौलिक विचार रहेको देखिन्छ। रौद्र रसका पनि अंगकर्म, नेपथ्यकर्म र वाक्कर्मका कारण तीन भेद हुने बताइएको छ। स्थायी भाव क्रोध र स्वेद, रोमाञ्च र वेपथु यी सात्विक भावको उदय हुने बताइएको छ (अग्निपुराण ३४२ : १३)। वीर रसको निष्पादक हेतु ( स्थायीभाव) उत्साह मानिएको र वीर रसका दानवीर, धर्मवीर र युद्धवीर गरी तीन प्रकार हुने उल्लेख गरिएको छ।

भयानक रसमा प्रारम्भमा वीरकै अनुसरण हुने तर पछि गएर त्यो भयको उत्पादक भएर भयानक रसको उदय हुने उल्लेख गर्दै यसको निष्पादक भय नामक स्थायीभाव हो भनिएको छ। बीभत्स रसका उद्वेजन र क्षोभण यी दुई भेद मानिएको छ। दुर्गन्ध आदिबाट उद्वेजन र रक्तपातबाट क्षोभण हुन्छ। यसको स्थायीभाव जुगुप्सा हो भनिएको छ भने यसमा सात्विक भावको अभाव हुने उल्लेख छ। अग्निपुराणमा अद्भुत र शान्त रसको परिचय दिइएको छैन। अद्भुत रसको परिचय खण्डित भएको अथवा छुटेको हुन सक्ने देखिन्छ। शान्त रसको सन्दर्भमा भने नौ रसको उल्लेख एक ठाउँमा मात्र गरेर स्थायी भाव र सात्विक भाव चाहिँ आठ मात्र मानेको कुराले शान्त रसको मान्यतालाई अग्निपुराणले नस्विकारेको भन्न सकिन्छ। किन भने अग्निपुराणमा आठ रसका स्थायी भाव र सात्विक भावको उल्लेख छ तर शान्त रसको भने स्थायी भाव शम लाई सञ्चारीको वर्गमा राखिएको छ। अद्भुतको मात्र परिचय नदिनुमा यही कारण हुन सक्छ।

अग्निपुराणले रस र भावको अन्योन्याश्रित सम्बन्धबारे पनि चर्चा गरेको छ। यसबारे "न भावहीनोऽस्ति रसो न भावो रसवर्जितः। भावयन्ति रसानेभिभाव्यन्ते च रसा इति" (अग्निपुराण, ३३९ : १२) अर्थात् रसविहीन भाव र भावविहीन रस हुँदैन। भावहरूको काम रसलाई भावित गर्नु हो भने भावहरूबाट भावित नभई रस हुँदैनन्। अग्निपुराणले महाकाव्यको परिचयका क्रममा महाकाव्यमा उक्तिवैचित्यको प्रधानता हुने भए पनि त्यसको प्राण चाहिँ रस नै हो र त्यसको सिद्धि पृथक्प्रयत्नविनै (सहज ढङ्गले) साध्य हुने वक्रोक्ति विषयक रसबाट हुन्छ - वाग्वैदग्ध्यप्रधानेऽपि रस एवात्र जीवितम्। पृथक्प्रयत्ननिर्वर्त्यं वाग्वक्रिम्णि रसाद्वपुः ( ३३७ : ३३) भनेर रस नै काव्यको जीवन हो भन्ने दृष्टिकोण अघि सारेको छ। यसबाट अग्निपुराणले काव्यमा रसको सत्तालाई अनिवार्य मानेको देखिन्छ।

## ४. निष्कर्ष

रसबारेको व्यापक चिन्तन भरतमुनिको नाट्यशास्त्रम्पछि अग्निपुराणमै भएको देखिन्छ। अग्निपुराण र नाट्यशास्त्रम्का बिचको समयमा रसबारे यति विशद चिन्तन अन्यत्र कतै भएको पाइन्न। अग्निपुराणमा रसको संक्षिप्त तर साङ्गोपाङ्ग परिचय पाइन्छ। ब्रह्मानन्दको अभिव्यक्ति मानेर अग्निपुराणले रसलाई ईश्वरीय आनन्दको तहमा राखेको देखिन्छ। अग्निपुराणले ईश्वरीय आनन्दको उपज अहङ्कार, अहङ्कारको अभिमान र अभिमानबाटै शृङ्गार रसको स्थायीभाव रतिको उदय हुन्छ र त्यसबाट शृङ्गार रस निष्पन्न हुन्छ भन्ने मौलिक दृष्टिकोण प्रतिपादन गरेको छ। शृङ्गार रसलाई सबै रसको उत्पत्तिको कारण मानेर सर्वोच्च स्थान दिनु पनि यसको अर्को मौलिक पक्ष हो। अग्निपुराणले शृङ्गारलाई रससामान्य र रसविशिष्ट गरी दुई दृष्टिबाट हेरेको देखिन्छ। शृङ्गारलाई रससामान्य र रतिलाई स्थायीभावसामान्य मान्दै शृङ्गारलाई सबै रसको कारण पनि मानेको छ। अर्को पक्षमा यसलाई स्त्रीपुरुषको प्रणयमा आश्रित रतिबाट निष्पन्न मानेको छ। अग्निपुराणमा शृङ्गारसम्बन्धी मान्यतामा नन्दिकेश्वरको 'शृङ्गारसुचिरुज्ज्वलः' को सामान्य प्रभाव रहे पनि प्रमुख चार रसबाट अन्य रसको उत्पत्ति मान्नुमा नाट्यशास्त्रकै चिन्तनको प्रभाव देखिन्छ। तर, परमात्माका सत्वादि गुणको विस्तारबाट रस प्रकट हुने र अनुरागबाट शृङ्गार, तीक्ष्णताबाट रौद्र, उत्साहबाट वीर र सङ्कोचबाट बीभत्सको उदय हुन्छ भन्ने अग्निपुराणको विचार भने मौलिक छ।

शान्त रस थपेर नौ रसको उल्लेख गरे पनि मूलतः आठ रसकै मान्यतालाई अग्निपुराणले पनि स्विकारेको देखिन्छ। रसको चर्चाका क्रममा आठ रसको चर्चालाई मात्र प्रधानता दिनु, शान्त रसको स्थायीभाव शमलाई सञ्चारीभावमा राख्नु अनि रसको परिचयका क्रममा पनि शान्त रसको उल्लेख नहुनुबाट उक्त कुरा पुष्टि हुन्छ। अग्निपुराणले शृङ्गार, वीर, करुण, रौद्र र बीभत्स रसलाई भिन्न दृष्टिबाट विभाजन गरेर यसबारे पनि मौलिक दृष्टि अघि सारेको छ। विशेषतः शृङ्गार रसलाई अभिनेयात्मक र वचनक्रियात्मक भनी विभाजन गरेर अभिनेयात्मकबाट नाट्यरस र वचनक्रियात्मकबाट काव्यरसको निष्पत्ति हुने मान्यता अघि ल्याएर अग्निपुराणले स्पष्टतः नाटक र काव्यमा रसोत्पत्ति हुने प्रक्रिया फरक हुने मौलिक धारणा अघि सारेको छ। रस र भावहरूका बिच अन्योन्याश्रित सम्बन्ध देखाउँदै भावहरूको समेत संक्षिप्त परिचय पनि प्रस्तुत गरेको छ तर रस कसरी निष्पन्न हुन्छ भन्ने निष्पत्ति प्रक्रियाबारे भने अग्निपुराणले स्पष्ट गरेको छैन।

रससम्बन्धी चिन्तनमा भरतमुनिबाट स्थापित मान्यताकै सेरोफेरोमा रहेर अग्निपुराणको रसचिन्तन आए पनि कतिपय मौलिक प्रस्थापनाहरू पनि अगाडि ल्याएको देखिन्छ। खास गरी रसलाई ईश्वरीय आनन्दका रूपमा स्थापित गर्नु, शृङ्गार रसको मान्यतामा महत्वपूर्ण दृष्टि अघि सार्नु, सबै रसहरूको उत्पत्ति शृङ्गार रसबाट भएको मान्नु, प्रमुख चार रसको उत्पत्तिमा नयाँ विचार अघि सार्नु जस्ता विषयहरू अग्निपुराणका मौलिक स्थापना हुन्।

*समाप्त*


**फर्निचर चाहिएमा हामीलाई सम्झनुहोस्**

- काठमाडौं उपत्यकाका कुनै पनि ठाउँमा काठका फर्निचर चाहिएमा हामीलाई सम्झिनुहोस्। हामी ग्यारेन्टीका साथ तपाईलाई सेवा दिन तयार छौं।
- कार्यालय होस् वा घर जहाँ पनि फर्निचर चाहिएमा हामीलाई सम्झिनु भएमा हुन्छ।
- सोफा सेट, टेबल, कुर्सी, पलङ आदि जुनसुकै खालका काठका फर्निचरहरु हामीसँग छन्। उचित मूल्यमा हामी सेवाका लागि हाजिर छौं।

**ऋचा फर्निसिङ्ग एण्ड फर्निचर सेन्टर**

काठमाडौं-१५, स्वयम्भू, (गणेश भुसाल) फोन : ९८५११३७१८७



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**

**पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय पालुङटार, गोरखाको सूचना**

**सडक सबैको सम्पत्ति हो**
**सडक भौतिक पूर्वाधारको मेरुदण्ड हो**

**त्यसैले**

★ सडकको मापदण्ड विपरीत स्थायी संरचना घर टहरा आदि निर्माण नगरौं।
★ सडक किनारमा निर्माण सामग्री नथुपारौं।
★ सडक छेउको नालीमा फोहर-मैला नफालौं।
★ सडकमा पानी, ढल आदिको निकास बन्द गरौं।
★ सडक किनारमा निजी/व्यापारिक होर्डिङ बोर्ड तथा साइनबोर्ड नराखौं।
★ सडक अतिक्रमण रोक्नु हरेक नागरिकको दायित्व हो। यस सम्बन्धी जानकारी उपलब्ध गराउन हामी सबैको कर्तव्य हो।

**- योजना प्रमुख**

# वैदिक धर्ममा श्रमको महत्व

मानवजीवनमा कर्मको वा श्रमको अत्यन्त महत्वपूर्ण स्थान रहेको पाइन्छ। जन्मेपछि मानिसले कुनै-न-कुनै काम गरेर नै जीवन बिताउनुपर्ने हुन्छ। तथापि भाग्यले साथ नदिएमा कर्म गरेर पनि जीवनमा सफलता प्राप्त गर्न सकिँदैन भन्ने मान्यता पनि छ। यस सन्दर्भमा सामान्यतया सबै धर्म र सम्प्रदायले व्यक्तिलाई परिश्रमी नबनाएर भाग्यवादी बनाएका छन्, त्यसमा पनि विशेष गरेर वैदिक सनातन वर्णाश्रम धर्मले व्यक्तिहरूलाई बढी नै भाग्यवादी बनाएको छ भनेर कतिपय आधुनिक समालोचकहरू भन्ने गर्दछन्। वैदिक धर्मले लाटा-सुदा, निर्धन-निर्बल र विपन्न मान्छेहरूलाई आफ्नो शोषित, पीडित र दीनहीन अवस्थाका निम्ति भाग्यलाई दोष दिई सन्तुष्ट रहन प्रेरित गरेको छ र यसले धनी-बली, टाठा-बाठा र शोषकहरूको सुखसयललाई निर्विघ्न बनाउन भूमिका खेलेको छ भन्ने उनीहरूको आक्षेप रहेको देखिन्छ। यो भनाइ वैदिक धर्मका विषयमा कत्ति पनि मेल खाने देखिँदैन।

वैदिक धर्मले व्यक्तिलाई भाग्यमा भर पर्ने नबनाएर सधैँ पुरुषार्थ गर्न प्रेरित गरेको देखिन्छ। यस लेखमा वैदिक वाङ्मयमा कहाँकहाँ केकसरी परिश्रम वा पुरुषार्थ गर्न जोड दिइएको छ भन्ने कुरा मूल प्रमाणहरूको उद्धरण गर्दै विवेचना गर्न खोजिएको छ। वैदिक धर्मको मूल ग्रन्थ ऋग्वेदमा नै मनुष्यलाई उद्यमशील र परिश्रमी हुन प्रेरणा दिने खालका धेरै ऋचाहरू पाइन्छन्। ऋग्वेदमा एक ठाउँमा परिश्रम नगर्ने मानिससँग देवताहरू मित्रताका लागि तयार हुँदैनन् भनिएको छ। जस्तै– न ऋते श्रान्तस्य सख्याय देवाः।-४।३३।११। यसबाट देवताहरू परिश्रम वा पौरख गर्नेसित प्रसन्न हुने रहेछन् र देवतालाई प्रसन्न पार्न पनि पौरख नै गर्नुपर्ने रहेछ भन्ने बुझिन्छ।

ऋग्वेदका अर्को ऋचामा– जुन अग्नि जाग्दछन् अर्थात् प्रज्वलित हुन्छन् तिनै अग्निलाई ऋचाहरूले चाहन्छन्, तिनैलाई सामहरूले प्राप्त गर्दछन्, तिनै अग्निलाई सोमले म तिम्रा मित्रतामा रहने हूँ भनेर बताउँछन् भनिएको छ। जस्तै–

*यो जागार तमृचः कामयन्ते*
*यो जागार तमु सामानि यन्ति।*
*यो जागार तमयं सोम आह*
*तवाहमस्मि सख्ये न्योकाः ॥–५।४४।१४।*

यसबाट जो आफ्ना काममा सक्रिय हुन्छ त्यसलाई नै देवताले र अरूले पनि मनपराउँछन् भन्ने बुझिन्छ। ऋग्वेदमै अर्का ठाउँमा नराम्रो कर्म गर्ने मान्छेका निम्ति देवताहरू होइनन् भनिएको छ– न देवासः कवत्नवे। -७। ३२। ९। यसबाट सुकर्म गर्ने प्रेरणा लिन सकिन्छ। यसै गरी अर्को ऋचामा देवताका निम्ति परिश्रम र परिश्रम गर्ने व्यक्ति प्रिय हुन्छन् भनिएको देखिन्छ–

*इच्छन्ति देवा सुन्वन्तं*
*न स्वप्नाय स्पृहयन्ति।*
*यन्ति प्रमादमतन्द्राः ॥–८।२।१८।*

अर्थात् आलस्य नगर्ने देवताहरू सोमसवन गर्ने (सोमरस तयार गर्ने) मानिसलाई चाहन्छन्। त्यस मानिसको निद्रालाई (आलस्यलाई) रुचाउँदैनन्। राम्ररी आनन्द दिने सोमलाई प्राप्त गर्दछन्। ऋग्वेदमा श्रमको वा पुरुषार्थको महिमा बताउने यस्ता प्रसङ्ग थुप्रै पाइन्छन्। शुक्लयजुर्वेदका मन्त्रसंहितामा पनि मान्छेलाई जीवनभर क्रियाशील हुन प्रेरणा दिइएको छ– कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः ॥ –४०।२। अर्थात् यस लोकमा कर्म गर्दै सय वर्षसम्म बाँच्ने इच्छा राखोस्। यसबाट केवल ज्ञानले मात्र पनि हुँदैन, मनुष्यजीवन सफल पार्न कर्म पनि चाहिन्छ भन्ने बुझिन्छ। यसलाई वैदिक ज्ञानकर्मसमुच्चयवाद भन्दछन्। श्रमको र तपस्याको महिमा वैदिक शास्त्रमा जतासुकै बताइएको देखिन्छ। शुक्लयजुर्वेदकै ब्राह्मणग्रन्थ शतपथब्राह्मणमा जजमानले श्रम र तपस्या गर्दै त्यस अमृतलाई खोज्दछ भनिएको छ– तद् (अमृतम्) अद्यापि यजमानः श्रमेण तपसान्विच्छति।–९।५।१।८। यस ब्राह्मणमा श्रम र तपस्याको महत्व यत्रतत्र बताइएको देखिन्छ।

ऋग्वेदका ऐतरेयिब्राह्मणमा क्रियाशीलताको महत्व पाँचओटा गाथाहरूमा सारै राम्ररी दर्साइएको छ। यसै प्रसङ्गमा दस पटक आएको चरैवेति भन्ने उपदेश त धेरैले सुनेकै हुनुपर्छ। चरैवेतिको सन्धिविच्छेद गर्दा यस्तो हुन्छ– चर एव इति अर्थात् सञ्चरणशील होऊ नै। क्रियाशीलताको महत्व देखाउने गाथाहरू अनुवादसहित तल देखाइन्छन्–

*नाऽनाश्रान्ताय श्रीरस्ति*
*इति रोहित शुश्रुम।*
*पापो नृषद् वरो जन*



आमोदवर्धन कौण्डिन्न्यायन

*इन्द्र इच् चरतः सखा ॥–३३।३। चरैवेति।*

हे रोहित, अश्रान्त अर्थात् श्रमले नथाकेका व्यक्तिलाई सम्पत्ति मिल्दैन ( अथवा परिश्रमले थाकेका व्यक्तिलाई नानाप्रकारको सम्पत्ति मिल्दछ) भन्ने कुरा हामी सुन्दछौँ। राम्रो मान्छे पनि सञ्चरणशील नभएर स्वजनहरूका बिच बसिरहँदा तुच्छ हुन पुग्दछ। भ्रमणशील अर्थात् सञ्चरणशील व्यक्तिको इन्द्र पनि मित्र हुन्छन्। अतः तिमी पनि सञ्चरणशील होऊ।

*पुष्पिण्यौ चरतो जङ्घे*
*भूष्णुरात्मा फलग्रहिः।*
*शेरेऽस्य सर्वे पाप्मानः*
*श्रमेण प्रपथे हताः ॥–३३।३। चरैवेति।*

हे रोहित, सञ्चरणशील व्यक्तिका दुई खुट्टा फूलसमान हल्का हुन्छन्। शरीरको मध्यभागको वृद्धि हुन्छ र आरोग्यरूपी फल प्राप्त हुन्छ। परिश्रम गर्ने मान्छेका पापहरू मार्गका श्रमले समाप्त भएर सुत्दछन् ( श्रमले पाप नष्ट हुन्छन्)। अतः तिमी पनि सञ्चरणशील होऊ।

*आस्ते भग आसीनस्य*
*ऊर्ध्वस् तिष्ठति तिष्ठतः।*
*शेते निपद्यमानस्य*
*चराति चरतो भगः ॥–३३।३। चरैवेति।*

हे रोहित, बसिरहने मान्छेको भाग्य बसीरहन्छ। उभिईरहने मान्छेको भाग्य उभिईरहन्छ। सुतीरहने मान्छेको भाग्य सुतीरहन्छ। सञ्चरणशील हुने मान्छेको भाग्य सञ्चरणशील हुन्छ। अतः तिमी पनि सञ्चरणशील होऊ।

*कलिः शयानो भवति*
*सञ्जिहानस्तु द्वापरः।*
*उत्तिष्ठँस्त्रेता भवति*
*कृतं सम्पद्यते चरन् ॥–३३।३। चरैवेति।*

हे रोहित, निदाएर सुतीरहँदा मान्छे कलि हुन्छ। निद्राबाट बिउँझिँदा मान्छे द्वापर हुन्छ। उठ्दा मान्छे त्रेता हुन्छ। सञ्चरणशील मान्छे कृत (सत्य) हुन्छ। अतः तिमी पनि सञ्चरणशील होऊ। यस गाथामा सत्य, त्रेता, द्वापर र कलि युगको विशिष्ट स्वरूप देखाइएको छ।

*चरन् वै मधु विन्दति*
*चरन् स्वादुमुदुम्बरम्।*
*सूर्यस्य पश्य श्रेमाणं*
*यो न तन्द्रयते चरन् ॥–३३।३। चरैवेति।*

हे रोहित, घुमीरहँदा मान्छेले कतै मह प्राप्त गर्दछ, घुमीरहँदा मान्छेले कतै स्वादिलो फल प्राप्त गर्दछ। सूर्यको श्रेष्ठता हेर, जो निरन्तर चलीरहँदा पनि कहिल्यै आलस्य गर्दैनन्। अतः तिमी पनि चलिरहू। यसरी विभिन्न उदाहरण दिएर आलस्य नगरीकन निरन्तर क्रियाशील र गतिशील हुन वेदले मानिसलाई प्रेरणा दिएको छ। आलस्यलाई पाप र क्रियाशीलतालाई पुण्य मानिएको छ। कृष्णयजुर्वेदको कठोपनिषद्मा पनि श्रमको र तपस्याको तथा क्रियाशीलताको महत्व देखाई मानिसलाई जाग्न भनिएको छ– उत्तिष्ठत जाग्रत प्राप्य वरान् निबोधत। –१।३।१४। अर्थात् उठ, जाग र श्रेष्ठ व्यक्तिकहाँ गएर ज्ञान प्राप्त गर। यसै गरी मनुस्मृतिमा पनि मानिसलाई बाँचुन्जेल पौरख गर्न प्रेरणा दिइएको छ–

*नाऽऽत्मानमवमन्येत*
*पूर्वाभिरसमृद्धिभिः।*
*आ मृत्योः श्रियमन्विच्छेन्*
*नैनां मन्येत दुर्लभाम् ॥–४।१३७*

आफ्नो पहिलाको असमृद्धि सम्झेर आफूलाई अनादर नगरोस् (आफूलाई असमर्थ नठानोस्) र नमरिञ्जेल समृद्धि प्राप्त गर्न प्रयत्न गरीरहोस्, यस समृद्धिलाई दुर्लभ पनि नमानोस्। यसबाट कुनै वेला कार्य गर्दा असफलता मिले पनि हरेस नखाईकन निरन्तर कार्य गरीरहेमा एक दिन अवश्य सफलता मिल्दछ भन्ने कुरा बुझ्न सकिन्छ। मनुस्मृतिको अर्को श्लोकमा पनि निरन्तर काम गर्ने व्यक्तिले नै श्री पाउँछ भनिएको छ–

*आरभेतैव कर्माणि*
*श्रान्तःश्रान्तः पुनःपुनः।*
*कर्माण्यारभमाणं हि*
*पुरुषं श्रीर्निषेवते ॥–९।३००॥*

कामका उठानले र त्यसका विफलताले थकित हुँदा पनि बारम्बार कामको उठान गरीनैरहोस्। किनभने कामको उठान गर्दै रहने व्यक्तिलाई नै लक्ष्मी प्राप्त हुन्छ। यस भनाइबाट पनि कामदेखि कहिल्यै पनि निवृत्त नहुन र निरन्तर काम गरीरहन प्रेरणा मिल्दछ। त्यसैगरी वाल्मीकिरामायणमा सबैभन्दा बलवान् उत्साह हुन्छ, उत्साहभन्दा बलवान् अरू केही हुँदैन र उत्साही व्यक्तिका लागि तीनै लोकमा कुनै वस्तु पनि दुर्लभ हुँदैन भनिएको छ–

*उत्साहो बलवानार्य*
*नास्त्युत्साहात् परं बलम्।*
*सोत्साहस्य हि लोकेषु*
*न किञ्चिदपि दुर्लभम् ॥ –४।१।१२३।*

महाभारतमा पनि वैराग्य नलिईकन कार्य गर्नु नै श्रीसम्पत्तिको, लाभको र कल्याणको मूल कारण हो, त्यसैले वैराग्य नलिने (उत्साह लिने) व्यक्ति महान् हुन्छ र उसले अनन्त सुख प्राप्त गर्दछ भनिएको छ–

*अनिर्वेदः श्रियो मूलं*
*लाभस्य च शुभस्य च।*
*महान् भवत्यनिर्विण्णः*
*सुखं चाऽऽनन्त्यमश्नुते ॥–उद्योगपर्व ३९।५८-५९।*

महाभारतकै भीष्मपर्वको एक अतिप्रसिद्ध अंश गीतामा पनि मान्छेलाई पौरख गर्न अत्यन्तै प्रेरित गरिएका विभिन्न श्लोक छन्। तीमध्ये एउटा श्लोकमा भगवान् श्रीकृष्ण भन्नुहुन्छ–

*रसोऽहमप्सु कौन्तेय*
*प्रभाऽस्मि शशिसूर्ययोः।*
*प्रणवः सर्ववेदेषु*
*शब्दः खे पौरुषं नृषु ॥ –भीष्मपर्व ३१।८ (गीता ७।८)।*

हे अर्जुन, म जलमा रस हूँ, चन्द्रमा र सूर्यको ज्योति हूँ, सबै वेदमा ओङ्कार हूँ, आकाशमा शब्द हूँ र मानिसमा पौरख हूँ। यस श्लोकबाट मानिसमा रहने महत्वपूर्ण गुण पौरख हो भन्ने कुरा स्पष्ट हुन्छ। गीताकै 'कर्मण्येवाऽधिकारस्ते मा फलेषु कदाचन' (२। ४७) भन्ने सुप्रसिद्ध भनाइले पनि मनुष्यको अधिकार कर्म गर्नमा छ, फल प्राप्त गर्नमा छैन भनेर परोक्ष रूपमा कर्म गर्न प्रेरित गरेको बुझिन्छ। शास्त्रमा तोकिएका आआफ्ना वर्णका कर्म गरेर नै चारै वर्णका मानिसहरूले सिद्धि प्राप्त गर्दछन् भन्ने पनि गीताको उपदेश छ। कर्म गरेर मात्र तत्वज्ञान आर्जन गर्न सकिन्छ र त्यस ज्ञानद्वारा मात्र मोक्ष मिल्दछ भन्ने वेदान्तदर्शनको सिद्धान्त छ। यसबाट पनि कर्म अत्यन्त महत्वपूर्ण छ भन्ने कुरा बुझ्न सकिन्छ।

यसरी वैदिक धर्मले पौरखलाई महत्व दिएको हो भने 'भाग्यको खेल, दैवको लीला, नियतिको खटन' इत्यादि भनाइ लोकव्यवहारमा कसरी चलेका हुन् त भन्ने प्रश्न पनि यहाँ उठ्न सक्छ। साथै केवल सत्कर्मको सुफल पाइनुपर्नेमा सुकर्म गर्दागर्दै पनि मानिस किन आफ्ना उद्देश्यमा सफल हुन सक्तैनन् त भन्ने प्रश्न पनि उब्जन्छ। तसर्थ पुरुषार्थ के हो, भाग्य के हो र मानवजीवनलाई अगाडि बढाउन यी दुईको के-कस्तो भूमिका रहन्छ भन्ने विषयमा पनि यस सन्दर्भमा विचार गर्नुपर्ने देखिन्छ। अर्को लेखमा यस विषयको विवेचना गरिनेछ।

अहिलेलाई उद्यमको महत्व देखाउने नीतिशास्त्रको एउटा प्रसिद्ध सूक्तिबाट यस लेखको उपसंहार गरिन्छ। सूक्तिको भावानुवाद यसप्रकार रहेको छ– कुनै पनि काम वा उद्योग परिश्रम गरेर नै सिद्ध हुन्छन्, केवल मनले कल्पना गरेर मात्र सिद्ध हुँदैनन्। सुतेका सिंहका मुखमा मृगहरू आफैँ आएर पस्दैनन्, सिंहले मृग मार्न प्रयत्न गर्नै पर्छ–

*उद्यमेन हि सिध्यन्ति*
*कार्याणि न मनोरथैः।*
*न हि सुप्तस्य सिंहस्य*
*प्रविशन्ति मुखे मृगाः ॥*

# आनन्द र शान्तिको लागि मौलिक मुहारको पहिचान

ओशोका अनुयायी स्वामी चैतन्य कीर्तिजी केही समयअगाडि काठमाडौं आउँदा उहाँले तनावबारे दिनु भएको प्रवचनमा सहभागी हुने अवसर पाइएको थियो। उहाँले भन्नु भएको थियो, शान्तिका लागि मौलिक चेहरा (मुहार)को पहिचान गर्नु आवश्यक छ। मौलिक मुहार के हो ? कसरी यसलाई पहिचान गर्न सकिन्छ ? तनावबाट कसरी मुक्त भएर आनन्द र शान्ति जीवन बाँच्न सकिन्छ ? भन्ने विषयमा उहाँले प्रस्ट्याउनु भएको थियो। सोही सन्दर्भमा यो लेख केन्द्रीत छ।

**के हो मौलिक मुहार ?**

साधारण अर्थमा मौलिक भन्नाले असली वा वास्तविक भन्ने जनाउँछ। जुन रुप हामीलाई प्रकृतिले दिएको छ, त्यो वास्तविक रुप नै मौलिक हो। तर आज संसारमा हाम्रो मौलिकता हराउँदै गएको छ। हामीमा मैत्रीभाव हराउँदै गएको छ। मैत्रीको नाममा हामीमा देखावटीपन विकास हुँदै गएको छ। हामी एकअर्कासँग मुस्कान त साट्छौं तर त्यो मुस्कान वास्तविक हुँदैन। हामीभित्र रिस, राग, द्वेष, अहंकारले कब्जा जमाएको छ। हामी यिनीहरूको दास बन्दै गएका छौं। प्रेम, सद्भाव, दया, माया, स्नेह, करुणा आज संसारबाट हराउँदै गएको छ। पद, पावर र पैसाको लागि हामी आज जे गर्न पनि तत्पर हुन्छौं। यसको घमण्डमा आफूलाई जीवनमा कहिले पनि मर्नु पर्दैन भनेर सोच्छौं। हामी जहिले पनि तुलनामा बाँचेका हुन्छौं। अरुसँग तुलना गर्नु हाम्रो मौलिकता भइसकेको छ। उ भन्दा आफू ठुलो हुँदा हामीलाई सन्तोष लाग्छ। तुलना नै जीवनको सार भनेर तुलनाबाट नै आफूलाई सर्वोत्कृष्ट ठान्दछौं। आफ्नो जीवनलाई अरूको जीवनसँग तुलना गर्दा हामीलाई दुःख हुन्छ, पीडा हुन्छ तर पनि हामी तुलना गर्न छोड्दैनौं। एक पल्ट सोचौं त, कसको लागि, किन हामी अरुसँग आफूलाई तुलना गरिरहेका छौं ? कहाँ पुग्न हामी घमण्ड गरिरहेका छौं ? आफ्नो मौलिकताको पहिचान बिर्सेर हामी बाहिर बाहिर संसारमा दौडिरहेका छौं।

ओशोका अनुयायी स्वामी चैतन्य कीर्तिजी केही समयअगाडि काठमाडौं आउँदा उहाँले तनावबारे दिनु भएको प्रवचनमा सहभागी हुने अवसर पाइएको थियो। उहाँले भन्नु भएको थियो, शान्तिका लागि मौलिक चेहरा (मुहार)को पहिचान गर्नु आवश्यक छ। मौलिक मुहार के हो ? कसरी यसलाई पहिचान गर्न सकिन्छ ? तनावबाट कसरी मुक्त भएर आनन्द र शान्ति जीवन बाँच्न सकिन्छ ? भन्ने विषयमा उहाँले प्रस्ट्याउनु भएको थियो। सोही सन्दर्भमा यो लेख केन्द्रीत छ।

**के हो मौलिक मुहार ?**

साधारण अर्थमा मौलिक भन्नाले असली वा वास्तविक भन्ने जनाउँछ। जुन रुप हामीलाई प्रकृतिले दिएको छ, त्यो वास्तविक रुप नै मौलिक हो। तर आज संसारमा हाम्रो मौलिकता हराउँदै गएको छ। हामीमा मैत्रीभाव हराउँदै गएको छ। मैत्रीको नाममा हामीमा देखावटीपन विकास हुँदै गएको छ। हामी एकअर्कासँग मुस्कान त साट्छौं तर त्यो मुस्कान वास्तविक हुँदैन। हामीभित्र रिस, राग, द्वेष, अहंकारले कब्जा जमाएको छ। हामी यिनीहरूको दास बन्दै गएका छौं। प्रेम, सद्भाव, दया, माया, स्नेह, करुणा आज संसारबाट हराउँदै गएको छ। पद, पावर र पैसाको लागि हामी आज जे गर्न पनि तत्पर हुन्छौं। यसको घमण्डमा आफूलाई जीवनमा कहिले पनि मर्नु पर्दैन भनेर सोच्छौं। हामी जहिले पनि तुलनामा बाँचेका हुन्छौं। अरुसँग तुलना गर्नु हाम्रो मौलिकता भइसकेको छ। उ भन्दा आफू ठुलो हुँदा हामीलाई सन्तोष लाग्छ। तुलना नै जीवनको सार भनेर तुलनाबाट नै आफूलाई सर्वोत्कृष्ट ठान्दछौं। आफ्नो जीवनलाई



रमा दुलाल

अरूको जीवनसँग तुलना गर्दा हामीलाई दुःख हुन्छ, पीडा हुन्छ तर पनि हामी तुलना गर्न छोड्दैनौं। एक पल्ट सोचौं त, कसको लागि, किन हामी अरुसँग आफूलाई तुलना गरिरहेका छौं ? कहाँ पुग्न हामी घमण्ड गरिरहेका छौं ? आफ्नो मौलिकताको पहिचान बिर्सेर हामी बाहिर बाहिर संसारमा दौडिरहेका छौं।

हामी दौडधूपमा आफूलाई होमिरहेका छौं। बाहिर भाग्दा भाग्दै हामीले आफूले आफैलाई चिन्न पनि छाडिसक्यौं। हामी को हौं ? कहाँबाट आएका हौं, कहाँ जानुपर्छ ? हामीले कहिले पनि एकान्तमा एक्लै विचार गरेका छौ त ? एक पल्ट एकान्तमा बसौं र आफूले आफैंलाई सोधौं, हामी को हौं ? हामी आमाबुबाले दिनुभएको नाम हौ त ? समाजले दिएको प्रतिष्ठा हौ त ? एक पल्ट गहिरिएर सोचौं त ? हामीभित्रको हामीले हामीलाई के भन्छ ? हामीले माया गरेर सम्हालेको शरीर के हाम्रो हो त ? यदि हो भने हामी किन मर्छौं ? किन हामीलाई मुर्दा र लाश भन्दै जलाउँछन् ? मर्ने हामी हौं भने जल्ने शरीर को हो ? एक पल्ट फेरी पनि सोचौं त ? यदि यो शरीर हाम्रो होइन भने हामी को हौं ? हामीले हामीलाई हाम्रो भनेको हामीभित्रको हाम्रो को हो त ? जबसम्म हामीले हाम्रो असली मुहारको पहिचान गर्न सक्दैनौ, चिन्न खोज्दैनौ, तबसम्म आफैले आफैलाई चिन्न सक्दैनौ। हाम्रो मुहार मान्छेपिच्छे बदलिरहन्छ। हामी जब आमाको काखमा हुन्छौं, हाम्रो मुहार बात्सल्यले भरिएको हुन्छ। जब संसारतिर दौडिन्छौं, हाम्रो मुहार रिस, राग, क्रोध अझ भनौं पलपलमा हाम्रो मुहार बदलिरहन्छ। मनभित्र हजारौं कुरा भएपनि बाहिर हामी मुस्कान छर्छौं। रोदन भित्रको मुस्कान, रिस भित्रको मुस्कान, घृणा भित्रको मुस्कान, मायाभित्रको मुस्कान हाम्रा मुस्कानहरु धेरै थरीका हुन्छन्। हाम्रो मुहारले त्यसलाई झल्काइ रहेको हुन्छ। यसैले हामी कहिल्यै पनि आफ्नो मौलिक मुहारमा बस्दैनौं, बस्न सक्दैनौं। परिवर्तन हाम्रो जीवनको एउटा नौलो आयाम बनेको छ। यो एउटा अवचेतन मनको बानी पनि हो। यो एक किसिमको राजनीति पनि हो। समाजको प्रतिष्ठाको लागि हामी आफ्नो मौलिक मुहार चाहेर पनि अगाडि ल्याउन सक्दैनौं। न हामी खुलेर हाँस्न सक्छौ। न हामी मनभरी रुन सक्छौ। कति विवश छौ हामी, कति दयनीय छौ हामी ? तर यो विवशता के का लागि ? यो दयनीयता के का लागि ? एकफेरा मनन गरौं त ?

**मौलिक मुहार पहिचान कसरी गर्ने ?**

मौलिकताको पहिचान गर्न गाह्रो छैन, केवल साक्षी भावमा बस्नु पर्छ। जति हामी आफूलाई आफूभित्रै अध्ययन गर्छौं, त्यति नै साक्षी भाव हामीमा आउन थाल्छ। अनि त्यो साक्षी भावले हाम्रो मौलिकताको पहिचान दिन्छ। यहाँ पहिचानको लागि म को हुँ ? भन्ने 'म' को भाव त्याग्नुपर्छ। म अर्थात् अहम्को भाव त्याग्न हामीले ध्यानको मार्ग पहिल्याउनु पर्छ। साक्षी भाव हामीले हेर्ने ऐना जस्तो हुन्छ। हाम्रो अनुहार जसरी ऐनाले जस्ताको तस्तै देखाउँछ, त्यस्तै साक्षीभावले हाम्रो मौलिकतालाई जस्ताको तस्तै देखाइदिन्छ। साक्षी भाव स्वीकार भाव पनि हो।

**साक्षी भावमा जाने विधि**

साक्षी भावमा जान सजिलो छैन तर गाह्रो पनि छैन। दृढ संकल्पको माध्यमबाट हामी साक्षी भावमा जान सक्छौं। साक्षी भाव भन्नुको तात्पर्य आफूले आफैलाई हेर्नु हो। मनले के गरिरहेको छ, के सोचिरहेको छ ? त्यसलाई टाढै बसेर हेरिरहनु हो। मनमा विचार कसरी आइरहेको छ ? त्यसलाई आफूले हेरिरहनु हो। मनले के सोचिरहेको छ, त्यसलाई हेर्नु हो। आफू त्यसमा संलग्न हुनु होइन। यसरी हेर्दा हेर्दै हामी एक समय निर्विचार हुन पुग्छौं। साक्षी भावमा जान निम्न चार चरण पूरा गर्नुपर्दछ;

**थरिथरिका मुहार बनाउनु**

यसमा आफूलाई जस्तो जस्तो मन लाग्छ, त्यस्तै मुहार बनाउनु हो। रिसको मुहार, झगडालु मुहार, बच्चाको मुहार, बुढाको मुहार सबै बनाउँदै त्यस्तै त्यस्तै भाव मुहारमा ल्याउनु पर्दछ। मुहार बनाउँदा म के बनाइरहेको छु, त्यसलाई आँखा चिम्लिएर मनन गर्नुपर्दछ। आफूले बितेका जीवनमा भोगेका सुख दुःख, वर्तमानमा पाएका पीडा आफूभित्र समेटेर, जुन मुहार बनाउन मन लाग्छ, त्यो बनाउनु पर्दछ। यो कम्तीमा पनि १० मिनेट गर्नुपर्छ

**सिंहको जस्तो गर्जन गर्नु**

चार पाँच पटकसम्म ठूलो स्वरले सिंहले गर्जेको जस्तो गर्जिने। यसले हामीभित्रको रिसलाई बाहिर निकाल्छ। शरीरलाई थकाएर उर्जावान बनाउछ।

**जिब्रिक गर्नु**

सकेसम्म उभिएर ता तुउ ल हि नु आदि जे मनमा आउँछ, उच्चारण गर्नुपर्छ। यो कम्तिमा पनि १० मिनेट गर्नुपर्छ। जब हामी जिब्रिक गर्न थाल्छौ, हामीभित्र लुकेर रहेका भावहरु यसमा आउँछन्। अनि आफ्से आफ हामीले नजानेका शब्द आउन थाल्छ। यसले हामी भित्रका कुण्ठा बाहिर निकाल्छ।

**बन्द आँखाले आफूलाई हेर्नु**

मौलिक मुहार पहिचान गर्ने यो अन्तिम चरण हो। यसमा बसेर आँखा बन्द गरी आफू भित्रको उर्जालाई हेर्ने। हेर्दा हेर्दै आफू त्यसैमा विलिन होइन्छ, शुन्यमा हराइन्छ। त्यही नै हाम्रो मौलिक मुहार हो। किनकि यसमा मैत्री भाव जाग्छ, जुन भाव हाम्रो लागि अबाञ्छनीय छ। स्वामी चैतन्य कीर्तिजीले गराउनु भएको यो सबै प्रक्रिया गर्न करीब चालीस मिनेट लाग्छ। एक दिनमा हामी आफूलाई चालीस मिनेटको समय खर्चियौ भने आफू भित्रको मौलिकता पहिचान गर्न सक्छौं। यसबाट हामीमा धेरै सकारात्मक परिवर्तन आउँछ। बाँच्न त जसरी पनि बाँचिन्छ तर आनन्द जीवन बाँच्नु पो बाँच्नु हो। यसैले दिनमा एक पल्ट आफूतिर फर्कौं। आफ्नो मौलिक मुहार आफैले पहिचान गरौं। आनन्द, शान्ति र मैत्री भावले बाँचौ।

## पुत्रमोह....

लालकिशोर साहलाई मोटो रकम लिएर उम्मेदवार बनाए पनि स्वतन्त्र उम्मेदवार मनोज साहसँग पराजय भएको समाचार स्रोतले दाबी गरेको छ ।

सिराहाको नगरपालिकामा शुभलाभ लिएर उम्मेदवार बनाइएका अशेश्वर यादवले पनि खुट्टा टेक्न सकेनन् । मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतकी श्रीमती, लालबाबु राउतका पि.ए. दीपक यादव र उपेन्द्र यादवको खजाञ्ची पशुपति यादवलाई जनताले धूलो चटाइदिएका छन् । यसरी पुत्रमोह र द्रव्यमोहमा लागेका अध्यक्ष यादव विक्षिप्त भएर एमाले अध्यक्ष खड्गप्रसाद ओलीको शरणमा पुगेको जानकारहरुले बताएका छन् । आगामी जेठ १५ गते हुने बजेट भाषणपछि मन्त्रिमण्डल हेरफेर हुने चर्चा चलेको छ । नेकपा अध्यक्ष ओलीले गठबन्धनबाट जसपालाई अलग्याउने रणनीतिमा जुटेको भित्रि रहस्य थाहा पाएपछि काँग्रेस नेता मीनेन्द्र रिजालले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई जेठ ११ गते भेटेका छन् । ओली-यादव र नेपाल-रिजालको भेटलाई अर्थपूर्ण रुपमा हेरिएको छ । कुनै दुर्घटना नभए मन्त्रिमण्डल हेरफेरमा जसपाबाट रेणुकुमारी यादव र महिन्द्र यादव तथा नेकपा एसबाट रामकुमारी झाँक्री र विरोध खतिवडा बाहिरिने समाचार स्रोतले बताएको छ ।

## भौतिक....

सिलसिलामा चुरीफुरी गर्दा र मन्त्री उमाकान्त चौधरीलाई खुसी पार्न नसक्दा सरुवा भएको चर्चा चलेको छ । २०८० श्रावणमा अनिवार्य अवकाश हुने श्रेष्ठले ऊर्जामा छिरेर भौतिक मन्त्रालयजस्तै दुर्गन्धित पार्ने र मोटो रकम हात पार्ने सपना देखेका छन् ।

उता, सडक विभागको महानिर्देशक र मन्त्रालयको बैदेशिक महाशाखामा बसेर राम्रो अनुभव प्राप्त गरेको सिग्देललाई अरुले लगाएको बाली स्याहार्ने भाग्यमानी सचिव भनिएको छ । सचिव सिग्देल सहरी विकास र खानेपानी मन्त्रालय नगई भौतिकमा नै सरुवा हुने अडान लिएर बसेका थिए । सचिव सिग्देलले अब सडक विभागको नेतृत्वदेखि अस्तव्यस्त सडकको अवस्थालाई कसरी अगाडि बढाउँछन् भन्ने सर्वत्र चर्चा चलेको छ । निर्माण व्यवसायीहरुको कामचोर प्रवृत्ति र सडकका सिडिइ र इन्जिनियरहरुको कमिसनमोह तथा तर मार्ने प्रवृत्तिमा सुधार ल्याउन सके सचिव सिग्देल सफल मानिन्छन्, नत्र उनलाई पनि नानाथरी आरोप लाग्ने भुक्तभोगीहरुले बताएका छन् । कर्मचारीहरुको सरुवामा पारदर्शिता अपनाई 'दूधको दूध, पानीको पानी' गरे सिग्देल प्रशंसाको पात्र बन्नेछन् भन्ने पनि चर्चा छ ।

## पर्यटन....

बनेका प्रदीप अधिकारीले आफूभन्दा अगाडिका महानिर्देशकहरु सबै भ्रष्ट र झोले भएकाले आफूले क्यानलाई फरक ढङ्गले चलाउने बताएका छन् । राष्ट्रिय गौरवको आयोजना भनिएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि आयोजना प्रमुख हुँदा 'लुटेको' रकम रु.१० करोड मन्त्री आले र सचिव महेश्वर न्यौपानेको पाउमा चढाएर डिजी बनेको आरोप अधिकारीमाथि लागेको छ । यस्ता व्यक्तिले क्यानको भ्रष्टाचार निर्मूल गर्छु भन्नु 'सूर्यलाई हत्केलाले छेक्नु' जस्तै हो भनी मन्त्रालयमा चर्चा चलेको छ । महानिर्देशक अधिकारीले एयरलाइन्सहरुले तिर्नुपर्ने पार्किङ गरेबापतको रकम उठाउन नसकेर रन्थनिएको अवस्थामा आफ्ना लागि असुली गर्नेबाहेक अरु सिन्को नभाँच्ने जानकारहरुले बताएका छन् । अधिकारीलाई पूर्वमहानिर्देशक राजकुमार क्षत्रीले सर्वोच्चमा रिट दायर गरेपछि जागिरको पिरले निदहराम भएको छ ।

## निधिले....

शून्यको अवस्थामा पुग्यो । काँग्रेस नेता गोपालमान श्रेष्ठको क्षेत्र मानिने स्याङ्जाको वालिङ नगरपालिका काँग्रेसको गढ भएर पनि सुरक्षित बन्न सकेन । यता, राष्ट्रिय राजनीतिबाट खुम्चिँदै जिल्लामा झरेका पूर्वउपसभापति विमलेन्द्र निधिले स्वतन्त्र उम्मेदवार मनोज साह सुडीलाई जनकपुर उमहानगरपालिकाको प्रमुखमा जिताएर धनुषाबाट नाक जोगाउन सफल भएका छन् । साहले एमालेका उम्मेदवारलाई पराजित गरेका थिए ।

काँग्रेसको १४ औं महाधिवेशनमा दोस्रो चरणमा सभापति देउवालाई समर्थन गरेका नेता प्रकाशमान सिंहकी श्रीमती सिर्जना सिंहले काठमाडौं महागनरपालिकाको प्रमुखमा टिकट पाएर चुनाव लड्दा दोस्रो स्थानमा रहेकी छिन् । श्रीमतीकै कारण नेता सिंहको राजनीति संकटमा परेको जानकारहरुले बताएका छन् । सिंह र निधि दुवैजनाले काँग्रेसको १४ औं महाधिवेशनमा देउवालाई समर्थन गरेका थिए । निधिले धनुषाबाट आगामी निर्वाचन जित्न सक्ने आँकलन गरिए पनि सिंहलाई काठमाडौं क्षेत्र नं.१ फलामको च्युरा बन्ने काँग्रेसीहरुको तर्क छ । आगामी संसदीय निर्वाचनमा पनि परिवारवादमा गए काँग्रेसलाई झड्का लाग्ने बताइएको छ । काँग्रेस नेतृत्वले बेलैमा यो कुरा सोचेर 'हाम्रालाई भन्दा राम्रालाई' टिकट दिनुपर्ने चर्चा चलेको छ ।

## जनतालाई....

बनाएर खुलेआम उपभोक्ताको ढाड सेक्ने काम गरिरहेको छ । महँगीले जनताको चुल्हो बल्न धौ-धौ परेको अवस्थामा ग्यासमा रु.दुई सय बढाएर एक हजार आठ सय पुऱ्याउँदा पनि अझै लाज पचाएर आठ सय पचास घाटा रहेको बताइएको छ ।

सरकारलाई निगमले बुझाउने पूर्वाधार कर, भन्सार शुल्कबापतको १५ रुपियाँ घटाउने हो भने उपभोक्तालाई राहत हुने निगमका जानकारहरुले बताएका छन् । मूल्य बढाउनुभन्दा कर घटाएर जनतालाई नदिने हो भने राजधानीबासी र विद्यार्थीहरु फिटीगुण्टा कसेर फर्किनुपर्ने अवस्था नआउला भन्न सकिन्न । जनताले स्थानीय निर्वाचनमा काँग्रेसलाई बहुमत दिएको उपहार सरकारले जनतालाई महँगी दिएका भनेर प्रतिपक्ष दल र विद्यार्थी संगठनहरुले सडक तताउन शुरु गरिसकेको अवस्थामा सरकारले तुरुन्त मूल्यवृद्धि फिर्ता गर्नुको विकल्प देखिँदैन ।

## स्वतन्त्र....

अनुरुप चल्ने छन्, शोषित, पीडित तथा अन्यायमा परेका आमजनताको हितमा काम गर्ने छन् भन्ने एउटा जबरजस्त विश्वास त्यतिखेरका हरेक आमजनतामा रहने गरेको थियो ।

अहिले आश्चर्यलाग्दो कुरा के छ भने प्रजातन्त्र/लोकतन्त्रप्राप्तिको तीन दशकपछि हाम्रो देशको जनमत पुन: एक पटक जनपक्षीय उम्मेदवारतर्फ ह्वातै मोडिएको छ । आमजनताले लोकतन्त्र समर्थक दलहरुले उठाएका उम्मेदवारहरुलाई बेवास्ता गर्दै स्वतन्त्र उम्मेदवारहरुलाई जिताउन थालेका छन् । उदाहरणका रुपमा धरान उपमहानगरबाट हर्क साम्पाङ, धनगढीबाट गोपाल हमाल, बर्दीबास न.पा. र जनकपुरबाट स्वतन्त्र उम्मेदवारले सानादार जित हासिल गरिसकेका छन् । काठमाडौं महानगरपालिकाबाट वालेन्द्र साहको जित सुनिश्चित बनिसकेको छ । यसको अतिरिक्त झापा क्षेत्र नम्बर ३ का माननीय राजेन्द्र लिङ्देनले नेतृत्व गरेको हिन्दू धर्म तथा राजा समर्थक दल राप्रपाप्रति जनलहर उत्तिकैसँग उर्लिएको अवस्था छ ।

यस्तो अवस्थामा, एउटा गम्भीर प्रश्न हामी सबैको मनमा उब्जिएको हुन सक्छ त्यो के भने, देश संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा परिणत भएको पनि १४ वर्ष पुगिसक्यो । देशको नयाँ संविधानले सबै मानिसलाई सम्मानपुर्वक बाँच्न पाउने हक प्रदान गरेको छ । सबै मानिस कानूनका दृष्टिले समान हुने भनिएको छ । कुनै पनि बहानामा राज्यले कसैलाई काखा र कसैलाई पाखा गरी भेदभाव गर्न पाउने छैन भनेर स्पष्टसँग उल्लेख गरिएको छ । कुनै पनि व्यक्तिलाई उसको वैयत्तिक स्वतन्त्रताबाट बन्चित गरिने छैन भनिएको छ । प्रत्येक नागरिकलाई रोजगार लयायत नि:शुल्क स्वास्थ्य, शिक्षाको ग्यारेन्टी गरेको छ । हाम्रो देशको अहिलेको संविधानमा एउटा आमनागरिकले सोचेको खोजेको यस्ता तमाम् कुराहरु उल्लेख गरिएका छन् । हाम्रो संविधान साँच्चिकै उत्कृष्ट छ तर पनि किन एकाएक देशमा यस्तो परिस्थितिको सिर्जना हुन पुग्यो ?

एक पंक्तिमा यसको सटिक उत्तर के हुन सक्छ भने "संविधामा उल्लेख गरिएका कुराहरुलाई आमजनताले व्यावहारिक रूपमा अनुभव गर्न नपाउनु ।" यसलाई थोरै विस्तृत रुपमा भन्ने हो भने हाम्रो देशमा स्थापित ठूला-ठूला राजनीतिक दलका नेताहरुको आमजनताप्रतिको गैरजिम्मेवार चरित्र, आचरण नै हो । उनीहरु आमजनताका न्यूनतम आवश्यकता र चासोप्रति उत्तरदायी बन्न नसक्नु । देश र आमजनताको हितमा भन्दा पनि आफ्नो परिवार, नातेदारहरुको हितमा धेरै केन्द्रित हुनु । आमजनताका दु:ख पीडाहरुलाई जान्नबुझ्न इच्छुक नहुनु । आमजनताप्रति एउटा अपनत्वको भाव दर्शाउन नसक्नु । पैसा र शक्तिलाई नै सर्वोपरी मानेर आमजनताका भावनाहरुलाई निर्मम बनेर कुल्चनु । भ्रष्ट तथा कमिसनखोरहरुको चङ्गुलबाट बाहिर निस्कन नसक्नु अर्थात् भ्रष्ट तथा कमिसनखोरहरुको पक्षपोषण गर्नु आदि ।

यस्तै बिषयमा केही दिन पहिला यो पङ्तिकारलाई आफू पढे बढेको गाउँ झापा, गोलधापका एकजना प्रगतिशील विचार राख्ने साथीसँग टेलिफोनमा कुरा गर्ने मौका मिलेको थियो । कुरैकुरामा 'हैन तपाईंको हल्दिवारीमा त दुई हजार भन्दा पनि धेरै मतान्तरले राप्रपाका रविन्द्र लिङ्देनले प्रमुख पदमा जित्लान् जस्तो देखिँदै छ, यो के भैरहेको छ ?' भनेर गरेको प्रश्नको उत्तरमा ती साथीको जवाफ थियो "हिजो मण्डले भनिनेहरुको आचरण आज कम्युनिष्टहरुको जस्तो भएको छ र आजका कम्युनिष्टहरुको आचरण हिजोका मण्डलेहरुको जस्तो बनेको छ ।" यसले के स्पस्ट पार्छ भने हामीले परिवर्तन त ल्यायौं तर हामी भित्रको निष्ठा, इमान्दारिता र सत्यलाई भने कायम राख्न सकेनौं । परिवर्तनसँगै परिवर्तनकारी भित्रको सादगी र सरलतालाई उन्माद र अहंकारले ध्वस्त र भ्रष्ट पारिदियो ।

खैर, स्वतन्त्र अर्थात् जनपक्षीय उम्मेदवारका रूपमा उठेर जो जसले विजयप्राप्त गरिरहेका छन्, उनीहरूले अन्य जनप्रतिनिधिहरुको तुलनमा आ-आफ्नो ठाउँबाट पक्कै पनि केही फरक ढङ्गले राम्रो काम गरेर देखाउने सक्दो कोशिस गर्ने छन् । यो सँगसँगै उनीहरुले अहिलेसम्म हुँदै आएका भ्रष्टाचार, अनियमितता लगायतका जनविरोधी कामहरूको जनता सामु पर्दाफास पनि गर्ने छन् । भोलि गएर यसले आगामी चुनाव तथा देशको राष्ट्रिय राजनीतिमा नै एउटा अलग्गै परम्पराको थालनी गर्न नसक्ला भनेर भन्ने अवस्था अब रहेन । आगामी दिनहरूमा यो कुरा अहिलेका स्थापित ठूला राजनीतिक दलहरुका लागि निक्कै नै चुनौतीपूर्ण बन्ने पक्का छ ।

(dhakalrp@gmail.com)

## सरकारी....

लान खोज्नेहरु पनि कानूनको दायरामा आउँछन् । यसो गर्दा राज्यले राजस्व पाउने, सरकारी सम्पत्ति पनि दुरुपयोग नहुने । कानूनमा उल्लेख भएअनुसार सरकारी कार्यालय र मठमन्दिर अगाडि अग्ला घर बनाउन नपाइने भनिएको छ । सरकारी कार्यालय र मठमन्दिरलाई ओझेलमा पारेर भवन निर्माण गर्न पाइँदैन् । प्रमुख र वडाध्यक्षले पैसा खाएर सरकारको नियमलाई धोती लगाइदिए । पछिल्लो समय सरकारी कार्यालय र मठमन्दिरको वरपर अग्ला घर बनेको देख्न सकिन्छ ।

यसको नक्सा पास गर्ने त यही जनप्रतिनिधिहरु नै हुन् । आर्थिकमा लुप्त भएका जनप्रतिनिधिहरुको कारणले सरकारी कार्यालय र मठमन्दिरमाथि गम्भीर असर पर्नसक्छ । मन्दिरको छेउमा घर बनाउनेले त्यही मन्दिरको जग्गा मिचेर घर बनाएको छन् । जसले गर्दा मठमन्दिर साँघुरिदै गएको छ ।

सरकारी कार्यालयमा पनि केही भिन्नता पाइँदैन । सरकारी जग्गाको वरपर घर बनाउँछन् । अनि सरकारी जग्गा नै मिचिदिन्छन् । मठमन्दिर र सरकारी कार्यालय वरपर बनेका घरहरुलाई सम्पूर्णको प्रमाणपत्र दिनुहुन्न । साथै, यस्ता घरहरु किनबेचमा प्रतिबन्ध लगाउनुपर्छ । सो घर भत्किसकेपछि त्यहाँ अर्को घर बनाउनमा रोक लगाउनुपर्छ । शहरी विकास मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनले सरकारी कार्यालय र मठमन्दिर वरपर घर बनाउन दिनुहुन्न । फितलो ऐनकानूनको कारणले अहिले अधिकांशले सरकारी जग्गा मिचेर घर बनाएको पाइन्छ ।

एकदुई आनामा बनाइएको घर सबै धरहरा जत्रा छन् । यसमा रोक लगाउन सरकारे अब नयाँ ऐनकानूनको विकास गर्नुपर्छ । कति जग्गामा घर बनाउने, त्यो पनि कति तला यसबारे सरकारले निर्क्यौल गर्न जरुरी देखिन्छ । सरकारको लापरबाहीले मन्दिरमा आएको दानदक्षिणा सबै व्यक्तिको खल्तीमा पुगेको छ । सम्बन्धित निकायले चासो नदिँदा अधिकांश मन्दिर जीर्ण हुँदै गएका छन् । कतिपय मठमन्दिरलाई टेकोले अड्डाएर राखिएको देख्न सकिन्छ । पछिल्लो सरकारले एउटा पनि मठमन्दिर बनाएको छैन । बरु मासिरहेको छ । जति पनि मन्दिर नेपालमा त्यो सबै राजाको पालाको हो ।

मठमन्दिर नेपालको शान हो । यही मठमन्दिरकै कारणले नेपाल विश्वमा प्रसिद्ध छ । तर, उचित हेरचाह नहुँदा मठमन्दिर सबै जीर्ण भइसकेका छन् । सरकारी गाडी किन्न बजेट हुने हाम्रो सरकारबाट मठमन्दिर निर्माण गर्न बजेट छैन । नयाँ मठमन्दिर निर्माण गर्नतर्फ सरकारको ध्यान पनि गएको छैन । विकासको नाम दिँदै सरकारले विनासबाहेक अरु केही गरेन । सरकारी जग्गा सबै व्यक्तिले लगि हाले । बाँकी भएको सरकारी जग्गा सबै सडक र पुल भन्दै सिद्धिइहाल्यो । भएको मठमन्दिर जोगाउन पनि नेपाल सरकार असफल रह्यो । नेपालीको आस्थामा नेपाल सरकारले ठेस पुऱ्याएको छ ।

जुन मुलुकमा सबैभन्दा धेरै हिन्दु धर्मावलम्बी छन् त्यहाँकै मठमन्दिरको स्थिति यस्तो छ । २०७४ सालको चुनावमा धेरै यस्ता जनप्रतिनिधि आए जो धर्मकर्म मान्दैनन् । आफू धर्मकर्म नमान्ने बताउदै उनीहरुले मठमन्दिरको रेखदेख गरेनन् । थप मठमन्दिरको निर्माण गर्न नसके पनि भएकाको रेखदेख गर्नु उनीहरुको दायित्व थियो । उनीहरुले यसो गर्न चाहेनन् । अहिले बनेका घरहरुमा पूजाकोठा बनाइएको हुन्छ । त्यो मन्दिर त उनीहरुको निजी हुन्छ । त्यहाँ गएर अरुले त पूजाआजा गर्न मिलेन । व्यक्तिगत स्वार्थ पूरा बनाइएको निजी मठमन्दिरका कारण पनि सार्वजनिक मठमन्दिर मासिए ।

घरमा बनाउनको साटो सार्वजनिकलाई नै मर्मत गरेको भए सबैले पूजा गर्न पाउथे । मुलुकको शान बनिरहन्थ्यो । अहिलेको मानिसमा मानवीय भावनाको कमी छ । मर्दा र पर्दा मानिसलाई तीन चीज अनिवार्य चाहिन्छ । वरपिपल, वास र पाती नभइकन हुँदैन । अहिले वरपिपलको बोट भेट्नै मुस्किल छ ।

वरपिपल भएको ठाउँमा अहिले घर बनिसकेको छ । बास भनेको के हो ? अहिलेको मानिसलाई थाहा छैन । हाम्रो पुर्खाले मान्दै आएको चलनहरु सबै हराउँदै गयो । पहिलेका मानिसहरु सार्वजनिक काममा रमाउँथे । अलिकति पैसा भए उनीहरुले चौतारा, पाटीपौवा, विद्यालय, ढुंगेधारा बनाउने काम गर्थे ।

अहिलेका मानिसहरु विदेश बसेर, व्यापार व्यवसाय गरेर टन्न कमाउँछन् । उनीहरुको एउटै सोच पैसा कमाइसकेपछि गाडी किन्ने, घर बनाउने, देशविदेश घुम्ने र महंगा रेस्टुरेन्टमा गएर खाने । उनीहरुले आफ्नो व्यक्तिगत फाइदा मात्र हेर्छन् । अरुलाई हित हुने काममा उनीहरुलाई केही चासो छैन । तीन दशक अघिसम्म ठाउँठाउँमा वरपिपलको रुख प्रशस्तै थिए । ढुंगेधारा, आल, पोखरी, चौतारा, मठमन्दिर पनि धेरै थिए । बाटो हिंड्नेलाई बस्न सजिलो होस् भनेर पाटीपौवाको व्यवस्था गरिदिन्थे । बाटो नभएको ठाउँमा बाटो खन्ने, आफ्नो वरपर सफा गर्ने उनीहरु आफैं गर्थे । धर्मकर्ममा उनीहरुको विश्वास छुट्टै थियो ।

अहिलेका मानिस फुर्सद भयो भने बरु दिनभर सुतेर बस्छन् तर आफ्नो घर वरपर सफा गर्दैनन् । पछिल्लो समय बढ्दो प्रचलन घर बनाउने, कुकुर पाल्ने, माग्ने मान्छे आए भने नदेखेजसो गर्ने । समाज र सामाजिक कामप्रति आफ्नो केही दायित्व छैन जस्तो गर्छन् उनीहरु । यसो हुनुमा सरकारको पनि दोषी छ । सरकारले बेलैमा ऐनकानून बनाएर सरकारी सम्पत्ति जोगाउन नसक्दा सबैतिर घरैघर बने । पुर्खाले साँचेको सम्पत्ति पनि सबै सिद्धियो ।

## निर्वाचनमा....

कांग्रेस र माओवादी केन्द्रका बीच भएको गठबन्धन अलि बढी रुपमा प्रभावकारी देखिएको पाइयो । यसैगरी एकीकृत समाजवादीले भने अपेक्षाकृत रुपमा जनमत देखाउन सकेन । यो दलको खासै जनमत नभएका कारण यो दललाई दिइएको स्थानमा समेत यो दलका उम्मेदवारहरुले नतिजा आफ्नो पक्षमा खासै रुपमा पार्न सकेनन् । उनीहरुको आफ्नो खासै जनमत नभएको अवस्थामा कांग्रेस वा माओवादी केन्द्रका तर्फबाट मात्र उनीहरुका लागि मत खसाइदिनु पर्ने जस्तो अवस्था देखिएका कारण उक्त दलले अपेक्षा गरे अनुसारको निर्वाचन परिणाम आफ्नो पक्षमा पार्न नसकेको बताइएको छ ।

यसरी हेर्दा यस पटकको निर्वाचनमा गठबन्धन गरी निर्वाचनमा होमिने संस्कार बढेर आएको पाइयो । यस कार्यमा कुनै पनि दल अछुतो देखिएनन् । यसरी दलहरुले गठबन्धन गर्दा तथा निर्वाचन आयोगले जिल्लामा दर्ता भएका सबै दलको चुनाव चिन्ह मतदानपत्रमा समावेश गर्दा त्यसले आम मतदातालाई समस्या पारिदियो । आयोगले उम्मेदवारी नै नपरेका दल तथा चिन्ह शुरुमै मतदानपत्रमा राखी प्रकाशन गर्ने कार्य गरेका कारण त्यसले मतदातालाई मतदान गर्न नै समस्यामा पारिदियो ।

आयोगले समय भन्दा पहिले नै मतपत्र छापेर बस्ने कार्य गरेको थियो । यसैगरी महानगरपालिका र भक्तपुर जिल्लाको मतपत्रमा उम्मेदवारहरुमा मात्र चिन्ह राख्ने भनी आयोगले जानकारी दिए विपरित पुरानै ढाँचामा मतपत्र छापेको थियो । एमालेको प्रभाव तथा दबाबमा परी आयोगले आफ्नो निर्णय त्यागी एमालेको निर्देशन बमोजिम मतपत्र छपाइ गर्दा त्यसले आमजनतालाई मतदान गर्न समस्या पारिदियो ।

ठूलो आकारको मतपत्र तथा अनावश्यक चिन्हहरु समावेश भएका कारण मतदान गर्न समस्या परेको थियो । यसैगरी विभिन्न दलहरुले गठबन्धन गरेका कारण पनि मतदान गर्दा विभिन्न चिन्ह छान्न मतदातालाई समस्या परेको थियो । आयोगको यो त्रुटीका कारण ४० प्रतिशतको हाराहारीमा मत बदर हुन पुगे । जनताले लाम लागेर गरेको मतदान बदर हुनु भनेको लज्जास्पद कार्य हो । यसले गर्दा एउटा जनमत आउनु पर्नेमा कतिपय स्थानका अर्को जनमत समेत आएको पाइएको छ ।

यो निर्वाचनबाट कांग्रेसले आफूलाई सबैभन्दा ठूलो दलको रुपमा स्थापित गर्न सफल भएको छ । कांग्रेसले २०४९ सालको स्थानीय निर्वाचनको जस्तै निर्वाचन परिणाम हासिल गर्न सफल भएको छ । कांग्रेसले यस निर्वाचनमा समग्रमा आठ प्रतिशत लोकप्रीय मत बढाएको कांग्रेसका महामन्त्री गगनकुमार थापाले जानकारी दिएका छन् । यसैगरी एमालेको लोकप्रीय मतमा छ प्रतिशतले कमी आएको बताइएको छ ।

यस पटकको निर्वाचनमा दलहरुका बीचमा जे जस्तो प्रतिस्पर्धा भए पनि स्वतन्त्र उम्मेदवारहरुका कारण माहौल नै अर्को बन्न पुगेको पाइयो । खासगरी काठमाडौं महानगरपालिकामा स्वतन्त्र रुपमा उम्मेदवारी दिएका वालेन्द्र साह (वालेन) निर्वाचित हुने अवस्था आउनुले दलहरुलाई झस्काउने कार्य गरेको छ । दलीय प्रतिस्पर्धामा रहेका दलहरुको भन्दा दोब्बर मतका साथ उनी निर्वाचित हुने अवस्था बन्न पुग्यो । यसले काठमाडौंका जनताको परिवर्तनको पक्षमा मत रहेको देखियो । यस्तै अवस्था धरान उपमहानगरपालिकामा पनि देखियो । धरानमा दलहरुलाई पछि पार्दै हर्कराज साम्पाङ प्रमुखमा निर्वाचित भए । यस्तै अवस्था जनकपुरधाम र धनगढी उपमहानगरपालिकामा समेत देखियो । त्यहाँ पनि स्वतन्त्रले नै निर्वाचित हुने अवसर पाए ।

यसैगरी बर्दीबास नगरपालिका लगायतका सात पालिकाको प्रमुखमा स्वतन्त्रहरु निर्वाचित हुन पुगेका छन् । कतिपय स्थानमा स्वतन्त्र उम्मेदवारहरुले कडा चुनौती दिन पुगे । दलहरुको छनौटमा नपरेका तर जनताको रोजाइमा परेका स्वतन्त्र उम्मेदवारहरुले समेत आफ्नो हैसियत देखाउने अवसर पाए ।

यस पटकको निर्वाचन परिणामलाई लिएर सबैभन्दा ठूलो धक्का एमालेलाई लागेको छ । निर्वाचनअघि आफ्नो दल सबैभन्दा ठूलो दल बन्नेमात्र होइन कि माओवादी केन्द्र र एकीकृत समाजवादी हैसियतविहीन बन्न पुग्ने भनी धाक देखाउने कार्य एमालेले गरेको थियो । एमालेको धाक विपरित ती दलले पनि उल्लेख्य हैसियत देखाएका छन् । पोखरा महानगरपालिकामा एकीकृत समाजवादीका उम्मेदवार गठबन्धनको साझा उम्मेदवारका रुपमा प्रमुखमा निर्वाचित हुन पुगे । यसैगरी हेटौंडा उपमहानगरपालिकामा पनि उक्त दलका तर्फबाट उम्मेदवार बनेकी मीना लामाले प्रमुखमा निर्वाचित हुने अवसर पाइन् ।

यसैगरी विभिन्न नगरपालिका तथा गाउँपालिकामा समेत एकीकृत समाजवादीले एमालेलाई धक्का दिन सफल भयो ।

एमालेले माओवादी केन्द्रलाई सिध्याउनका लागि हात धोएर लागेको अवस्थामा पनि भरतपुर महानगरपालिकामा माओवादी केन्द्रका प्रमुखका उम्मेदवारलाई जिताउन गठबन्धनका दलहरु सफल भए । एमालेले प्रतिष्ठाको रुपमा लिएको भरतपुर महानगरपालिकामा एमाले पहिलेको हैसियतभन्दा धेरै तल पुग्यो ।

यो निर्वाचनमा अन्तर्घातको सिकार दलहरु बने । एमालेका अध्यक्ष खड्गप्रसाद ओलीले आफ्नो दल हार्नुमा आन्तरिक अन्तर्घात प्रमुख कारकतत्वको रुपमा रहेको भनी सार्वजनिक रुपमा भनेका छन् । यसैगरी अन्य दलहरुले समेत यसको सामना गर्नु परेको देखिएको बताइएको छ ।

## काठमाडौं....

काठमाडौं महानगरपालिकाको प्रमुखमा मात्र उम्मेदवारी दिएर एक सय ५० मत ल्याउन सकेका छैनन् भने अरु स्वतन्त्र र दल गरी २७ जनाले शून्य मत ल्याएका छन् । निर्वाचन आयोगबाट प्राप्त परिणामअनुसार उन्नत लोकतान्त्रिक पार्टीका प्रेमसागर कर्माचार्य एक सय ४८, स्वतन्त्र सुशील थापा एक सय १७, नेपाल मजदुर किसान पार्टी ५२, नेपाली जनता दल ४०, बाबुराजा संगत स्वतन्त्र ४०, नेपा राष्ट्रिय पार्टी २८, मधुसूदन खड्का स्वतन्त्र २६, मङ्गोल नेशनल अर्गनाइजेसन २१, सुरेन्द्र बज्राचार्य स्वतन्त्र १९, आमूल परिवर्तन मसिहा पार्टी १७, नेपाली काँग्रेस (बी.पी.) १६, सचेत नेपाली पार्टी १५, विजय मानन्धर स्वतन्त्र १४, सूर्य थापा स्वतन्त्र ११, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च १० मत प्राप्त गरेको अवस्थामा छन् । यसैगरी चर्चामा रहेको र प्रचारप्रसार गरेको मौलिक जरोकिलो पार्टी (मनोजराज आचार्य) नौ, नेपा समावेशी पार्टी नौ र नीमकान्त पाण्डे (सम्पादक जनधारणा) ले आठ, नेकपा समाजवादी आठ र आधुनिक नेपाल समाजवादी पार्टीले आठ मत ल्याएर चित्त बुझाएका छन् ।

आफ्नो हैसियत नै यस्ता दलहरुका कारण निर्वाचन झन्झटिलो भएको जानकारहरुले बताएका छन् । अबको निर्वाचनमा धरौटी रकम बढाउनुपर्ने र थ्रेसहोल्ड तीन प्रतिशत बनाउनुपर्ने राजनीतिक वृत्तमा चर्चा चलेको छ ।

## भक्तपुर....

५० मतसहित प्रमुखमा निर्वाचित भएका हुन् । यसैगरी वडा नं.१ को वडाध्यक्षमा कांग्रेसका सिजन कार्की, २ मा कांग्रेसका सोमप्रसाद प्रधान, ३ मा एमालेका श्यामसुन्दर धिमाल र ४ मा एमालेका रोजबहादुर तामाङ निर्वाचित भए । वडा नं.५ को वडाध्यक्षमा कांग्रेसका जयन्द्र खड्का, ६ मा राप्रपाका धनबहादुर लामा, ७ मा राप्रपाका श्यामकृष्ण नयाँजु, ८ मा कांग्रेसका जनक खत्री र ९ मा नेमकिपाका गणेश त्यात निर्वाचित भए । उता, नेमकिपाको गढ साबित भएको भक्तपुरको प्रमुखमा नेमकिपाका सुनिल प्रजापति २९ हजार दुई सय ५२ मतसहित निर्वाचित भए । उप-प्रमुखमा सोही दलकी रजनी जोशीले २९ हजार सात सय ५९ मतसहित निर्वाचित भइन् । यस्तै, सोही दलबाट वडा नं.१ को वडाध्यक्षमा श्यामकृष्ण खत्री, २ मा हरिप्रसाद बासुकला, ३ मा राजकृष्ण गोरा, ४ मा उपेन्द्र सुवाल, ५ मा योगेन्द्रमान बिजुक्छे निर्वाचित भए । यस्तै वडा नं. ६ मा हरिराम सुवाल, ७ मा उकेश कवां, ८ मा कृष्णप्रसाद कोजु, ९ मा रविन्द्र ज्याख्व र १० मा लक्ष्मीप्रसाद हयौमिखा निर्वाचित भए । कांग्रेसले आफ्नो वर्चश्व कायम गरेको मध्यपुर थिमीको प्रमुखमा सुरेन्द्र श्रेष्ठ १५ हजार ९८ मतसहित निर्वाचित भए । उप-प्रमुखमा माओवादी केन्द्रका विजयकृष्ण श्रेष्ठ १२ हजार एक सय दुई मतसहित कांग्रेससँगको गठबन्धनबाट निर्वाचित भए । यसैगरी वडा नं. १ को वडाध्यक्षमा कांग्रेसका बाबुकाजी डंगोल, २ मा कांग्रेसका श्रीकृष्ण श्रेष्ठ, ३ मा कांग्रेसका कृष्णहरि आचार्य, ४ मा एमालेका बालकृष्ण श्रेष्ठ, ५ मा कांग्रेसका बालकृष्ण श्रेष्ठ निर्वाचित भएका छन् । वडा नं.६ मा कांग्रेसका ज्ञानदास प्रजापति, ७ मा एमालेका कृष्णकुमार प्रजापति, ८ मा नेमकिपाका रमेश थापा श्रेष्ठ र ९ मा कांग्रेसका सानुकाजी राजवाहक वडाध्यक्षमा निर्वाचित भए ।

उता, एमालेले प्रमुख र उपप्रमुख जित्न सफल भएको सूर्यविनायकको प्रमुखमा एमालेका बासुदेव थापा १४ हजार सात सय ५८ मतसहित निर्वाचित भए । उपप्रमुखमा एमालेकी सरिता भट्टराई १४ हजार चार सय ९० मतसहित निर्वाचित भइन् । यसैगरी वडा नं.१ को वडाध्यक्षमा एमालेका सानुकाजी कायष्ठ, २ मा कांग्रेसका प्रदीप कार्की, ३ मा कांग्रेसका दीपेन्द्र के.सी., ४ मा कांग्रेसका लछुराम न्यौपाने, ५ मा एमालेका राजकुमार जोशी निर्वाचित भए । वडा नं.६ को वडाध्यक्षमा कांग्रेसका ईश्वर खड्का, ७ मा एमालेका रविन्द्र सापकोटा, ८ मा एमालेका पुष्पराज बस्नेत, ९ मा कांग्रेसका भगवान खत्री र १० मा एमालेका शिवराम राउत निर्वाचित भए ।

चट्याङको समयमा सतर्क रहौं

चट्याङबाट बच्ने उपाय

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार

विज्ञापन बोर्ड

Chief-Editor/Publisher : Koushal K. Bhattarai, Editor : Krishna Lamsal, Executive Editor : Piamani Bhattarai, Legal Advisor : Advocate Hari Sharan Jamakatel, Advisor : Tika Yogi
Main Office : Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu, Phone :- 977-1-4267064, Email : nayabimarsha@gmail.com, Press :- Dhimle Offset Press, Kathmandu .